# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०७९/८०)





नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग
पुस २०८०

# भूमीका

नेपाल राष्ट्र बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा नियमित अध्ययन गरी नीति निर्माण गर्ने कार्य गर्दछ। बैंकले नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रबाट आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना एवं तथ्याङ्क संकलन गरी सोको प्रशोधन तथा विश्लेषण गरी अध्ययन कार्य गर्ने गरेको छ। वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको विश्लेषणमार्फत् मौद्रिक एवं वित्तीय नीतिको तर्जुमा, कार्यान्वयन र समीक्षा गर्नुपर्ने भएकाले बैंकले आर्थिक अनुसन्धान विभाग तथा प्रदेशस्थित कार्यालयहरुमार्फत् वार्षिक तथा अर्धवार्षिक रुपमा आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

समयमै प्राप्त हुने विश्वसनीय तथ्याङ्क तथा सूचना नै आर्थिक गतिविधि विश्लेषण तथा प्रक्षेपणका मूल आधार हुन्। आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक अवस्थाको जानकारी भई आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दछ। साथै, तथ्याङ्क तथा सूचनाको माध्यमबाट अर्थतन्त्रका विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावमार्फत् सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा नेपाल राष्ट्र बैंकले सहयोग पुऱ्याउँदै आएको छ।

संघीय संरचना कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुप परिवर्तन भई तीन तहको सरकार रहने संवैधानिक व्यवस्थाबमोजिम प्रादेशिक संरचनाअनुसार आर्थिक गतिविधि अध्ययन गर्ने गरिएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) मा व्यवस्था भएबमोजिम नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयबाट प्राप्त प्रतिवेदन, स्थलगत सर्वेक्षण, सरोकारवालासँगको अन्तरक्रिया र विभिन्न स्रोतबाट संकलन गरिएको द्वितीय तथ्याङ्कका आधारमा देशका सम्पूर्ण जिल्ला समेटी यो एकीकृत प्रतिवेदन तयार पारिएको छ। एकिकृत प्रतिवेदन प्रकाशनगर्नु पूर्वनै प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ। संघीय संरचनाको परिवेशमा पर्याप्त तथ्याङ्क लक्षित समयमा उपलब्ध हुन नसकिरहेको कारण यस अध्ययन प्रतिवेदनका केही सीमाहरु रहेका छन्।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउने सरकारी कार्यालयहरु, निजी क्षेत्रका संस्थाहरु तथा तथ्याङ्क संकलन गर्न सहयोग पुऱ्याउनु हुने यस बैंकका प्रदेशस्थित कार्यालयप्रति आभार प्रकट गर्दछु। यस प्रतिवेदन तयार पार्न संयोजन गर्नुहुने निर्देशक श्री नारायण प्रसाद पोखेललाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकद्वय श्री सजना शिल्पकार र श्री जय नारायण प्रधान, सहायक निर्देशकहरु श्री सविन थापा, श्री निरज घिमिरे, श्री रोशन सेढाई, श्री कुशल ढकाल र श्री शिखा पोखेल तथा कम्प्युटर अधिकृत श्री राम कुमार थापालाई धन्यवाद दिन चाहन्छु।

**डा. प्रकाश कुमार श्रेष्ठ**
कार्यकारी निर्देशक

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| सारांश | | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | | १ |
| **परिच्छेद २ :** | **अन्तर्राष्ट्रिय आर्थिक स्थिति** | | ३ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | | ७–२१ |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ | कृषि उत्पादन | ८ |
| | ३.३ | पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | १० |
| | ३.४ | सिँचाइ | १२ |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | १३ |
| | ३.६ | सहुलियतपूर्ण कृषि कर्जा | १४ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | | २२–२९ |
| | ४.१ | उद्योगको विवरण | २२ |
| | ४.२ | उद्योगको क्षमता उपयोग र उत्पादन | २३ |
| | ४.३ | क्षेत्रगत औद्योगिक कर्जा | २४ |
| | ४.४ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २५ |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | | ३०–४४ |
| | ५.१ | पर्यटन | ३० |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | ३१ |
| | ५.३ | वित्तीय सेवा | ३२ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | ३४ |
| | ५.५ | यातायात तथा सञ्चार | ३५ |
| | ५.६ | सहुलियतपूर्ण कर्जा | ३६ |
| | ५.७ | विपन्न वर्ग कर्जा | ३६ |
| | ५.८ | पुनरकर्जा | ३७ |
| | ५.९ | सहकारी क्षेत्र | ३७ |
| | ५.१० | शिक्षा | ३८ |
| | ५.११ | स्वास्थ्य | ३८ |
| | ५.१२ | सेवा क्षेत्रको चुनौती र सम्भावना | ३९ |
| **परिच्छेद ६ :** | **पूर्वाधार क्षेत्र** | | ४५–५४ |
| | ६.१ | पूर्वाधार स्थिति | ४५ |
| | ६.२ | राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति | ४९ |
| | ६.३ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ५१ |
| **परिच्छेद ७ :** | **वाह्य क्षेत्र र रोजगारी** | | ५५–६१ |
| | ७.१ | वैदेशिक व्यापार | ५५ |
| | ७.२ | रोजगारी | ५९ |
| | ७.३ | बाह्य क्षेत्रका चुनौती र सम्भावना | ६० |
| **परिच्छेद ८ :** | **संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना** | | ६२–७१ |
| | ८.१ | संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति | ६२ |
| | ८.२ | आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेट र कार्यक्रमहरुको संक्षिप्त विवरण | ६४ |
| | ८.३ | नेपालको सार्वजनिक ऋणको अवस्था | ६९ |
| | ८.४ | अन्य कार्यक्रमको कार्यान्वयन | ६९ |
| **परिच्छेद ९ :** | **आर्थिक परिदृष्य** | | ७२ |

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | विश्वको आर्थिक वृद्धिदर | ३ |
| तालिका २.२ | जी ७ देशहरुको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति | ३ |
| तालिका २.३ | नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर | ४ |
| तालिका २.४ | दक्षिण एशियाली देशहरुको आर्थिक वृद्धिदर | ४ |
| तालिका २.५ | सन् २०२२/२३ मा नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा) | ५ |
| तालिका २.६ | विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ५ |
| तालिका २.७ | दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ६ |
| तालिका ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ८ |
| तालिका ३.२ | धान बालीको उत्पादन | ९ |
| तालिका ३.३ | कृषि बालीको उत्पादन | १० |
| तालिका ३.४ | प्रमुख पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ११ |
| तालिका ३.५ | सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा | १३ |
| तालिका ३.६ | सहुलियतपूर्ण कर्जाको विवरण | १४ |
| तालिका ३.७ | कृषि क्षेत्रको प्रदेशगत चुनौती | १७ |
| तालिका ३.८ | कृषि क्षेत्रको प्रदेशगत सम्भावना | २० |
| तालिका ४.१ | आ.व. २०७९/८० मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण | २२ |
| तालिका ४.२ | उद्योग दर्ताको प्रदेशगत विवरण | २२ |
| तालिका ४.३ | प्रदेशगत औद्योगिक कर्जा | २५ |
| तालिका ४.४ | उद्योग क्षेत्रका प्रदेशगत चुनौती | २६ |
| तालिका ४.५ | उद्योग क्षेत्रका प्रदेशगत सम्भावना | २८ |
| तालिका ५.१ | स्तर वर्गीकरण भएका होटल तथा रिसोर्टहरुको विवरण | ३१ |
| तालिका ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | ३१ |
| तालिका ५.३ | प्रदेशगत सेवा क्षेत्र कर्जा | ३४ |
| तालिका ५.४ | सवारी साधन दर्ताको प्रदेशगत विवरण | ३५ |
| तालिका ५.५ | सेवा क्षेत्रका प्रदेशगत चुनौती | ३९ |
| तालिका ५.६ | सेवा क्षेत्रका प्रदेशगत सम्भावना | ४२ |
| तालिका ६.१ | सडकको हालसम्को प्रगति विवरण | ४५ |
| तालिका ६.२ | राष्ट्रिय गौरवका आयोजनाको विवरण | ४९ |
| तालिका ६.३ | पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती | ५२ |
| तालिका ६.४ | पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना | ५३ |
| तालिका ७.१ | आर्थिक वर्ष २०७९/२०८० मा नेपालको आयात निर्यात स्थिति | ५५ |

| | | |
|---|---|---|
| तालिका ७.२ | आर्थिक वर्ष २०७९/२०८० को आयात र निर्यातको संरचना | ५६ |
| तालिका ७.३ | कृषिजन्य वस्तु आयात निर्यातको अवस्था | ५६ |
| तालिका ७.४ | भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति | ५७ |
| तालिका ७.५ | भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु | ५८ |
| तालिका ७.६ | २०८० असार मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी विवरण | ५९ |
| तालिका ७.७ | आर्थिक वर्ष २०७९/८० मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण | ६० |
| तालिका ७.८ | दक्षताको आधारमा आ.व. २०७९/८० मा जारी श्रम स्वीकृति संख्या | ६० |
| तालिका ८.१ | आर्थिक वर्ष २०७९/८० को संघीय बजेटको वार्षिक प्रगति विवरण | ६२ |
| तालिका ८.२ | आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेटको स्रोत विवरण | ६२ |
| तालिका ८.३ | आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेटको वार्षिक प्रगाति विवरण | ६३ |
| तालिका ८.४ | आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेटको विवरण | ६४ |
| तालिका ८.५ | आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेटको संक्षिप्त विवरण | ६५ |
| तालिका ८.६ | नेपालको सार्वजनिक ऋणको अवस्था | ६९ |
| तालिका ८.७ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लक्ष्य तथा कार्यान्वयन अवस्था | ७० |

## चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | प्रमुख खाद्यन्न बालीले ढाकेको क्षेत्रफल | ७ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन | ९ |
| चार्ट ३.३ | प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा | १२ |
| चार्ट ३.४ | सिँचाई क्षेत्रफलमा भएको विस्तार | १३ |
| चार्ट ३.५ | कृषि कर्जाको प्रदेशगत हिस्सा | १४ |
| चार्ट ४.१ | प्रमुख उद्योगको क्षमता उपयोग | २३ |
| चार्ट ४.२ | प्रदेशगत क्षमता उपयोग | २४ |
| चार्ट ४.३ | औद्योगिक कर्जा लगानी स्थिति | २४ |
| चार्ट ४.४ | औद्योगिक कर्जामा प्रदेशगत कर्जाको हिस्सा | २५ |
| चार्ट ५.१ | पर्यटन आगमन संख्या (हवाई मार्गबाट) | ३१ |
| चार्ट ५.२ | घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा | ३२ |
| चार्ट ५.३ | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ३२ |
| चार्ट ५.४ | निक्षेप तथा कर्जा स्थिति | ३३ |
| चार्ट ५.५ | प्रदेशगत कुल कर्जा कुल निक्षेप अनुपात | ३३ |
| चार्ट ५.६ | सेवा क्षेत्रमा प्रदेशगत हिस्सा | ३५ |
| चार्ट ५.७ | प्रदेशगत सहुलियतपूर्ण कर्जाको हिस्सा | ३६ |
| चार्ट ५.८ | प्रदेशगत विपन्न कर्जाको हिस्सा | ३७ |
| चार्ट ५.९ | प्रदेशगत पुर्नकर्जाको हिस्सा | ३७ |
| चार्ट ५.१० | नमूना छनौटमा परेका वचत तथा ऋण सहकारी संस्थाको विवरण | ३८ |
| चार्ट ८.१ | आर्थिक वर्ष २०७९/८० को संघीय बजेटको वार्षिक प्रगति विवरण | ६३ |
| चार्ट ८.२ | प्रदेशको एकिकृत बजेटको वार्षिक प्रवृति | ६४ |
| चार्ट ८.३ | प्रदेशगत कुल बजेटमा खर्चको प्रवृति | ६५ |
| चार्ट ८.४ | नेपालको सार्वजनिक ऋण | ६९ |
| चार्ट ८.५ | २०८० असार मसान्तसम्मको जोन तथा सुपरजोनको प्रादेशिक विवरण | ७० |

# सारांश

## अन्तर्राष्ट्रिय स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२२ मा ३.५ प्रतिशत रहेको विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर घटेर सन् २०२३ मा ३.० प्रतिशत रहने प्रक्षेपण रहेको छ ।

२. सन् २०२२ मा भारतको आर्थिक वृद्धिदर ७.२ प्रतिशत रह्यो भने चीनको आर्थिक वृद्धिदर ३.० प्रतिशत रहन गयो ।

## कृषि

३. समीक्षा वर्षमा प्रमुख कृषि बालीको उत्पादन ३.९ प्रतिशतले बढेको छ । यस्ता बालीले ढाकेको भू-क्षेत्र भने ०.४ प्रतिशतले घटेको छ ।

४. तरकारी उत्पादनमा १२.१ प्रतिशतले वृद्धि भएको छ । फलफूल र मसलाको उत्पादन क्रमशः ७.९ प्रतिशत र २२.६ प्रतिशतले बढेको छ ।

५. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ३.२ प्रतिशत, मासु उत्पादन ४.९ प्रतिशत र अण्डा उत्पादन ५ प्रतिशतले घटेको छ । वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन २० प्रतिशतले बढेको छ भने दाउरा उत्पादन ४.४ प्रतिशत, औषधिजन्य वस्तुको उत्पादन २१.९ प्रतिशतले घटेको छ ।

## उद्योग

६. समीक्षा वर्षमा उद्योगको क्षमता उपयोग औसतमा ४९.८ प्रतिशत रहेको छ ।

७. २०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश २८.४ प्रतिशत रहेको छ ।

## सेवा

८. सन् २०२२ मा हवाई मार्गबाट आगमन गर्ने पर्यटक संख्या ६५.६ प्रतिशतले वृद्धि भई १० लाख १४ हजार ७ सय ७१ जना पुगेको छ । समीक्षा वर्षको अन्तसम्ममा पर्यटकस्तरीय होटल तथा रिसोर्टको संख्या २७६ र शैया संख्या २० हजार १ सय ९२ रहेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन संख्यामा १४.७ प्रतिशतले ह्रास आएको, रजिष्ट्रेशनमार्फत प्राप्त हुने राजस्वमा ६.२ प्रतिशतले ह्रास आएको र घर भवन स्थायी नक्शा पास संख्यामा २९.६ प्रतिशतले ह्रास आएको छ ।

१०. २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप १२.३ प्रतिशतले र कर्जा प्रवाह ३.९ प्रतिशतले वृद्धि भएको छ । २०७९ असार मसान्तमा औसत कर्जा-निक्षेप अनुपात ८४.५ प्रतिशत रहेको छ ।

११. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा बागमती प्रदेशको अंश ६७.० प्रतिशत र कुल कर्जामा यस प्रदेशको अंश ५६.४ प्रतिशत रहेको छ ।

१२. समीक्षा वर्षमा यातायात साधनको संख्या ५.३ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार

१३. २०७९ असार मसान्तसम्ममा ३४ हजार २ सय ३९ कि.मी. सडक निर्माण भएको छ जस अन्तर्गत १८ हजार ५२ कि.मी. कालोपत्रे सडक, ७ हजार ६ सय ९६ कि.मी. ग्राभेल स्तरको सडक र ८ हजार ४ सय ९१ कि.मी. कच्ची सडक रहेको छ ।

## बाह्य क्षेत्र र रोजगारी

**१४**. आर्थिक वर्ष २०७९/८० मा कुल वस्तु निर्यातमा २१.४ प्रतिशतले कमी आई रु.१ खर्ब ५७ अर्ब १४ करोड पुगेको छ भने कुल वस्तु आयातमा १६.१ प्रतिशतले कमी आई रु.१६ खर्ब ११ अर्ब ७३ करोड पुगेको छ ।

**१५**. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा ८ लाख ४१ हजार ३ सय ७९ जना रोजगारको लागि सूचीकृत रहेकोमा ९१ हजार ७ सय ३१ जनाले रोजगारी पाएका छन् ।

१६. वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०७९/८० मा पुनःश्रम स्वीकृति समेत जारी गरिएको कुल ७,७१,३२७ श्रम स्वीकृतिमध्ये मधेश प्रदेशको सबैभन्दा बढी १,८१,६१३ र कर्णाली प्रदेशको सबै भन्दा कम ३०,३४३ रहेका छन् ।

### संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

१७. आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारले कुल रु.१७ खर्ब ९३ अर्ब ८२ करोड बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामार्फत् संशोधन गरी कुल रु.१५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरेको थियो । उक्त बजेटमध्ये आर्थिक वर्ष २०७९/८० को अन्तसम्ममा रु.१४ खर्ब २९ अर्ब ५६ करोड खर्च भएको छ । उक्त रकम संशोधित अनुमानको ९२.२ प्रतिशत हो ।

१८. आर्थिक वर्ष २०७९/८० मा कुल प्रादेशिक बजेट रु.३ खर्ब ५ अर्ब विनियोजन भएकोमा ६६.१ प्रतिशत (रु.२ खर्ब १ अर्ब ९ करोड) खर्च भएको छ । कुल प्रादेशिक बजेटमध्ये चालु खर्च ६५.५७ प्रतिशत र पूँजीगत खर्च ६६.०१ प्रतिशत खर्च भएको छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मौद्रिक नीति तथा विदेशी विनिमय नीतिमार्फत् मूल्य स्थायित्व, वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधन सुनिश्चित गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्यहरु रहेका छन् । बैंकले देशको आर्थिक गतिविधिसम्बन्धी अध्ययन गरी सोहीबमोजिम आर्थिक नीति निर्माण गर्दै आएको छ । बैंकले यस्ता अध्ययनमार्फत् सरोकारवालाहरुलाई नीति निर्माण र आर्थिक निर्णयहरु गर्न समेत सहयोग पुऱ्याउँदै आएको छ ।

नेपाल राष्ट्र बैंङ्कले वि.सं. २०२५ देखि उपत्यका बाहिर रहेका शाखा तथा उपशाखा कार्यालयमा सम्वाददाता फाँटको व्यवस्था गरी आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवं तथ्याङ्क संकलन गर्ने गरेको थियो । उक्त फाँटले स्थानीय आर्थिक गतिविधिको जानकारी तोकिएको ढाँचामा समय-समयमा अनुसन्धान विभागमा पठाउने गर्दथ्यो । वि.सं. २०३२ मा कार्य निर्देशिका जारी गरी सम्वाददाता फाँटलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरियो । क्षेत्रीय अनुसन्धान केन्द्रबाट आर्थिक गतिविधि सम्बन्धी अध्ययन हुने गरेकोमा वि.सं. २०४९ देखि उपत्यका बाहिरका कार्यालयमा बैंकिङ्ग विकास तथा अनुसन्धान ईकाइको व्यवस्था गरी क्षेत्रीय स्तरमा सोही ईकाइ तथा आर्थिक अनुसन्धान विभाग, आर्थिक विकास महाशाखामार्फत् काठमाडौं उपत्यका एवं आसपासका क्षेत्रका आर्थिक गतिविधिको अध्ययन कार्य नियमित रुपमा हुँदै आएको थियो ।

आर्थिक वर्ष २०६७/६८ देखि "नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरेको थियो । आर्थिक वर्ष २०७०/७१ देखि थप ६ वटा जिल्ला सहित जम्मा ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो । आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको थियो ।

मुलुक संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ ।

यस प्रतिवेदनले आर्थिक वर्ष २०७९/८० मा भएका आर्थिक गतिविधिहरुलाई समेटेको छ । खासगरी यस प्रतिवेदनले कृषि, उद्योग, सेवा, पूर्वाधार र रोजगारी क्षेत्रमा आएका परिवर्तनलाई समेट्ने प्रयास गरेको छ । साथै, संघीय र प्रादेशिक वित्त स्थितिलाई समेटेको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचनाअनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने र आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवं तथ्याङ्कको दायरा विस्तार गर्ने रहेको छ । साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भइरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.३ अध्ययन विधि

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ । कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास

मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवं मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरुबाट संकलन गरिएको छ।

यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, होटल व्यवसायी संघ एवं नमूना छनौटमा परेका होटलबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ। स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवं अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ।

तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट, EMAP तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ। पूर्वाधार, संघीय आयोजना, परियोजना तथा कार्यक्रम लगायतका केही तथ्याङ्क आर्थिक सर्वेक्षणबाट समेत लिइएको छ। समीक्षा वर्ष, गत वर्ष र दुई वर्ष अघिको तथ्याङ्क संकलन गरी समीक्षा वर्ष र गत वर्षको प्रतिशत परिवर्तनको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ।

## १.४ अध्ययनको सीमा

प्रत्येक जिल्लाबाट तथ्याङ्क संकलन गरी एकीकृत गरिएकोले कृषि उत्पादन, सिँचाई, पूर्वाधार लगायतका तथ्याङ्क देशको समग्र तथ्याङ्कसँग केही फरक पर्न गएका छन्। देश संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य एवं सञ्चार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यससम्वन्धी तथ्याङ्क पूर्ण रुपमा संकलन गर्न कठिनाई रहेको स्थिति छ। यसर्थ, तीनै तहका सरकारी कार्यालयहरुले तथ्याङ्क संकलन र व्यवस्थापनलाई प्राथमिकतामा राख्नु पर्ने आवश्यकता छ। कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलब्ध गराउन हिच्किचाउने, समयमा नै उपलब्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थिति प्राप्त गर्न कठिनाई हुनेगरेको स्थिति छ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययनलाई ९ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ। परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको अन्तर्राष्ट्रिय स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्र तथा रोजगारीसँग सम्बन्धित तथ्याङ्क प्रस्तुत गरिएको छ। यसैगरी, परिच्छेद ८ मा संघीय एवं प्रादेशिक योजना तथा कार्यक्रम र परिच्छेद-९ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।

# परिच्छेद २
# अन्तर्राष्ट्रिय आर्थिक स्थिति

## २.१ विश्व आर्थिक स्थिति

रुस युक्रेन युद्ध, हमास इजरायल युद्ध, अधिकांश देशमा कसिलो मौद्रिक नीति, बढ्दो ब्याजदर तथा मुद्रास्फीतिका कारण अधिकांश मुलुकहरुको आर्थिक गतिविधिमा कमी आई आर्थिक वृद्धिदर कमजोर रहेको छ । रुस युक्रेन युद्धका कारण विश्व आपूर्ति तथा उत्पादन प्रणाली अवरुद्ध भई खाद्य तथा गैर खाद्य वस्तु र पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र अमेरिकी डलरको अधिमूल्यनका कारण विश्वव्यापी रुपमा मुद्रास्फीति बढेको छ । मुद्रास्फीति नियन्त्रण गर्न अधिकांश मुलुकहरुमा ब्याजदर बढाइएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२२ मा ३.५ प्रतिशत रहेको विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर सन् २०२३ मा ३.० प्रतिशत रहने प्रक्षेपण रहेको छ (तालिका २.१)। यो आर्थिक वृद्धि विश्व आर्थिक मन्दी र कोभिड १९ महामारीको उच्च चरण (प्रभाव) बाहेक २००१ पछिको सबैभन्दा कमजोर वृद्धि रहेको अन्तर्राष्ट्रिय मुद्रा कोषले जनाएको छ ।

**तालिका २.१ : विश्वको आर्थिक वृद्धिदर**

| अर्थतन्त्र | २०२२ | २०२३प्र |
|---|---|---|
| विश्व अर्थतन्त्र | ३.५ | ३.० |
| विकसित अर्थतन्त्र | २.६ | १.५ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.१ | ४.० |
| उदीयमान तथा विकासशील एशिया | ४.५ | ५.२ |
| उदीयमान तथा विकासशील युरोप | ०.८ | २.४ |
| मध्यपूर्व तथा मध्य एसिया | ५.६ | २.० |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ५.२ | ४.० |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२३ अक्टोबर*

सन् २०२२ मा आर्थिक वृद्धिदर तथा बेरोजगारीका दरहरु सकारात्मक रहेकोमा सन् २०२३ मा आर्थिक वृद्धिदर तथा बेरोजगारीका दरहरुमा गिरावट आउने प्रक्षेपण गरिएको छ (तालिका २.२) ।

**तालिका २.२ : जी ७ देशहरुको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति**

| मुलुक | आर्थिक वृद्धिदर | | बेरोजगारी दर | |
|---|---|---|---|---|
| | २०२२ | २०२३प्र | २०२२ | २०२३प्र |
| क्यानडा | ३.४ | १.३ | ५.३ | ५.५ |
| फ्रान्स | २.५ | १.० | ७.३ | ७.४ |
| जर्मनी | १.८ | -०.५ | ३.१ | ३.३ |
| इटाली | ३.७ | ०.७ | ८.१ | ७.९ |
| जापान | १.० | २.० | २.६ | २.५ |
| बेलायत | ४.१ | ०.५ | ३.७ | ४.२ |
| अमेरिका | २.१ | २.१ | ३.६ | ३.६ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२३ अक्टोबर*

सन् २०२२ को तुलनामा सन् २०२३ मा नेपालीको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरुको अर्थतन्त्रमा जापान वाहेक अन्य मुलुकहरुको अर्थतन्त्रमा आर्थिक वृद्धि घट्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ -तालिका २.३) । कोभिड महामारीका कारण सन् २०२० मा दक्षिण कोरिया, कतार, साउदी अरेबिया र मलेसिया लगायतका देशहरुको आर्थिक वृद्धिदर ऋणात्मक रहेको थियो भने सन् २०२१ र २०२२ मा क्रमश सुधार हुदै गएको थियो । जसले वैदेशिक रोजगारमा समेत सकारात्मक असर परेको थियो । सन् २०२३ मा यी श्रम गन्तव्य मुलुकहरुको आर्थिक वृद्धि जापान वाहेक घट्ने प्रक्षेपण रहेको छ । जसले वैदेशिक रोजगारमा समेत नकारात्मक असर पर्न सक्ने देखिन्छ ।

**तालिका २.३ : नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२२ | २०२३प्र |
| बहराईन | ४.९ | २.७ |
| जापान | १.० | २.० |
| कुवेत | ८.९ | -०.६ |
| मलेसिया | ८.७ | ४.० |
| ओमान | ४.३ | १.२ |
| कतार | ४.९ | २.४ |
| साउदी अरेबिया | ८.७ | ०.८ |
| दक्षिण कोरिया | २.६ | १.४ |
| यूएई | ७.९ | ३.४ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२३ अक्टोबर*

कोभिड-१९ का कारण ऋणात्मक रहेको नेपालका छिमेकी मुलुकहरुको आर्थिक गतिविधि सन् २०२१ मा सुधार भएको थियो । सन् २०२२ मा छिमेकी मुलुकहरुमध्ये माल्दिभ्स, र श्रीलङ्का आर्थिक वृद्धि घट्ने र अन्य छिमेकी मुलुकको आर्थिक वृद्धिमा केही सुधार रहेको छ (तालिका २.४)। सन् २०२३ मा भुटानको आर्थिक वृद्धिदर बढने र अन्य देशको घटने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ ।

**तालिका २.४ : दक्षिण एशियाली देशहरुको आर्थिक वृद्धिदर**

| मुलुक | २०२२ | २०२३प्र |
|---|---|---|
| बंगलादेश | ७.१ | ६.० |
| भुटान | ४.८ | ५.३ |
| भारत | ७.२ | ६.३ |
| माल्दिभ्स | १३.९ | ८.१ |
| नेपाल | ५.६ | ०.८ |
| पाकिस्तान | ६.१ | -०.५ |
| श्रीलङ्का | -७.८ | -३.६ |

*स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२३ अक्टोबर,*

सन् २०२२/२३ मा भारतको आर्थिक वृद्धिदर ७.२ प्रतिशत र सन् २०२२ चीनको आर्थिक वृद्धिदर ३.० प्रतिशत रहन गयो । सन् २०२२/२३ मा नेपाल, भारत तथा चीनको कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको योगदान सबैभन्दा बढी रहेको छ (तालिका २.५) । सन् २०२२/२३ मा भारतको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः २०.८ प्रतिशत, २५.९ प्रतिशत र ५३.३ प्रतिशत रहेको छ भने सोही अवधिमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमश : ३.५ प्रतिशत, ४.१ प्रतिशत र ९.१ प्रतिशत रहेको छ। साथै, चीनको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ७.३ प्रतिशत, ३९.९ प्रतिशत र ५२.८ प्रतिशत रहेको छ भने प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमशः ४.१ प्रतिशत, ३.८ प्रतिशत र २.३ प्रतिशत रहेको छ ।

**तालिका २.५ : सन् २०२२/२३ मा नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | भारत | | चीन* | | नेपाल | |
|---|---|---|---|---|---|---|
| | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर |
| प्राथमिक क्षेत्र | २०.८ | ३.५ | ७.३ | ४.१ | २६.६ | २.६९ |
| द्वितीय क्षेत्र | २५.९ | ४.१ | ३९.९ | ३.८ | १२.९ | ०.५६ |
| तृतीय क्षेत्र | ५३.३ | ९.१ | ५२.८ | २.३ | ६२.४ | २.३३ |
| **कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | **७.०** | | **३.०** | | **२.१६** | |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२३, आर्थिक सर्वेक्षण, भारत २०२२/२३*
**नेशनल ब्यूरो अफ स्ट्याटिस्टिक्स, चीन २०२२*

## २.२ मूल्य स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२३ मा विश्वका अधिकांश अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२२ को तुलनामा कम रहने प्रक्षेपण रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२२ मा ११.६ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२३ मा ५.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ (तालिका २.६)।

**तालिका २.६ : विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| अर्थतन्त्र | २०२२ | २०२३प्र |
|---|---|---|
| विश्व अर्थतन्त्र | ११.६ | ५.३ |
| विकसित अर्थतन्त्र | ७.३ | ४.६ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ९.८ | ८.५ |
| उदीयमान तथा विकासशील एशिया | ३.८ | २.६ |
| उदीयमान तथा विकासशील युरोप | २७.९ | १८.९ |
| मध्यपूर्व तथा मध्य एशिया | १४.० | १८.० |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | १३.९ | १५.७ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२३ अक्टोबर*

सन् २०२२ को तुलनामा सन् २०२३ मा भारत र चीनको उपभोक्ता मुद्रास्फीतिदर घट्ने प्रक्षेपण गरिएको छ। सन् २०२२ मा भारत र चीनको उपभोक्ता मुद्रास्फीति क्रमशः ६.७ प्रतिशत र १.९ प्रतिशत रहेकोमा सन् २०२३ मा ५.५ प्रतिशत र ०.७ प्रतिशत रहने प्रक्षेपण गरिएको छ (तालिका २.७)। सन् २०२३ मा दक्षिण एसियाली मुलुकहरुमध्ये बंगलादेश, नेपाल, माल्दिभ्स र पाकिस्तानको मुद्रास्फीति सबैभन्दा बढी र भुटानको मुद्रास्फीति सबैभन्दा कम रहने देखिएको छ। सन् २०२२ मा नेपालको मुद्रास्फीति भारतको भन्दा कम रहन गएको छ।

**तालिका २.७ : दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| मुलुक | २०२२ | २०२३प्र |
|---|---|---|
| बंगलादेश | ६.१ | ९.० |
| भुटान | ५.९ | ५.२ |
| भारत | ६.७ | ५.५ |
| माल्दिभ्स | २.६ | ३.५ |
| नेपाल | ६.३ | ७.८ |
| पाकिस्तान | १२.१ | २९.२ |
| श्रीलङ्का | ४५.२ | १७.९ |
| चीन | १.९ | ०.७ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष २०२२, नेपाल राष्ट्र बैंक, २०७८*

सन् २०२२ फेब्रुअरीदेखि चलिरहेको रुस-युक्रेन युद्धको बाछिटा विश्व अर्थतन्त्रमा गम्भीररुपमा देखिरहेका बेला २०२३ अक्टोबर ७ मा इजराइल-हमास युद्ध शुरु भएपछि विश्व व्यापार थप अस्तव्यस्त हुनपुगेको छ भने आपुर्ति श्रृङ्खला टुटेका छन् । यी दुई युद्धका कारण र विश्वको ठुलो चामल निर्यात गर्ने देश भारतले २०२३ जुलाईमा निर्यात प्रतिवन्धको घोषणा गर्नुले खाद्य पदार्थको बजार र पेट्रोलियम पदार्थको बजार सबैभन्दा बढी प्रभावित हुन पुग्यो ।


## परिच्छेद ३
## कृषि क्षेत्र

### ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७९/८० मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल ०.४ प्रतिशतले घटेको छ । गत वर्ष यस्तो क्षेत्रफल ०.९ प्रतिशतले घटेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.३ प्रतिशतले घटेको छ । गत वर्ष यस्तो क्षेत्रफल १.७ प्रतिशतले घटेको थियो । समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै २८.६ प्रतिशत रहेको छ । प्रमुख खाद्य बालीमध्ये मकै बालीको क्षेत्रफल १९.७ प्रतिशत र गहुँ बालीको क्षेत्रफल १४.१ प्रतिशत रहेको छ । कोदो बालीको क्षेत्रफल ५.५ प्रतिशत र जौ बालीको क्षेत्रफल ०.४ प्रतिशत मात्र रहेको छ ।

**चार्ट ३.१ : प्रमुख खाद्यन्न बालीले ढाकेको क्षेत्रफल (लाख हेक्टरमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

**तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल ०.४ प्रतिशतले र बागवानीले ढाकेको क्षेत्रफल ७.४ प्रतिशतले बढेको छ । गत वर्ष तरकारी बालीले ढाकेको क्षेत्रफल ३.३ प्रतिशतले बढेको थियो भने बागवानीले ढाकेको क्षेत्रफल १८.२ प्रतिशतले घटेको थियो ।

**फलफूल :** समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ३.३ प्रतिशतले बढेको छ । गत वर्ष यस्ता बालीले ढाकेको क्षेत्रफल ४.१ प्रतिशतले बढेको थियो ।

**मसला :** समीक्षा वर्षमा मसला बालीले ढाकेको क्षेत्रफल ११.० प्रतिशतले बढेको छ । गत वर्ष यस्ता बालीले ढाकेको क्षेत्रफल ७ प्रतिशतले बढेको थियो । नेपालको मध्यपहाडी जिल्लाहरुका किसानहरु बाँदरको आतङ्कले गहूँ र मकै खेतीभन्दा मसलाजन्य खेतीतर्फ आकर्षित भएकाले समीक्षा वर्षमा मसला बालीले ढाकेको क्षेत्रफलमा उल्लेख्य वृद्धि भएको छ ।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा कोशी प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल बढेको छ भने मधेश प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल घटेको छ । तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल कोशी प्रदेश, गण्डकी प्रदेश र मधेस प्रदेशमा घटेको छ भने बाँकी सबै प्रदेशमा वृद्धि भएको छ । समीक्षा वर्षमा बागमती प्रदेश र गण्डकी प्रदेश बाहेक अरु सबै प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल घटेको छ भने कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा बाहेक अरु सबै प्रदेशमा मसला बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको छ । धान बालीले ढाकेको कुल क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२५.९ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.७ प्रतिशत) रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १(क-ख) मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

| प्रदेश | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी प्रदेश | ९२८४०३.९ | ५२५००.८ | ३१४५३.९ | २८४८८.८ | २१.६ | ११.२ | १६.१ | ३४.७ |
| मधेश प्रदेश | ८२५३६१.८ | २४५०१५.० | ६६२६९.० | १३९२९.५ | १९.२ | ५२.३ | ३४.० | १७.० |
| बागमती प्रदेश | ५६३९९४.६ | ५६९५५.० | २१८७१.० | ८११२.६ | १३.१ | १२.२ | ११.२ | ९.९ |
| गण्डकी प्रदेश | ४३०८७८.० | २३८१९.७ | १६९९४.८ | ५९६९.७ | १०.० | ५.१ | ८.७ | ७.३ |
| लुम्बिनी प्रदेश | ८०७२५३.० | ४४००१.० | २७६८२.० | १२३७७.० | १८.८ | ९.४ | १४.२ | १५.१ |
| कर्णाली प्रदेश | २८०९६४.४ | २२३७८.७ | १९३२२.० | ५३४५.० | ६.५ | ४.८ | ९.९ | ६.५ |
| सुदूर पश्चिम प्रदेश | ४६२११२.० | २३४९०.९ | ११४४९.१ | ७९५५.५ | १०.७ | ५.० | ५.९ | ९.७ |
| **जम्मा** | ४२९८९६७.७ | ४६८१६१.१ | १९५०४१.८ | ८२१७८.१ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*


खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.५ प्रतिशत रहेको छ (तालिका ३.१) । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ५२.२ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.८ प्रतिशत रहेको छ। फलफूल बालीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ३४.० प्रतिशत र सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ५.९ प्रतिशत रहेको छ। यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेश को हिस्सा सबैभन्दा बढी ३४.७ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.५ प्रतिशत रहेको छ।

## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन ३.९ प्रतिशतले बढेको छ। गत वर्ष यस्ता बालीको उत्पादन २.६ प्रतिशतले घटेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन १ प्रतिशतले बढेको छ भने गत वर्ष यस्तो उत्पादन २.९ प्रतिशतले घटेको थियो। समग्र कृषि बालीको उत्पादनमा धान बालीको उत्पादन हिस्सा सबैभन्दा बढी २२.६ प्रतिशत रहेको छ। यसैगरी मकै र गहुँ बालीको उत्पादनको हिस्सा समग्र कृषि उत्पादनमा क्रमशः १३.१ र ८.६ प्रतिशत रहेको छ ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन (मे. टनमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

### धान बालीको उत्पादनको प्रवृत्ति

विगत दश वर्षमा समग्र देशको धान बाली उत्पादनको तथ्याङ्क देहाय बमोजिम रहेको छ। दश वर्षको तथ्याङ्क विश्लेषण गर्दा समग्रमा धान बालीको उत्पादकत्वमा सामान्य वृद्धि भएको देखिन्छ। आधुनिक कृषि खेती तथा उन्नत विउको प्रयोग र मौसमी वर्षाले धान बालीको उत्पादकत्वमा केही वृद्धि भएको हो (तालिका ३.२)।

**तालिका ३.२: धान बालीको उत्पादन**

| आर्थिक वर्ष | क्षेत्रफल (हजार हेक्टरमा) | उत्पादन (हजार मेट्रिक टनमा) | उत्पादकत्व (मे.टन प्रति हेक्टर) |
|---|---|---|---|
| २०७०/७१ | १४८७ | ५०४७ | ३.४ |
| २०७१/७२ | १४२६ | ४७८९ | ३.४ |
| २०७२/७३ | १३६३ | ४२९९ | ३.२ |
| २०७३/७४ | १५५२ | ५२३० | ३.४ |
| २०७४/७५ | १४६९ | ५१५२ | ३.५ |
| २०७५/७६ | १४९२ | ५६१० | ३.८ |
| २०७६/७७ | १४५९ | ५५५१ | ३.८ |
| २०७७/७८ | १५०७ | ५६९६ | ३.८ |
| २०७८/७९ | १४७७ | ५१३२ | ३.५ |
| २०७९/८० | १४४७ | ५४८६ | ३.८ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

**तरकारी :** समीक्षा वर्षमा तरकारी उत्पादन ११.७ प्रतिशतले बढेको छ। गत वर्ष तरकारी उत्पादन ४.३ प्रतिशतले बढेको थियो।

**फलफूल :** समीक्षा वर्षमा फलफूल बालीको समग्र उत्पादन ७.९ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो उत्पादन २.७ प्रतिशतले बढेको थियो।

**मसला :** समीक्षा वर्षमा मसला बालीको समग्र उत्पादन २२.६ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो उत्पादन १.६ प्रतिशतले बढेको थियो। नेपालका पहाडी जिल्लाहरुमा बाँदर आतङ्क बढेकाले कृषकहरु प्रमुख खाद्य बाली

भन्दा जमिनमुनी हुने मसलाजन्य खेती जस्तै लसुन, प्याज, अदुवा तर्फ आकर्षित भएकाले समीक्षा वर्षमा मसला बालीको समग्र उत्पादनमा वृद्धि भएको हो ।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा मधेश प्रदेश र गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन घटेको छ भने कोशी प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली तथा सुदूरपश्चिम प्रदेशमा बढेको छ । तरकारी उत्पादन गण्डकी प्रदेश बाहेकका प्रदेशहरुमा उत्पादन बढेको छ । फलफूल बालीको उत्पादन मधेश प्रदेश र गण्डकी प्रदेशमा घटेको छ भने बाँकी सबै प्रदेशमा बढेको छ । धान बालीको कुल उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २५.३ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.४ प्रतिशत रहेको छ ।

**तालिका ३.३ कृषि बालीको उत्पादन (मे.टन)**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी प्रदेश | ३९८०८३१.५ | ८११७२२.५ | २४८२५७.३ | १७०८५४.५ | २२.७ | १७.९ | १७.५ | २३.० |
| मधेश प्रदेश | ४१७१९३४.८ | १२७१८५५ | ४०४७२७ | १६१३००.३ | २३.८ | २८.० | २८.५ | २१.७ |
| बागमती प्रदेश | २२३५४३५.१ | १०२२६८८ | २०८२०७.३ | ७६००५.३ | १२.८ | २२.५ | १४.७ | १०.२ |
| गण्डकी प्रदेश | १४००५६८ | ३०४९९१.९ | ९९४१४.७५ | ६६८७५.७ | ८.० | ६.७ | ७.० | ९.० |
| लुम्बिनी प्रदेश | ३११२००३.२ | ६१२३७१.८ | २३२४९०.३ | १२३४२७.१ | १७.८ | १३.५ | १६.४ | १६.६ |
| कर्णाली प्रदेश | ८४४४०९.७ | १९४३३४.८ | १२३३६२.५ | ६४२५४ | ४.८ | ४.३ | ८.७ | ८.६ |
| सुदूर पश्चिम प्रदेश | १७५३९०३.५ | ३२२१३८.८ | १०३३१७ | ८१५८२.२ | १०.० | ७.१ | ७.३ | ११.० |
| **जम्मा** | **१७४९९०८६** | **४५४०१०३** | **१४१९७७६** | **७४४२९९** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

खाद्य तथा अन्य बालीको उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २३.०८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.७ प्रतिशत रहेको छ (तालिका ३.३) । तरकारी तथा बागवानी उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.३ प्रतिशत रहेको छ । त्यस्तै, फलफूल बालीको उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २८.५ प्रतिशत रहेको छ भने गण्डकी प्रदेशको हिस्सा सबैभन्दा कम ७ प्रतिशत रहेको छ । तर, मसला बालीको उत्पादनमा कोशी प्रदेश को हिस्सा सबैभन्दा बढी २३ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ८.६ प्रतिशत रहेको छ ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** समीक्षा वर्षमा दूध उत्पादन ३.२ प्रतिशतले घटेको छ । गत वर्ष दूध उत्पादन २.८ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मासु उत्पादन ४.९ प्रतिशतले घटेको छ भने गत वर्ष मासु उत्पादन ४.७ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा अण्डा उत्पादन ५ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा अण्डा उत्पादन ७.६ प्रतिशतले घटेको थियो । यसैगरी, ऊन तथा छाला उत्पादन क्रमशः १२ प्रतिशत र १५.८ प्रतिशतले घटेको छ ।

**माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन ५.० प्रतिशतले बढेको छ । गत वर्ष माछा उत्पादन ७.१ प्रतिशतले बढेको थियो ।

**वनजन्य उत्पादन :** समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन २० प्रतिशतले बढेको छ भने दाउरा उत्पादन ४.४ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन २१.९ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा काठ उत्पादन १३.८ प्रतिशत, दाउरा ७१.० प्रतिशतले बढेको थियो भने औषधिजन्य वस्तुको उत्पादन ५१.३ प्रतिशतले घटेको थियो। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ४ (क-ख) मा दिइएको छ।


**तालिका ३.४ प्रमुख पशुपन्छी, माछा तथा वनजन्य उत्पादन**

| प्रदेश | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दूध | मासु | अण्डा | माछा |
| कोशी प्रदेश | ५८०९६७.८ | ७४५०२.६ | १८६५१०.४ | १००७२.८ | १९.३ | १३.६ | ११.८ | १२.३ |
| मधेश प्रदेश | ६४१७३३ | १३९५१८.५ | १०४०३३.९ | ४३३८५.८ | २१.३ | २५.५ | ६.६ | ५२.८ |
| बागमती प्रदेश | ७०५१९९.९ | १०११५५.२ | ६९०६१५.३ | ५८५६.३ | २३.४ | १८.५ | ४३.८ | ७.१ |
| गण्डकी प्रदेश | २६९७०७.८ | ५८११८.९ | २८८१७१.९ | १५९७.९ | ८.९ | १०.६ | १८.३ | १.९ |
| लुम्बिनी प्रदेश | ४९५०४५.८ | ९५६५८.३ | १५६५७४.४ | १५९६९.५ | १६.४ | १७.५ | ९.९ | १९.४ |
| कर्णाली प्रदेश | ६९१९८.४ | ३३६०५.०१ | ७७७३०.५ | २९१.३ | २.३ | ६.१ | ४.९ | ०.४ |
| सुदूर पश्चिम प्रदेश | २५५८६७.९ | ४४३६६.३ | ७३८९९.८ | ४९८०.५ | ८.५ | ८.१ | ४.७ | ६.१ |
| **जम्मा** | **३०१७७२०.६** | **५४६९२४.८** | **१५७७५३६.२** | **८२१५४.१** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, २०७९*

बागमती प्रदेशमा सबैभन्दा बढी (२३.४ प्रतिशत) दूध उत्पादनको हिस्सा रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम हिस्सा (२.३ प्रतिशत) दूध उत्पादन भएको छ (तालिका ३.४)। मासु उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२५.५ प्रतिशत) र सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम (६.१ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४३.८ प्रतिशत) र सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम (४.७ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (५२.८ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (०.४ प्रतिशत) रहेको छ।

**चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा**





*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु*

## ३.४ सिँचाइ

समीक्षा वर्षमा कुल सिँचित क्षेत्रफलमा ०.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष कुल सिँचित क्षेत्रफल २.५ प्रतिशतले बढेको थियो । कुल खेती गरिएको भू-भागमध्ये ३३.४३ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २२.३ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.८ प्रतिशत रहेको छ ।

यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ५ (क-ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.४ : सिँचाई क्षेत्रफलमा भएको विस्तार (हेक्टरमा)**




*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु*

देशको कुल सिँचित क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २३.८ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.० प्रतिशत रहेको छ (तालिका ३.५)।

**तालिका ३.५ : सिँचित क्षेत्रफलमा प्रदेशगत हिस्सा**

| **प्रदेश** | **क्षेत्रफल** (हेक्टरमा) | **हिस्सा** (प्रतिशतमा) |
|---|---|---|
| कोशी प्रदेश | ३०८३१४ | २३.८ |
| मधेश प्रदेश | २६२८४९ | २०.३ |
| बागमती प्रदेश | १२३९७१.३ | ९.६ |
| गण्डकी प्रदेश | १७५१५७.८ | १३.५ |
| लुम्बिनी प्रदेश | २५५०३६.३ | १९.७ |
| कर्णाली प्रदेश | ५२४०२.०८ | ४.० |
| सुदूर पश्चिम प्रदेश | ११६५८१ | ९.० |
| **जम्मा** | **१२९४३११** | **१००** |


*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा १७.१५ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ५७ अर्ब २१ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १०.३३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.८९ अर्ब २७ करोड कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा कम सिँचाईमा रु. १९ करोड ९ लाख प्रवाह भएको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १७.१ प्रतिशत, मधेश प्रदेशको अंश १७.२ प्रतिशत, बागमती प्रदेशको अंश ३५.५ प्रतिशत, गण्डकी प्रदेशको अंश ८.८ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.२ प्रतिशत, कर्णाली प्रदेशको अंश १.५ प्रतिशत र सुदूर पश्चिम प्रदेशको

अंश ४.७ प्रतिशत रहेको छ (चार्ट ३.५)। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ६ (क-ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.५ : कृषि कर्जाको प्रदेशगत हिस्सा**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९*

## ३.६ सहुलियतपूर्ण कृषि कर्जा

२०७९ असार मसान्तसम्म सहुलियतपूर्ण कर्जातर्फ १ लाख ४५ हजार ७७८ ऋणीलाई रु.१ खर्ब ९७ अर्ब ६ करोड ऋण लगानी रहेको छ । सो अवधिमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ६० हजार ३ सय ५० ऋणीलाई रु.१ खर्ब ३५ अर्ब ७६ करोड कर्जा बक्यौता रहेको छ भने अन्य बाँकी शीर्षक अन्तर्गत ८५ हजार ४ सय २८ ऋणीको रु.६१ अर्ब २९ करोड कर्जा बक्यौता रहेको छ ।

**तालिका ३.६ : सहुलियतपूर्ण कर्जाको विवरण**

| कर्जा प्रकार | ऋणी संख्या | | | कर्जा रकम (रु.दश लाखमा) | | |
|---|---|---|---|---|---|---|
| | २०७८ असार | २०७९ असार | २०८० असार | २०७८ असार | २०७९ असार | २०८० असार |
| व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा | ४६,०५७ | ६०,५४५ | ६०,३५० | १०६,९७८.४ | १३९,२३४.१ | १३५,७६३.४ |
| शिक्षित युवा स्वरोजगार कर्जा | १४० | १५७ | १६५ | ६३.७ | ७६.१ | ३९.३ |
| विदेशवाट फर्केका युवा परियोजना कर्जा | ८३९ | ९५२ | ८९८ | ५९८.० | ५६४.२ | ४२०.९ |
| महिला उद्यमशील कर्जा | ५५,५५१ | ८४,००१ | ८२,७१८ | ५०,९८४.४ | ७०,९९६.१ | ५८,३८२.९ |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ९६५ | १,०९७ | १,०१५ | ५७२.९ | ५८२.३ | ४३१.४ |
| उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा | १११ | १४८ | १२१ | २५.३ | ३६.५ | २९.७ |
| भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा | २३१ | २०८ | १८१ | ४९.४ | ३२.३ | १७.४ |
| कपडा उद्योग सञ्चालन | २१० | २५५ | २८० | २,१६२.५ | २,३५८.५ | १,९६५.१ |
| प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त सदस्यबाट लिइने तालिम | २ | २ | २ | ०.४ | ०.३ | ०.२ |
| युवा स्वरोजगार कर्जा | ३ | २८ | ४८ | १.१ | ८.९ | १०.९ |
| **जम्मा** | १०४,१०९ | १४७,३९३ | १४५,७७८ | १६१,४३६.२ | २१३,८८९.३ | १९७,०६१.३ |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७९*

## बक्स ३.१: लम्पी स्किन रोगको अर्थतन्त्रमा प्रभाव

लम्पी स्किन रोग निम्त्याउने भाइरसले मुख्यतया गाईवस्तुलाई असर गर्दछ। यो भाइरस क्यापिप्रिपोक्स भाइरस जीनससँग सम्बन्धित छ, जसमा भेडा र बाखाको पोक्स निम्त्याउने भाइरसहरू पनि समावेश छन्। प्रभावित गाईवस्तुको छालामा गाँठो वा गाँठको विकासले "लम्पी स्किन रोग" लाई जन्म दिन्छ। गाईपालन व्यवसायमा यस रोगले आर्थिक र पशु स्वास्थ्यमा ठूलो असर पार्न सक्छ।

गाईवस्तुमा लम्पी स्किन रोगको लक्षणहरूको गम्भिरतामा भिन्नता हुन सक्छ र यी लक्षणहरु सबै पीडित जनावरहरूमा नदेखिन सक्छ। छालामा पीडारहित गोलो गिर्खा/गाँठो वा ल्यमगभिक बन्नु यस रोगको परिभाषित लक्षण हुन्। यस रोगको अन्य लक्ष्यणहरु उच्च ज्वरो आउने, दूध उत्पादन घट्ने, दाना पानी कम खाने, तौल घट्ने, थकान, अत्याधिक लार देखिने र छिटपुट रूपमा लिम्फ नोडहरू सुन्निने र गोरुहरूको प्रजनन क्षमतामा कमी आउने जस्ता रहेका छन्। यद्यपि, यस रोगले विरलै मृत्युको परिणाम दिन्छ, तर ब्याक्टेरिया संक्रमण र अन्य समस्याहरू भने निम्त्याउन सक्छ।

**नेपालको वर्तमान अवस्था**

२०७९ सालको चैत्र महिनादेखि कोशी प्रदेशबाट रोगको प्रकोप शुरु भई २०८० साउनसम्म ७७ जिल्लामा रोग पुष्टि भइसकेको थियो। सो समयमा नेपालमा यो रोगको प्रकोप व्यापक रहेको थियो। कर्णाली, सुदूरपश्चिम, लुम्बिनी, कोशी प्रदेश र पहाडी क्षेत्रमा यो रोगले गम्भिर असर पारेको छ। पछिल्लो तथ्याङ्क अनुसार पहाडी क्षेत्रमा भने सङ्क्रमितको संख्या घटेको छ भने बागमती र मधेस क्षेत्रमा सङ्क्रमितको संख्या बढ्दै गएको छ। पशु सेवा विभागका अनुसार २०८० साउनसम्म १३ लाख ५३ सय ६१ संक्रमित जनावरहरुमध्ये १० लाख ८२ हजार पन्ध्र वटाको उपचार भएको छ भने ४७ हजार ६ सय ७९ जनाको यस रोगका कारण मृत्यु भएको छ। यसै क्रममा कुल ४ लाख ४५ हजार पशुहरुमा खोपको कार्य सम्पन्न भइसकेको छ। नेपालमा यो रोगको लागत करिब ३० अर्ब डलर पर्ने अनुमान गरिएको छ।

**बागमती प्रदेशको अवस्था**

बागमती प्रदेशमा रहेका ११९ पालिकाहरुमध्ये ११८ पालिकामा लम्पी स्किन रोगले असर पारेको छ भने ८० पालिकाहरुमा यस रोग विरुद्ध खोपको कार्यक्रम सञ्चालन भइसकेको छ। विभिन्न जिल्लाका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुका अनुसार २०७९ भदौ सम्ममा यस रोगबाट संक्रमित पशुहरुको संख्या २ लाख २१ हजार पुगेको छ भने उक्त रोगबाट मृत्यु हुने पशुहरुको संख्या ७ हजार ९ सय ६५ रहेको छ। यस प्रदेशमा कुल १ लाख ५३ हजार पशुहरुमा खोपको कार्य सम्पन्न भइसकेको छ।

यस प्रदेशको जिल्लाहरुमध्ये दोलखा जिल्लामा सबैभन्दा बढी (३७ हजार ६ सय ४२) पशुहरु संक्रमित भएका छन् भने ललितपुर जिल्लामा सबै भन्दा कम (१ हजार ८ सय ८८) पशुहरुमा यस रोगको संक्रमण पुष्टि भएको छ। यस रोगबाट सिन्धुपाल्चोक जिल्लामा सबै भन्दा धेरै (१ हजार ३ सय २८) पशुहरुको मृत्यु भयो भने ललितपुर जिल्लामा सबैभन्दा कम (१४५) पशुहरुको मृत्यु हुन गयो। यस प्रदेशमा संक्रमित पशुहरुमध्ये लम्पी स्किन रोगका कारण मृत्यु हुने पशुको संख्या ३.६ प्रतिशत रहेको छ, यस्तो मृत्यु दर रसुवा जिल्लामा सबै भन्दा बढी ९.१ प्रतिशत र रामेछाप जिल्लामा सबैभन्दा कम १.६ प्रतिशत रहेको छ।

**लम्पी स्किन रोगले बागमती प्रदेशका विभिन्न जिल्लामा पारेको असर**

| जिल्लाको नाम | जिल्लामा रहेका पालिकाको संख्या | लम्पी स्किनले संक्रमित पालिको संख्या | संक्रमित पशुको संख्या | मृत्यु भएको पशुको संख्या | मृत्यु दर | भ्याक्सिन पुगेको पालिका | भ्याक्सिन पाउने पशुको संख्या |
|---|---|---|---|---|---|---|---|
| दोलखा | ९ | ९ | ३७,६४२ | १,०१० | २.७ | ६ | ८,८७८ |
| सिन्धुपाल्चोक | १२ | ११ | २७,९३५ | १,३२८ | ४.८ | १० | १२,४२८ |
| रसुवा | ५ | ५ | २,६०३ | २३६ | ९.१ | ४ | ४,३५० |
| धादिङ | १३ | १३ | २५,१७२ | ९५९ | ३.८ | – | - |
| नुवाकोट | १२ | १२ | १८,१०६ | १,०३४ | ५.७ | ८ | ८,३९५ |
| काठमाडौं | ११ | ११ | ५,०३९ | ३८४ | ७.६ | ११ | ११,४५० |
| भक्तपुर | ४ | ४ | ६,८०८ | ३५३ | ५.२ | ४ | ५,६२५ |
| ललितपुर | ६ | ६ | १,८८८ | १४५ | ७.७ | ६ | ८,३०० |
| काभ्रेपलाञ्चोक | १३ | १३ | ३०,७४३ | ६८१ | २.२ | ११ | ३२,८०० |
| रामेछाप | ८ | ८ | १४,३३१ | २२९ | १.६ | २ | ५,१७५ |
| सिन्धुली | ९ | ९ | २४,०९० | ६८६ | २.८ | १ | २,९०० |
| मकवानपुर | १० | १० | १५,०१३ | ५२६ | ३.५ | १० | ३१,५६० |
| चितवन | ७ | ७ | १२,१५८ | ३९४ | ३.२ | ७ | २१,९६९ |
| **जम्मा** | **११९** | **११८** | **२२१,५२८** | **७,९६५** | **३.६** | **८०** | **१५३,८३०** |

**गण्डकी प्रदेशको अवस्था**

क्याप्रिपक्स प्रजातिको भाइरसका कारण गाईभैंसीहरुमा लाग्ने लम्पी स्किन रोगबाट गण्डकी प्रदेशका ८४ हजार ३ सय ८७ पशुचौपाया संक्रमित भएका छन् । यस रोगबाट आर्थिक वर्ष २०८०/८१ भदौसम्म ५ हजार ३ सय ६५ पशुको मृत्यु भएको छ भने ५८ हजार ७ सय २६ पशु रोग लागेर निको भइसकेका छन् । लामखुट्टे लगायतका टोक्ने/रगत चुस्ने झिंगा, किर्ना भुसुना जस्ता किराहरुबाट सर्ने यो रोग लाग्नबाट बचाउन पशु चौपायालाई खोप लगाउन सकिने भएकोले गण्डकी प्रदेशमा १ लाख ११ हजार ७ सय १० पशुलाई लम्पी स्किन रोग विरुद्ध खोप दिइसकिएको छ । यस रोगबाट गण्डकी प्रदेशमा रु.४५ करोड ६८ लाख भन्दा बढी रकमको क्षति भइसकेको अनुमान छ ।

| जिल्ला | संक्रमित पशु संख्या | मृत्यु भएका पशु संख्या | ठिक भएका पशु संख्या | खोप लगाइएका पशु संख्या | अनुमानित क्षति रकम (रु.लाखमा) |
|---|---|---|---|---|---|
| स्याङ्जा | २,६६० | १२५ | १,३३५ | ९,७१० | ११७.१० |
| तनहुँ | ७९ | ३७९ | ३,८२८ | ११,४७३ | ४०६.९७ |
| लमजुङ | ५,८०१ | ३१८ | ४,३५० | १३,५२५ | २९२.४१ |
| बाग्लुङ | ५,६३२ | ६६३ | ३,४३६ | ४,६६९ | ४३५.१७ |
| गोरखा | २०,७८२ | १,४६३ | ११,६२५ | ११,८०० | १,१८५.८२ |
| पर्वत | २,१६९ | १९६ | १,२४२ | ६,५७३ | १४२.२६ |
| म्यादी | ८,८३८ | ७८३ | ६,१८६ | ४,२५० | ५७२.९७ |
| कास्की | १८,३९२ | ७३३ | १६,८१३ | १७,३०० | ८०९.५८ |
| नवलपुर | ११,१८१ | ६९० | ९,८३४ | १९,४१० | ५९६.५२ |
| मुस्ताङ | ५२ | १० | ३८ | ६,००० | ५.६७ |
| मनाङ | ६१ | ५ | ३९ | १,००० | ३.७८ |
| **जम्मा** | **७५,६४७** | **५,३६५** | **५८,७२६** | **१,०५,७१०** | **४,५६८.२२** |

## अर्थतन्त्र र कृषिमा प्रभाव

गाईवस्तुमा देखिने लम्पी स्किन रोगले कृषि र देशको अर्थतन्त्रमा गम्भिर असरहरू पार्ने सम्भावना छ। उत्पादन घट्ने, दुग्ध तथा मासु उत्पादनका लागि संक्रमित गाईवस्तुमा निर्भर हुने किसानहरूले यी पशुहरूमा दूध उत्पादनमा कमी र तौल घटेको कारणले बारम्बार आर्थिक नोक्सानी व्यहोर्नुपरेको छ। रोगी गाईवस्तुको उपचार महँगो हुन जाँदा किसानहरूको लागत पनि बढ्ने सम्भावना छ।

## लम्पी स्किन रोगको रोकथाम र उपचार

लम्पी स्किन रोग भाइरसबाट बच्न खोप बाहेक अर्को विकल्प छैन। संक्रमित जनावरहरूलाई खोप लगाउनु हुँदैन। निको भएका जनावरहरूलाई एक वर्षपछि खोप लगाउनु पर्दछ। संक्रमित जनावरको दुध जनावरलाई एन्टिबायोटिक दिएपछि १४ दिनसम्म खानु हुँदैन। रोग प्रतिरोधात्मक क्षमता मार्फत रोग नियन्त्रण गर्न सकिन्छ। यस अवस्थामा जब जनावरहरूको जनसंख्याको ८० प्रतिशत भन्दा बढी पशुहरुमा यस भाइरस विरुद्ध खोप लगाइन्छ तब मात्र यो रोग फैलिन नियन्त्रण गर्न सकिन्छ। यस रोगको संक्रमण चक्र सामान्यतया १० देखि १२ दिनसम्म रहन्छ। यदि कुनै जनावर त्यतिबेलासम्म पनि निको नभएमा मृत्युको सम्भावना बढेर जान्छ। संक्रमित जनावरहरूलाई क्वारेन्टाइनमा राख्नुपर्छ र प्रशस्त नरम घाँस, साथै गुडको पानी जस्ता तरल पदार्थ खुवाउनुपर्छ। धेरै कमजोर र खान नसक्ने जनावरहरूलाई प्रशिक्षित पशु चिकित्सा प्राविधिकद्वारा स्लाइन लगाउन सकिन्छ। साथै दुखाई र ज्वरो कम गर्न पारासिटामोल र अन्य पेनकिलरको साथै इन्जेक्सनहरू पनि दिन सकिन्छ। ज्वरो आएमा पानी दिन नहुने गलत धारणाले पनि जनावरको मृत्यु हुन सक्छ।

नेपाल सरकारले पशुविज्ञको सिफारिस र विश्व स्वास्थ्य संगठनको स्वीकृतिपछि किसानलाई 'बर्ड पोक्स' नामक खोप उपलब्ध गराउने जनाएको छ। आर्थिक वर्ष २०८०/८१ को लागि प्रत्येक स्थानीय तहले निश्चित रकममा आपतकालीन रोग नियन्त्रण केन्द्र उपलब्ध गराउने व्यवस्था गरिएको छ। यदि कसैलाई आफ्नो गाईवस्तुमा संक्रमण भएको शंका लागेमा नजिकको पशु स्वास्थ्य सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ र स्वस्थ गाईवस्तुमा मात्र खोप लगाउनुपदर्छ।

*स्रोतः प्रादेशिक आर्थिक गतिविधि अध्ययन (प्रदेश नं ३) र (प्रदेश नं ४), वार्षिक प्रतिवेदन (आ.व. २०७९/८०)*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

कृषि क्षेत्रमा रहेका केही चुनौतीहरु प्रदेशगत रुपमा फरक-फरक प्रकृतिका भएपनि अधिकांश चुनौतीहरु समान प्रकृतिका छन् । कृषकहरुलाई समयमै गुणस्तरीय बीउवीजन उपलब्ध गराउनु तथा बीउको बढ्दो मागको आपूर्ति गर्नु, उत्पादन वृद्धि गर्नु, बीउ सम्बन्धी पूर्वाधार सुदृढीकरण गर्नु, विचौलियाको प्रभुत्व हटाउनु, कृषि उपजको सहज बजारीकरणको व्यवस्था गर्नु, न्यूनतम मूल्य सुनिश्चित गर्नु, वर्षैभरी भरपर्दो र दिगो सिँचाइ सुविधाको सुनिश्चितता गर्नु, शीत भण्डारको उचित व्यवस्था गर्नु, कृषि जमीन खण्डीकरण रोक्नु, प्रमुख कृषि भूमीको गैर कृषि उपयोग कम गर्नु, जलवायु परिवर्तनका कारण सिर्जित भू-क्षय, बाढीपहिरो, खडेरी, शीत-लहर तथा गर्मी-लहर जस्ता वातावरणीय चुनौतीहरु व्यवस्थापन गर्नु, परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै कृषिको व्यावसायीकरण, आधुनिकीकरण, औद्योगीकरण र विविधीकरण गर्नु, कृषिमा अनुसन्धान र कृषिको विविधीकरण गरी कृषिको उत्पादकत्व बढाउनु, व्यावसायिक कृषिको विकास र विस्तार गर्नु, विदेशबाट खाद्यान्न आयात कम गर्नु, कृषि उपजको उत्पादन बढाई निर्यात वृद्धि गर्नु, युवालाई कृषि क्षेत्रतर्फ आकर्षित गर्नु, कृषि बीमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नु, भोकमरीको अवस्था न्युनीकरण गर्दै खाद्य सुरक्षा सुनिश्चित गर्नु आदि जस्ता समान प्रकृतिका चुनौतीहरु विगतदेखि नै कृषि क्षेत्रमा विद्यमान रहेका छन् । यसैगरी, वैदेशिक रोजगारबाट फर्किएका जनशक्ति तथा नयाँ पुस्ताका युवाहरुलाई पनि दिगो रुपमा कृषि क्षेत्रमा आकर्षित गर्नु लगायत समग्र कृषि क्षेत्रको विकास तथा विस्तार गर्नु थप चुनौतीको रुपमा रहेका छन् । यी बाहेक प्रदेशगत रुपमा रहेका चुनौतीहरु देहायबमोजिम तालिका ३.७ मा दिइएको छ ।

**तालिका ३.७ : कृषि क्षेत्रको प्रदेशगत चुनौती**

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • यस प्रदेशका पहाडी जिल्लाहरुमा श्रमशक्तिको अभाव भई खेतीयोग्य जमिन बाँझो रहनु तथा तराईको खेतीयोग्य जमिन अव्यवस्थित सहरीकरणका कारण खण्डीकरण हुदै जाने प्रवृत्तिलाई रोकथाम गर्न पहाड र तराईका जिल्लामा सन्तुलित विकासको नीति कार्यान्वयन गर्नु ।<br>• यस प्रदेशका सीमावर्ती नाकाहरुबाट गैर कानुनी रुपमा भित्रने कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई नियन्त्रण गरी आन्तरिक उत्पादनको न्युनतम समर्थन मुल्य तोक्नु ।<br>• सरकारद्धारा कृषि क्षेत्रको विकासका लागि वितरण गरिएको अनुदान कार्यकमलाई यर्थाथमुखी बनाउदै अनुदानलाई उत्पादनसँग आवद्ध गर्नु ।<br>• क्रमिक रुपमा विस्तार हुँदै गईरहेको व्यावसायिक किवि, एभोकाडो, मेकाडियन नट, ड्रागन फल, चिडफिङ आदिको उत्पादनलाई बजार सुनिश्चितता गरी व्यावसायमा निरन्तर रहिरहने वातावरण सिर्जना गर्नु । |
| मधेश प्रदेश | • कृषि योग्य भूमिमा सिँचाई सुविधा उपलव्ध गराई कृषि उत्पादकत्व बढाउन निर्माणाधीन सिँचाई आयोजना तोकिएको समय र लागतमा सम्पन्न गर्नु ।<br>• कृषकहरुलाई सामूहिक खेतीमा आकर्षित गरी बाँझो रहेका जमिनलाई उपयोगमा ल्याई उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गरी कृषिबाट जनताको जीवनस्तर उकास्नु ।<br>• समयमा नै कृषकहरूलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबीजन उपलब्ध गराई कृषकहरूको सीप विकासका लागि तालिम प्रदान गरी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउनु । |

| | |
|---|---|
| बागमती प्रदेश | • पछिल्लो समय दुधको उत्पादन बढ्दै गएको भएतापनि दुधजन्य खाद्यबस्तुको निर्यातको लागि राष्ट्रिय स्तरबाट पहल नभइसकेको तथा स्वदेशमै पनि पूर्ण रुपमा खपत नभएकोले कृषकको दुधको उचित मूल्य दिलाउनु तथा उत्पादित धुलो दुध र बटरको बजार विस्तार गरी उत्पादनलाई प्रोत्साहन गर्नु ।<br>• आधुनिक प्रविधिको प्रयोग, व्यावसायिक कृषिको विविधीकरण, पर्याप्त सिँचाईको सुनिश्चितता, कृषि उत्पादन संकलन केन्द्रको विकास, आयातित खाद्यान्न (विशेष गरी चामल, तरकारी र फलफुल) को निरुत्साहन तथा कृषि अनुसन्धान र कृषि विस्तारमा लगानी बढाई विभिन्न सामाजिक वर्गका किसानहरुलाई कृषि प्रविधि, ज्ञान र सामग्रीको पर्याप्त पहुँच उपलब्ध गराउनु ।<br>• बढ्दो तापक्रम, अनिश्चित वर्षा, पहिरो, बाढी, असिना जस्ता हावापानी प्रकोपहरुले गर्दा कृषि उत्पादनमा परेका नकारात्मक असरलाई कम गर्नु तथा अव्यवस्थित सहरीकरण, जलवायु परिवर्तनको प्रतिकुल प्रभावका कारण पानीको स्रोतहरु सुक्दै गरेको परिस्थितिमा कृषिजन्य उत्पादनका लागि आवश्यक पर्ने पानीको उपलब्धता सुनिश्चित गर्दै खाद्य सुरक्षाको सुनिश्चित गर्नु । |
| गण्डकी प्रदेश | • गण्डकी प्रदेशको कुल खेतीयोग्य जमीनको जम्मा ४१.४ प्रतिशत भू-भागमा मात्र सिँचाई सुविधा पुगेकाले पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नु ।<br>• पहाडी क्षेत्रबाट तराई एवम सहर बजारमा वसाँइसराइ हुने जनसंख्या बढ्दै गइरहेकाले पहाडमा उर्वर भूमि बाँफिदै गएको तथा सहरी क्षेत्रमा उर्वर भूमिसमेत खण्डीकरण भइरहेको सन्दर्भमा पहाडी क्षेत्रमा बाँफिएको जमिनमा कृषि बाली उत्पादन गर्नु र सहरी क्षेत्रमा उर्वर एवं खेतीयोग्य जमिनको खण्डीकरण हुने कार्यलाइ रोकि उत्पादन वृद्धि गर्नु ।<br>• यस प्रदेशका स्याङ्जा, बाग्लुङ, पर्वत, गोरखा आदि जिल्लाहरुमा बाँदरले तरकारी तथा अन्न बाली नष्ट गर्ने तथा क्षति पुऱ्याउने गरेकाले कृषकहरुले जग्गा जमिन बाँफो राख्ने प्रवृत्ति बढेको तथा त्यस्ता जग्गा उपयोगमा ल्याई कृषि उत्पादन बढाउनु ।<br>• यस प्रदेशमा उत्पादनको सम्भावना राम्रो भएको स्याऊ, सुन्तला, कफी लगायतका कृषि उत्पादनमा न्यूनतम आधार मूल्य तोकी हाल कायम रहेको मध्यस्थकर्ताहरुको तहगत श्रृङ्खला छोट्याई कृषकहरुलाई उत्पादित कृषि उपजको उचित मूल्य दिलाउनु । |
| लुम्बिनी प्रदेश | • खेतीयोग्य जमिन खण्डीकृत हुनुबाट रोक्ने तथा खेतीयोग्य जमिनको चक्लाबन्दी गरी सामुहिक व्यावसायिक खेतीमा आकर्षित गर्ने ।<br>• कृषि एवम् पशुजन्य उत्पादनहरुसँग सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी उपलब्ध प्रविधि तथा सम्भाव्यताको आधारमा कार्यक्रमहरुको छनौट, कार्यान्वयन र प्रवर्द्धन गर्ने ।<br>• कृषि क्षेत्रको विकासमा सिँचाइ, सडक, बजार, विद्युत, उद्योग, एवं जनसङ्ख्या वितरणले महत्वपूर्ण भूमिका खेल्ने भएकाले यस्ता क्षेत्रहरुलाई एकैसाथ विकास गर्ने ।<br>• मल, बीउ/बीजन, विषादी र मेशिनरी जस्ता कृषि सामाग्रीहरुको भरपर्दो स्रोत सुनिश्चित गर्ने । |
| कर्णाली प्रदेश | • सीमित स्रोत साधन, कृषि ऋण, बिमा, प्रविधि, ज्ञान र सीपको समुचित प्रयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु तथा समग्र कृषि क्षेत्रको प्रतिस्पर्धात्मक |

| | |
|---|---|
| | क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।<br>• भूवनोटको अधिकतम सदुपयोग गरी बाली विविधीकरण, व्यवसायीकरण र व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्ने किसिमका उत्पादन कार्यक्रम सञ्चालन गर्नु । साथै स्थानीय, रैथाने तथा लोपोन्मुख बालीको संरक्षण तथा संवर्द्धन गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापित गर्दै कृषिको व्यावसायीकरण, आधुनिकीकरण, औद्योगीकरण र विविधीकरण गर्दै कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशले कृषि क्षेत्रमा पुऱ्याईरहेको योगदानको हिस्सा अभिवृद्धि गर्ने ।<br>• कृषि क्षेत्र तथा पशुपालनमा बीमा कम्पनीहरुको आकर्षण कम रहेको सन्दर्भमा बीमामा कृषकहरुको पहुँच बढाउने ।<br>• चाहिएको समय र परिमाणमा गुणस्तरीय बीउवीजन र मलखादको अपलब्धता सुनिश्चित गरी सो सम्बन्धी आपूर्ति प्रणाली सुदृढीकरण गर्दै स्वदेशमै उत्पादित बिउ र मलखादको प्रवर्द्धन मार्फत् आत्मनिर्भरता बढाउनु । साथै विषादीहरुको जथाभावी प्रयोग न्यूनीकरण गर्ने ।<br>• असंगठित रुपमा स्थानीय स्तरमा उपलब्ध जडिबुटी तथा औषधीजन्य विरुवाको संकलन एवं व्यापारका मुद्दाहरु, भारतबाट अवैध रुपमा आयात हुने वस्तुका कारण प्रदेशका कृषक तथा व्यापारीमा पर्ने समस्या जस्तै स्वदेशी केरा बजारमा आएको समयमा भारतको केरा पनि आयात हुदाँ नेपाली कृषकहरूले सस्तोमा बेच्नु पर्ने समस्या निराकरण गर्ने । |

### ३.७.२ सम्भावना

नेपाल कृषि प्रधान मुलुक भएका र भौगोलिक रुपमा विविधता भएकाले कृषिका विभिन्न सम्भावनाहरु रहेका छन् । विद्यमान कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, सुशासन सुधार, कृषिमा लगानी वृद्धि र सार्वजनिक-निजी साझेदारी गरी साना किसानहरुको खेतीको उत्पादकत्व तथा नाफा बढाउन सक्ने सम्भावना रहेको छ । प्रदेशगत रुपमा भौगोलिक तथा मौसमी विविधताले गर्दा विभिन्न प्रकारका कृषि उपजहरु उत्पादन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । यसका साथै, हरेक प्रदेशले भौगोलिक विविधताअनुरुप एवं तुलनात्मक लाभ भएका कृषि उपज उत्पादन गरी अन्तर-प्रदेश कृषि व्यापार प्रवर्द्धन गर्न सकिने सम्भावना समेत रहेको छ । यातायात, सञ्चार, र आधुनिक तथा डिजिटल प्रविधिको प्रयोग गरी कृषि उपजको प्रभावकारी बजारीकरण गर्न सकिने सम्भावना रहेको छ । नेपालको कुल जनसंख्यामा युवाहरुको ठूलो हिस्सा रहेको सन्दर्भमा युवाहरुलाई व्यावसायिक रुपमा कृषिमा परिचालन गरी कृषि क्षेत्रको विकास तथा विस्तारको ठूलो सम्भावना रहेको छ । कृषिसँग सम्बन्धित विश्वविद्यालय तथा विभिन्न कृषिसँग सम्बन्धित विद्यालयलाई प्रोत्साहन गरी अध्ययन अनुसन्धान तथा प्रविधि विकास गर्न सकेमा कृषि प्रणालीको रुपान्तरण गर्न सकिने सम्भावना रहेको छ ।

कृषि क्षेत्रमा कर्जाको प्रयोग बढेको, वित्तीय पहुँच बढ्दै गएको, स्थानीय तहले कृषिसँग सम्बन्धित क्षेत्रहरुमा अनुदान विस्तार गर्दै लगेको, कृषिसँग सम्वन्धित शैक्षिक जनशक्ति बढ्दै गएको, प्रोत्साहनमूलक कार्यक्रमहरुका कारण कृषि क्षेत्रतर्फ शिक्षित युवाहरुको आकर्षण बढ्दै गएको, प्रतिव्यक्ति आयमा सुधार हुँदै गएको कारण आन्तरिक माग बढेको, सञ्चार तथा यातायातका सञ्जाल बढ्दै गएको, ग्रामीण सडक सुधार भई ग्रामीण क्षेत्र सहरीकृत हुँदै जान थालेको, विद्युत उत्पादनमा वृद्धि र सहज आपूर्तिको अवस्था रहेको, आदि जस्ता कारणहरुले गर्दा कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायिकीकरण, यान्त्रिकीकरण, र कृषिको विविधीकरण गरी कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउने तथा कृषकको आय बढाउने सम्भावना सबै प्रदेशहरुमा रहेका छन् । यसबाहेक प्रदेशगत रुपमा रहेका सम्भावनाहरुलाई तालिका ३.८ मा दिइएको छ ।

**तालिका ३.८ : कृषि क्षेत्रको प्रदेशगत सम्भावना**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • पहाडी क्षेत्रका बाँझो जमिनमा लोठ सल्ला, चिराइतो, टिमुर, चिङफिङ, पाखनवेद, ठूलो ओखती र सुनाखरी फुल, हाड-जोडाको व्यवसायिक खेती गरी आयुर्वेदिक औषधीका लागि आवश्यक कच्चा पदार्थको आपूर्ति गर्न सकिने सम्भावना रहेको देखिन्छ ।<br>• यस प्रदेशमा कृषि व्यवसायलाई आवश्यक पर्ने रासायनिक तथा प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग, कृषिजन्य उत्पादन भण्डारण गर्ने चिस्यान केन्द्र आदिको स्थापना हुन सके कृषि व्यवसायको उत्पादन र उत्पादकत्व बढ्न सक्ने सम्भावना देखिन्छ ।<br>• यस प्रदेशको अन्न भण्डारको रुपमा परिचित झापा, मोरङ र सुनसरी जिल्लाहरुमा ठुला सिँचाई परियोजना सञ्चालन तथा पहाडी जिल्लाहरुमा साना सिँचाई कार्यक्रम सञ्चालन गर्ने प्रादेशिक नीतिको कार्यान्वयन हुन सके कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढन सक्ने सम्भावना रहेको देखिन्छ ।<br>• पच्चिस वर्षे जलस्रोत रणनीति र राष्ट्रिय जल योजनाको समुचित कार्यान्यन हुन सके यस प्रदेशको मौसमी खेती प्रणालीलाई व्यवसायिक बनाउन सकिने सम्भावना रहेको देखिन्छ । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा सबभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपत बजारको पनि उच्च सम्भावना रहेको छ ।<br>• मधेश प्रदेशमा प्रचुरमात्रामा उर्वर भुमि रहेकोले सिञ्चित भूमिको क्षेत्रफल विस्तारमार्फत् खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । |
| बागमती प्रदेश | • शहरी इलाकामा कौशी खेती फस्टाउँदै गएको र कौशी खेतीका लागि हलुका फाइबरयुक्त माटो आवश्यक हुने भएकाले घरेलु कुहिने फोहोरलाई कम्पोस्ट मल बनाएर cocopeat, wood fiber लगायतका महँगो वस्तुलाई प्रतिस्थापन गर्न सकिने ।<br>• बागमती प्रदेशमा (विशेषगत काठमाडौं उपत्यकामा) अन्य बालीलाई प्रतिस्थापन गरी तरकारी खेती र फलफूल खेतीमा मात्र केन्द्रित भएमा वैदेशिक पर्यटकहरुलाई Agrotourism तर्फ आर्कषित गर्नसक्ने सम्भावना रहेको ।<br>• पहाडी तथा हिमाली भेगमा उत्पादन हुने कोदो, जौ, फापर तथा मसलाजन्य रैथाने बालीहरु अन्तर्राष्ट्रिय जगतमा Nutri Cereal /Superfood लगायतका नामबाट प्रचलित रहेकाले रैथाने बालीका उपजमा आधारित विभिन्न परम्परागत तथा आधुनिक परिकारको विकास गर्न सकिएमा सहज बजारीकरणको सम्भावना रहेको । |
| गण्डकी प्रदेश | • गण्डकी प्रदेशमा उत्पादनको उच्च सम्भावना भएका स्याऊ, सुन्तला, कफि जस्ता कृषि उत्पादनमा न्यूनतम आधार मूल्य कायम गर्ने साथै आवश्यकता अनुसार कलेक्सन सेन्टर तथा कृषि बजार स्थापना भएमा उत्पादित बस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने सम्भावना रहेको ।<br>• परियोजना धितोको आधारमा कृषि ऋण प्रोत्साहित गर्न लिज कानून तर्जुमा गरी कार्यान्वयन गरिएमा यस क्षेत्रको कृषि कर्जा तथा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको । |

| | |
|---|---|
| | • कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक श्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणाली मार्फत तथ्याङ्क संकलन गर्न सकिएमा वास्तविक तथ्याङ्क प्राप्त भई यस प्रदेशको कृषि क्षेत्रको नीति निर्माणमा थप टेवा पुग्ने सम्भावना रहेको ।<br>• गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारहरुमा लिफ्ट सिंचाई मार्फत सिंचाइको पहुँच पुऱ्याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • भौगोलिक विविधताले भरिपूर्ण यस प्रदेशमा अधिकांश जनसङ्ख्या कृषिमा आश्रित रहनुका साथै खेती तथा पशुपालनका लागि उपयुक्त हावापानी भएकाले व्यावसायिक एवम् आधुनिक कृषि मार्फत कृषि तथा पशुजन्य उत्पादनको राम्रो सम्भावना रहेको छ ।<br>• यस प्रदेशमा रहेका सिक्टा सिँचाई आयोजना, बबई सिँचाई आयोजना तथा भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना पूर्ण रुपमा सञ्चालनमा आए पश्चात् बेमौसमी एवम् मौषमी तरकारी लगायत अन्य कृषिजन्य उत्पादन बढ्ने सम्भावना रहेको छ ।<br>• यस प्रदेशका पहाडी तथा उच्च पहाडी जिल्लाहरुमा उत्पादन भएका जडीबुटीहरु प्रशोधन केन्द्र स्थापना गरी मूल्य अभिवृद्धि सहित निर्यातको राम्रो सम्भावना रहेको छ । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेशको अधिकांश भागमा रासायनिक मलको कम प्रयोग हुने भएकाले कृषकहरुलाई प्राङ्गारिक कृषि खेतीतर्फ आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने सम्भावना रहेको ।<br>• भौगोलिक रुपमा विकट तथा दुर्गम क्षेत्रमा यातायात सुविधा को विस्तार हुँदै जानुले कृषि उपजहरुको विक्री, एवं वितरणमा सहजता हुनु जसले गर्दा ग्रामीण क्षेत्रमा कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि साथै कृषि उपजहरुको प्रवर्द्धन गरी कृषकहरुको आयस्तर बढाउन सकिने सम्भावना रहेको ।<br>• जलवायु परिवर्तनका नकारात्मक असरहरु न्यूनीकरण गर्न विश्वव्यापी रुपमा चासो बढ्दै जानु, कृषि विज्ञ साथ-साथै पशु विज्ञान अध्ययन गराउने प्राविधिक शिक्षण संस्था तथा अध्ययन गर्ने स्थानीय युवाको सङ्ख्यामा वृद्धि हुँदै जानुले कृषि क्षेत्रमा देखिएका समस्याहरुको समयमै निराकरण गरी गुणस्तरीय वस्तुहरुको उत्पादन तथा प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको । |
| सुदूर पश्चिम प्रदेश | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेलधुरा जिल्लामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेलधुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनले प्रदेश यी प्रमुख बालीहरुमा आत्मनिर्भर भई निर्यात समेत प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको ।<br>• यस प्रदेशमा उत्पादन भईरहेका कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आवद्ध गर्दै उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सिर्जना र वृद्धि गर्न सकिने ।<br>• प्रदेशलाई बिउमा आत्मनिर्भर बनाउन र आयात प्रतिस्थापन गर्न किसान समूह, किसान सहकारीमार्फत खाद्यान्न र तरकारी बालीको बिजवृद्धि कार्यक्रम सञ्चालन हुनु । |

### परिच्छेद ४
# उद्योग क्षेत्र

## ४.१ उद्योगको विवरण

उद्योग विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा देशभर स्वदेशी र विदेशी लगानीका गरी जम्मा ९ हजार ८५ उद्योगहरु दर्ता भएका छन् । यसरी दर्ता भएका उद्योगबाट आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा ६ लाख ८० हजार ३ सय २७ जनाको संख्यामा रोजगारी सृजना भएको छ । अघिल्लो आर्थिक वर्षको अन्त्यसम्ममा उद्योग विभागमा दर्ता रहेका उद्योगको संख्या ८ हजार ७ सय ६२ रहेको थियो ।

**तालिका ४.१ : आ.व. २०७९/८० मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण**

| प्रदेश | उद्योगको संख्या | कुल पूंजी (रु. दश लाखमा) | कुल स्थिर पूंजी (रु. दश लाखमा) | चालु पूंजी (रु. दश लाखमा) | रोजगारी |
|---|---|---|---|---|---|
| कोशी | ३९ | ५३५२१.६९ | ४९८५५.३७ | ३६६६.३२ | ४६८३ |
| मधेश | ३६ | १५७१४.१८ | १२०३४.४६ | ३६७९.७२ | ३३०२ |
| बागमती | १६९ | ८३६०७.६६ | ६२७९८.४७ | २०८०९.१९ | ८९९५ |
| गण्डकी | २९ | ३९६५९.०५ | ३८८५९.२५ | ७९९.८० | १७५० |
| लुम्बिनी | ४२ | १६७०७.९० | ११९९१.८३ | ४७१६.०६ | ४२७३ |
| कर्णाली | - | - | - | - | - |
| सुदूरपश्चिम | ७ | ५०१८.५५ | ४१०४.४२ | ९१४.१३ | ३२१ |
| **जम्मा** | **३२२** | **२१४२२९.०३** | **१७९६४३.८०** | **३४५८५.२३** | **२३३२४** |

*स्रोत : उद्योग विभाग, २०८०*

आर्थिक वर्ष २०७९/८० मा कुल ३२२ उद्योग स्वीकृत भई रु.२१४ अर्ब २२ करोडको कुल पूँजी र २३ हजार ३ सय २४ रोजगारी प्रस्ताव गरिएको छ (तालिका ४.१) । आ.व. २०७९/८० मा उद्योग विभागमा ६६ वटा ठूला, ७० वटा मझौला र १८६ वटा साना उद्योग दर्ता भएका छन् । आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा उदयपुर, तेह्रथुम पाँचथर र ईलाम, मधेश प्रदेशमा सप्तरी, महोत्तरी र रौतहट, बागमती प्रदेशमा रामेछाप र सिन्धुली, गण्डकी प्रदेशमा स्याङजा र पर्वत, लुम्बिनी प्रदेशमा पाल्पा, गुल्मी, प्यूठान र रोल्पा, कर्णाली प्रदेशमा सुर्खेत, दैलेख, कालिकोट, डोल्पा, हुम्ला, मुगु, जाजरकोट, जुम्ला, रुकुम पश्चिम र सल्यान तथा सुदूरपश्चिम प्रदेशमा अछाम, बैतडी, बाजुरा, डडेलधुरा र डोटी जिल्ला गरी कुल ३० जिल्लामा कुनैपनि नयाँ उद्योग दर्ता भएका छैनन् । आर्थिक वर्ष २०७९/८० मा कर्णाली प्रदेशमा कुनैपनि नयाँ उद्योग दर्ता भएका छैनन् (तालिका ४.२)। आर्थिक वर्ष २०७५/७६ मा ४३९ उद्योग थप भएकोमा आर्थिक वर्ष २०७९/८० मा ३२२ उद्योग थप भएका छन् । विगतका ३ वर्षमा नयाँ उद्योग दर्ता संख्यामा कमी आए पनि आर्थिक वर्ष २०७९/८० मा उद्योग दर्ता संख्यामा वृद्धि भएको देखिन्छ ।

**तालिका ४.२ : उद्योग दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कोशी | ५८ | ३० | ३२ | ४२ | ३९ |
| मधेश | ३० | १८ | २१ | ४८ | ३६ |
| बागमती | २६३ | १७७ | ८९ | १३१ | १६९ |
| गण्डकी | ४८ | २९ | २९ | २४ | २९ |
| लुम्बिनी | ३२ | २० | २५ | ५१ | ४२ |
| कर्णाली | १ | २ | ० | ३ | ० |
| सुदूरपश्चिम | ७ | १ | ७ | १० | ७ |
| **जम्मा** | **४३९** | **२७७** | **२०३** | **३०९** | **३२२** |

*स्रोत : उद्योग विभाग, २०८०*


आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म उद्योग विभागमा १ हजार ३ सय ७० ठूला, २ हजार ८७ मझौला र ५ हजार ६ सय २८ साना उद्योग दर्ता भएका छन् । जसमा उत्पादनमूलक उद्योगको हिस्सा ३७.३५ प्रतिशत, सेवा उद्योगको हिस्सा २६.१५ प्रतिशत, पर्यटनमूलक उद्योगको हिस्सा २१.८९ प्रतिशत, कृषिमा तथा वन पैदावरमा आधारित उद्योगको हिस्सा ५.८३ प्रतिशत, ऊर्जामूलक उद्योगको हिस्सा ६.०१ प्रतिशत, सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगको हिस्सा १.२ प्रतिशत, खनिज उद्योगको हिस्सा ०.८४ प्रतिशत तथा पूर्वाधार उद्योगको हिस्सा ०.७३ प्रतिशत रहेको छ ।

## ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन

समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४९.८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७८/७९ मा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ५२.८ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका उद्योगमध्ये बिजुली उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी (८६.२ प्रतिशत) रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम (२.६ प्रतिशत) रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ७ (क) मा प्रस्तुत गरिएको छ ।

अध्ययनले समेटेका उद्योगहरुमध्ये तोरीको तेल, प्रशोधित दुध, चामल, विस्कुट, चिनी, प्रशोधित चिया, मदिरा, हल्का पेय पदार्थ, सिन्थेटिक कपडा, गार्मेन्ट, जुटका सामान, कागज, क्याप्सुल, ओइन्टमेन्ट, ड्राई सिरफ, लिक्यूड, प्लास्टिकका सामान, जि आई तार, घरेलु धातुका सामान, आल्मुनियम उत्पादन, चप्पल र बिजुली उत्पादन गर्ने उद्योगको क्षमता उपयोग बढेको छ भने वनस्पती घिउ, भटमासको तेल, गहुँको पिठो, चकलेट, पशुदाना, चाउचाउ, वियर, चुरोट, धागो, कच्चा छाला, चिरेको काठ, प्लाईउड, रोजिन, रंग, ट्याब्लेट औषधी, साबुन, कंक्रीट, फलामको छड तथा पत्ति, स्टिलजन्य उत्पादन, जि.आई.पाईप, पोलिथिन पाइप, ईटा, बिजुलीका तार, टायर तथा ट्यूव र कपडाको जुत्ता उत्पादन गर्ने उद्योगको क्षमता उपयोग घटेको छ ।


**चार्ट ४.१ : प्रमुख उद्योगको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु*

सातवटै प्रदेशको अघिल्लो आर्थिक वर्ष र समीक्षा वर्षमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग तुलनात्मक रुपमा चार्ट ४.२ मा देखाइएको छ । गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको उद्योगको औसत क्षमता उपयोग बढेको छ भने कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश र लुम्बिनी प्रदेशको उद्योगको औसत क्षमता उपयोग घटेको छ ।

**चार्ट ४.२ : प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा)**





*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु*

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा

२०७९ असार मसान्तको तुलनामा २०८० असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १०.८ प्रतिशतले वृद्धि भई रु.१३ खर्ब ८७ अर्ब ४४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ८.५ प्रतिशतले घटेको थियो। कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २८.४ प्रतिशत रहेको छ।

औद्योगिक कर्जामध्ये खानीसम्बन्धी उद्योगमा ०.८६ प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा १९.९१ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३८.९९ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा १२.८१ प्रतिशत, विद्युत ग्यााँस तथा पानीसम्बन्धी उद्योगमा २२.१७ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ५.२७ प्रतिशत कर्जा प्रवाह भएको छ।

**चार्ट ४.३ : औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.९ खर्ब ५४ अर्ब १ करोड कर्जा लगानीमा रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.३ अर्ब ९८ करोड कर्जा लगानीमा रहेको छ (तालिका ४.३) ।


**तालिका ४.३ : प्रदेशगत औद्योगिक कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| कोशी प्रदेश | १२,९१७.९३ | ९.३ |
| मधेश प्रदेश | १०,९५९.८७ | ७.९ |
| बागमती प्रदेश | ९५,४०१.४७ | ६८.८ |
| गण्डकी प्रदेश | ३,७४८.७० | २.७ |
| लुम्बिनी प्रदेश | १२,६२८.५८ | ९.१ |
| कर्णाली प्रदेश | ३९८.६१ | ०.३ |
| सुदूरपश्चिम प्रदेश | २,६८९.०३ | १.९ |
| **जम्मा** | **१३८,७४४.१९** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८०*

औद्योगिक कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको हिस्सा ९.३ प्रतिशत, मधेश प्रदेशको ७.९ प्रतिशत, बागमती प्रदेशको ६८.८ प्रतिशत, गण्डकी प्रदेशको २.७ प्रतिशत, लुम्बिनी प्रदेशको ९.१ प्रतिशत, कर्णाली प्रदेशको ०.३ प्रतिशत र सुदूरपश्चिम प्रदेशको १.९ प्रतिशत रहेको छ (चार्ट ४.४)। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (क-ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.४ : औद्योगिक कर्जामा प्रदेशगत कर्जाको हिस्सा (प्रतिशत)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

नवीनतम उद्योगको स्थापना तथा सञ्चालनको लागतमा कमी ल्याउनु, सञ्चालनमा रहेका औद्योगिक क्षेत्र/कोरिडोर एवं विशेष आर्थिक क्षेत्रहरुको प्रभावकारी व्यवस्थापन तथा विस्तार गर्नु, स्वदेशी औद्योगिक

कच्चा पदार्थको उत्पादन तथा खपत वृद्धि गर्नु, उद्योग सञ्चालनका लागि आवश्यक उर्जा तथा स्थानको व्यवस्थापन गर्नु, औद्योगिक आपूर्ति श्रृंखला प्रभावकारी बनाउनु, साथसाथै, लगानीमैत्री वातावरण सृजना गर्नु , सडक, ऊर्जा, सञ्चार जस्ता न्यूनतम आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारको विकास गर्नु, उद्योग क्षेत्रमा विदेशी लगानी आकर्षण गरी प्रविधि हस्तान्तरण तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु, औद्योगिक क्षेत्रमा अभाव हुने अर्ध-दक्ष तथा दक्ष जनशक्तिको पलायन रोकी दक्ष श्रमशक्तिको उपलब्धता सुनिश्चित गर्नु, लगानीमैत्री वातावरण सृजना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका निर्यातमूलक उद्योगमा लगानी बढाउनु, उद्योगी-श्रमिकका बीचमा सम्बन्ध सुधार गरी सुमधुर औद्योगिक वातावरण सृजना गर्नु जस्ता चुनौतीहरु औद्योगिक क्षेत्रमा अझै पनि विद्यमान रहेका छन्। उद्योग क्षेत्रका प्रदेशगत चुनौती तालिका ४.४ दिइएको छ।

**तालिका ४.४ : उद्योग क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| कोशी प्रदेश | • उद्योगको पछिल्लो पाँच वर्षको औसत क्षमता उपयोग ५४.७ प्रतिशत रहेको र निरन्तर घट्दो क्षमता उपयोगलाई मध्यनजर गर्दै उद्योगको क्षमता अभिवृद्धि गर्नका लागि अवलम्वन गरिनुपर्ने विधि तथा प्रकृयालाई प्राथमिकता दिई उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्नु।<br>• नेपालमा नै उत्पादन हुने कतिपय वस्तुहरुका लागि आवश्यक संकलन केन्द्र तथा शीत भण्डार जस्ता आवश्यक पूर्वाधारहरुको अभाव भई बस्तुको आपूर्तिमा समस्या देखिएकाले सो क्षेत्रको विकासमा लगानीको वातावरण बनाई आपूर्तिलाई नियमित गर्नु।<br>• युवा श्रमशक्तिहरु वैदेशिक रोजगारमा आकर्षित भइरहेको सन्दर्भमा दक्ष जनशक्तिको आपूर्तिलाई टिकाई राख्नु र उद्योगी तथा श्रमिक बीचको सम्बन्धलाई मजबुत बनाई सहज वातावरण तयार गर्नु।<br>• उद्योगका लागि आवश्यक कृषि उपजहरुको उत्पादनलाई बढवा दिई कच्चापदार्थका लागि भारतसँगको निर्भरता कम गर्नु। |
| मधेश प्रदेश | • श्रमिक, उर्जा तथा कच्चा पदार्थको कारण बढ्ने औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु।<br>• स्थानीय उद्योगहरूको उत्पादन क्षमता बढाई उत्पादित वस्तुहरू छिमेकी मुलुकहरूमा निकासी गर्ने सहज वातावरण निर्माण गर्नु। साथसाथै, औद्योगिक क्षेत्रमा समय समयमा श्रमिक र व्यवस्थापन बीच देखा पर्ने प्रतिकुल श्रम सम्वन्धमा सुधार गरी उत्पादकत्व बढाउनु।<br>• मधेश प्रदेशमा कृषि तथा माछा पालनको राम्रो सम्भावना रहेको भएतापनि व्यावसायिक उत्पादन हुन नसकेकोले यसलाई व्यावसायिक बनाउनु। |
| बागमती प्रदेश | • भन्सार छली तथा कम विजकीकरण गरेर ल्याइएका जुत्ता, चप्पल, लत्ता कपडा तथा नक्कली ब्रान्डका सामान बजारमा सजिलै उपलब्ध हुने तथा उक्त सामानहरुको मूल्य कम हुने भएकोले स्वदेशी उत्पादनले त्यस्ता सामानहरुसँग प्रतिस्पर्धा गर्दै बजार विस्तार तथा आयात प्रतिस्थापन गर्नु तथा सरकारी तबरबाट निरन्तर नियमन र कारबाही गर्नु।<br>• नेपालको मौलिक हस्तकला, सुन तथा चाँदीका गरगहना तथा ढलोट तथा तामाका सामाग्री बनाउने पुर्ख्यौली व्यवसायबाट पछिल्लो पुस्ता विस्तापित हुँदै गएकोले यस व्यवसायको स्थायीत्व तथा आकर्षण कायम राख्नु साथै यस्ता सामाग्रीको अन्तराष्ट्रियकरण गर्न mass production मा जोड दिनु।<br>• प्रदेशका रसुवा, रामेछाप, दोलखा, सिन्धुली लगायतका जिल्लाहरुमा उद्योग दर्ताको संख्या नगन्य रहेकोले त्यस क्षेत्रका जनशक्तिलाई औद्योगिक सीपको विकास गरी उद्योगको स्थापना गर्न प्रोत्साहित गर्नु। |

| | |
|---|---|
| गण्डकी प्रदेश | • पछिल्लोसमय बैंक तथा वित्तीय संस्थाहरुबाट पर्याप्त ऋण लगानी हुन नसक्नु, कर्जाको ब्याजदरमा वृद्धि हुनु, तरलता संकुचन जस्ता कारणहरुले नयाँ उद्योग स्थापना तथा भैरहेका उद्योगलाई टिकाई क्षमता वृद्धिका लागि थप लगानी जुटाउन चुनौतिपूर्ण रहेको ।<br>• उद्योग स्थापना, नवीकरण लगायत कर/दस्तुर आदि बुझाउने प्रकृयागत कार्यहरुको सहजिकरणका लागि एकल बिन्दु सेवाको कार्यान्वयन, प्रविधिको उपयोग, विद्युतीय सेवा र विद्युतीय भुक्तानी कारोबारको अधिकतम प्रवर्द्धन गर्नु ।<br>• घर-जग्गाको निरन्तर मूल्य वृद्धि र अव्यवस्थित सहरीकरणका कारण नयाँ उद्योग स्थापनाका लागि जग्गा प्राप्ती चुनौतीपूर्ण हुनु । |
| लुम्बिनी प्रदेश | • भैरहवामा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) लाई पूर्ण क्षमतामा सञ्चालन गर्न तथा स्थापित उद्योगहरु मार्फत निर्यात वृद्धि गर्नु ।<br>• सिमेन्ट उद्योगहरुले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने चुनढुङ्गा उत्खनन हुँदा त्यसको प्रतिकुल प्रभावस्वरुप हुने भू–क्षय, पानीका मुहानको सुरक्षा लगायतका असरहरु न्यूनीकरण गर्नु ।<br>• यस प्रदेशको कृषि उत्पादनलाई उद्योग एवम् बजारसँग जोड्न आवश्यक सडक, विद्युत लगायतका औद्योगिक पूर्वाधारहरुको निर्माण गर्ने ।<br>• यस प्रदेशबाट भारत तथा अन्य देशहरुमा रोजगारीका लागि जाने प्रवृत्ति बढ्दै गएको वर्तमान परिस्थितिमा कामदारहरुको क्षमता अभिवृद्धि गरी श्रमशक्ति उद्योगतर्फ आकर्षित गर्ने । |
| कर्णाली प्रदेश | • औद्योगिक क्षेत्रमा लगानीमैत्री वातावरणको सिर्जना गर्न आवश्यक पूर्वाधारको विकास गरी स्वदेशी पुँजी परिचालन र वैदेशिक लगानीलाई आकर्षण गर्नु ।<br>• औद्योगिक विकासको लागि कर्णाली प्रदेशको भौगोलिक विकटता बाधक बनिरहेको अवस्थामा सहज मोटरबाटो, विद्युत र सञ्चार जस्ता पूर्वाधारको विकास गरी उद्योग क्षेत्रको विस्तार गर्नु ।<br>• कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात ५.३ प्रतिशत मात्र उद्योगहरु सञ्चानमा रहेको अवस्थामा प्रदेशका अधिकांश पहाडी तथा उच्च हिमाली जिल्लाहरुमा जडिबुटी तथा औषधिजन्य उत्पादनमा आधारित उद्योग, दैलेख जिल्लामा पेट्रोलियम खानीजन्य उद्योग र जाजरकोट जिल्लामा ग्रेनाईटको खानीजन्य उद्योग लगायत अन्य उद्योगहरु सञ्चालन गरी प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानलाई अभिवृद्धि गर्नु ।<br>• यस प्रदेशबाट भारत लगायत अन्य मुलुकहरुमा रोजगारीका लागि जाने श्रमिकहरुको संख्या अत्यधिक रहेकोले प्रदेशमा उपलब्ध स्थानीय स्रोत र साधनहरुमा आधारित उद्योगहरुमा आकर्षित गरी प्रदेशमा जनशक्ति टिकाई राख्नु । |
| सुदूरपश्चिम प्रदेश | • पर्याप्त अनुसन्धान, अन्वेषण र सम्भाव्य क्षेत्रको पहिचान गरी औद्योगिकीकरण र उद्यमशीलता विकास गर्नु ।<br>• समग्र मागमा कमी, औद्योगिक असुरक्षा, असहज श्रम सम्वन्ध, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी आदि उद्योग सञ्चालनका लागि मुख्य चुनौतीको रुपमा रहेको । |

* अधिकांश चुनौतीहरु राष्ट्रियस्तरमा पहिचान गरिएका चुनौतीहरु नै रहेका छन् ।

### सम्भावना

घट्दै गरेको ब्याजदर, तुलनात्मक रुपमा सस्तो जनशक्तिको उपलब्धता, स्वदेशी वस्तुको उत्पादन र प्रयोगमा सरकारको प्राथमिकता, बढ्दै गएको प्रविधिको प्रयोग, बढ्दो बैंकिङ पहुँच, सरकारले उद्योग स्थापनामा सहजीकरण गर्ने नीति लिएको, निर्यातमा अनुदान, आन्तरिक मागको उच्च हिस्सा आयातबाट पूर्ति हुने

गरेकोले आयात प्रतिस्थापनमार्फत् आन्तरिक माग व्यवस्थापन गर्न उद्योग स्थापना गर्ने अवसर समेत रहेको छ। सिमेन्ट, स्टिल, चिया, जस्तापाता, पेन्ट, विद्युतीय केबल तथा कण्डक्टर लगायतका उद्योगहरु आत्मनिर्भरतातर्फ उन्मुख भएकाले यस्ता उत्पादनको आयात घट्दै गई निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना छ। जलविद्युत् उत्पादनमा आएको वृद्धिले औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत उपलब्ध भई उत्पादन लागतमा कमी आउने सम्भावना रहेको छ।

**तालिका ४.५ : उद्योग क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| कोशी प्रदेश | • उद्योग क्षेत्रमा विद्युतको आपूर्तिलाई नियमित गर्ने तथा विद्युत महसुलमा सहुलियत दिई उद्योग क्षेत्रको उत्पादनमा वृद्धि गर्न सके लागतमा कमी आई उद्योगहरुको प्रतिस्पर्धि क्षमता वृद्धि हुने।<br>• भित्री मधेश र पहाडी जिल्लाहरुमा रहेका वनबाट काठको उत्पादनमा वृद्धि भएको हुँदा मधेशका जिल्लाहरुमा भेनियर उद्योगहरुको स्थापना बढेसँगै सोको बजारीकरण विस्तार गर्न सके भारत लगायत तेस्रो मुलुकमा निर्यात बढाउन सकिने।<br>• नेपालमा उत्पादित चिया भारतमा उच्चमात्रामा निर्यात भईरहेको अवस्थामा, भारत लगायत तेस्रो मुलुकका सम्बन्धित देशहरुको मापदण्डहरुलाई पुरा गरी निर्यात गर्नसके बढि लाभ लिन सकिने।<br>• कृषि तथा वनजन्य उत्पादनहरु अलैंची, अम्रिसो, लोक्ता जस्ता कच्चा पदार्थलाई आधार मानेर कागज उद्योग स्थापना र सञ्चालन गरी विदेशी कागज आयातमा कटौती गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सकिने। |
| मधेश प्रदेश | • मुलुकको सबभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने।<br>• मधेश प्रदेशको सम्पूर्ण दक्षिणी सीमा भारतसँग जोडिएकोले भारतबाट सुलभ मूल्यमा औद्योगिक कच्चा पदार्थ आयात गरी कम लागतमा वस्तु उत्पादन गरी सजिलै भारत निकासी गर्न सक्ने सम्भावना रहेको।<br>• मधेश प्रदेशमा पूर्व-पश्चिम राजमार्ग लगायत संघीय राजधानी काठमाडौ तथा पहाडी जिल्लाहरू जोड्ने सडक सञ्जाल रहेकोले यहाँ दूध, माछा, मासु, अन्न जस्ता कृषिमा आधारित उद्योगहरू स्थापना गर्न सके यी उद्योगहरूबाट उत्पादित वस्तुहरू देशभरि नै पुऱ्याउन सक्ने प्रचुर सम्भावना रहेको। |
| बागमती प्रदेश | • रसुवागढी भन्सारको भवन निर्माण अन्तिम चरणमा रहेको र सो स्थानबाट भन्सार, बैंक र अध्यागमनको सुविधा एकै स्थानबाट दिन सकिने भएकोले ओद्योगिक उत्पादनको आयात निर्यात, व्यापार र पर्यटन आगमनमा टेवा पुग्ने साथै उक्त जिल्ला तथा आसपासका जिल्लाबाट उत्पादित वस्तुको निर्यात बढ्ने सम्भावना रहेको।<br>• पछिल्लो दशकमा पशुपन्छी पालनको व्यवसाय बढ्दै गएको परिपेक्ष्यमा काठमाडौं उपत्यका, चितवन लगायतका क्षेत्रमा ससेज, frozen meat, frozen momo लगायतका मासुजन्य उत्पादनको बजार विस्तारको सम्भावना रहेको।<br>• प्रदेशमा मासुजन्य उत्पादनको प्रयोग बढी भएकोले जनावरको byproduct लाई कच्चा पदार्थका रुपमा प्रयोग हुने कस्मेटिक्स, औषधी लगायतका उद्योग विस्तारको सम्भावना रहेको। |
| गण्डकी प्रदेश | • प्रदेशमा एकातर्फ उर्वर भूमी रहेको र अर्कोतर्फ पर्यटन विकासको पनि उत्तिकै सम्भावना रहेको सन्दर्भमा कृषि उत्पादन अभिवृद्धि गर्दै कृषि प्रशोधन उद्योगहरु सञ्चालन मार्फत पर्यटन र कृषि व्यवसायमा अग्र-पृष्ठ सम्बन्ध स्थापना गरी उत्पादन, आय र रोजगारी वृद्धि गर्न |

| | |
|---|---|
| | सकिने प्रवल सम्भावना रहेको ।<br>• आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै कृषि क्षेत्र तथा स्थानीय श्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सक्ने सम्भावना रहेको ।<br>• गण्डकी प्रदेशमा बिस्कुट, चाउचाउ जस्ता खाद्यवस्तुहरुको उद्योगको संख्या र उत्पादन बढी रहेको सन्दर्भमा त्यस्ता वस्तुहरुको आयातमा कडाई गरी उत्पादनलाई थप प्रोत्साहन गर्न सकिएमा उक्त वस्तुहरुमा आत्मनिर्भर हुन सकिने र साथसाथै, निर्यातको प्रचुर सम्भावना रहेको ।<br>• प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • रोजिन उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ सल्लाको खोटो यस प्रदेशमा पाईने भएकाले हाल भईरहेको रोजिन उत्पादनमा उल्लेख्य वृद्धि गरी भारतीय बजारमा निर्यात गर्न सकिने ।<br>• भैरहवा विशेष आर्थिक क्षेत्र (SEZ) मा थप उद्योगहरु स्थापना हुने क्रममा रहनु, रुपन्देहीको मोतिपुर र बाँकेको नौवस्तामा नयाँ औद्योगिक क्षेत्र निर्माण शुरु हुनुले यस प्रदेशमा नयाँ उद्योगहरु स्थापनाको थप सम्भावना रहेको ।<br>• प्रदेशअन्तर्गत रहेका र सम्भावना बोकेका पहाडी र हिमाली जिल्लाहरुका जडिबुटी तथा मसलाजन्य उत्पादनमा आधारित प्रशोधन केन्द्र/उद्योगको स्थापना गरी निर्यात बढाउन सकिने सम्भावना रहेको छ भने तराईका जिल्लाहरुमा खाद्यान्नमा आधारित उद्योगहरु स्थापनाको सम्भावना रहेको ।<br>• यस प्रदेशमा गुणस्तरीय चुनढुङ्गाको उपलब्धता भएकाले सिमेन्टको उत्पादनमा वृद्धि गरी छिमेकी मुलुक भारतमा समेत निर्यात गर्ने उच्च सम्भावना रहेको छ । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेशमा उद्योगहरु अत्यन्तै न्यून संख्यामा रहेकोले उद्योग क्षेत्रको विकास र विस्तार गर्न पर्याप्त अवसर रहेको देखिन्छ यसकारण यस प्रदेशमा औद्योगिक क्षेत्रको विकास र विस्तार गरी दिगो तथा फराकिलो आर्थिक वृद्धि हाँसिल गर्न सकिने ।<br>• संघ, प्रदेश तथा स्थानीय तहले प्राविधिक शिक्षाको विकास र विस्तारलाई प्रमुख प्रथामिकतामा राखी विभिन्न सिपमूलक अध्ययन अध्यापनमा जोड दिदै गईरहेकोले औद्योगिक क्षेत्रमा आवश्यक सिपयुक्त दक्ष जनशक्ति उपलब्ध हुने सम्भावना रहेको ।<br>• कर्णाली प्रदेशमा घरेलु, साना तथा मझौला उद्योगहरु (SMEs) सञ्चालन गर्न आवश्यक स्रोत साधनहरुको पहुँच तथा पर्याप्तता रहेकोले यस्ता उद्योगहरु सञ्चालन गरी स्थानीय उत्पादनलाई निर्यात गर्न सकिने सम्भावना रहेको ।<br>• यस प्रदेशमा प्राङ्गारिक कृषि खेतीको प्रचुर सम्भावना रहेकोले कृषि र यससँग अन्तरनिहित उद्योगहरुको स्थापना गरी यस प्रदेशलाई प्राङ्गारिक कृषि खेतीको नमुना क्षेत्रको रुपमा विकास गर्न सक्ने सम्भावना रहेको । |
| सुदूरपश्चिम प्रदेश | • सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नया जस्ता नदीहरु एवम् प्रशस्त ताल र पोखरीहरु रहेको यस प्रदेशमा उर्जामुलक उद्योग अन्तर्गत जलस्रोत उद्योगको अधिक सम्भाव्यता रहेको ।<br>• यस प्रदेशमा पर्याप्त मात्रामा मकैको उत्पादन हुनुका साथै व्यावसायिक बंगुर तथा कुखुरापालन गर्ने प्रचलन बढ्दै गएकोमा पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने । डडेलधुरा, बैतडी तथा डोटी जिल्लामा प्रशस्त मात्रामा भटमास खेती हुने भएकाले ती जिल्लाहरुमा भटमास प्रशोधन उद्योगको स्थापना गर्न सकिने ।<br>• कैलाली र कञ्चनपुर जिल्ला कृषि उत्पादनका लागि उर्वर भएका कारण कृषिमा आधारित उद्योगहरु (विशेषतः धान, गँहु, दलहन तथा नगदेबाली) को स्थापना गर्न सकिने ।<br>• मुक्त कमैया हलियाहरुका लागि सिपमूलक तालिम प्रदेशका विभिन्न ठाउँमा भईरहेकाले साना उद्योगी व्यवसायीलाई प्रोत्साहन गर्न सकिने । |


## परिच्छेद ५
# सेवा क्षेत्र

वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियल इस्टेटसम्बन्धी कारोबार, वित्तीय सेवा, सञ्चार र यातायात सेवाहरु समेटिएका छन् ।

## ५.१ पर्यटन

सन् २०२३ मा हवाई मार्गबाट आगमन गर्ने पर्यटनसंख्या ६५.० प्रतिशतले वृद्धि भई १० लाख १४ हजार ७ सय ७१ जना पुगेको छ (चार्ट ५.१) । आएका पर्यटकहरुमध्ये ३१.५ प्रतिशत पर्यटक भारतबाट, ६.० प्रतिशत चीनबाट र ६२.५ प्रतिशत अन्य मुलुकका रहेका छन् । भारतको पर्यटन आगमन वृद्धिदर ५२.८ प्रतिशत, चीनबाट ५३४.२ प्रतिशत र तेस्रो मुलुकबाट ६०.१ प्रतिशत वृद्धि भएको छ । अघिल्लो वर्ष सो आगमन संख्या ६ लाख १४ हजार ८ सय ६९ रहेको थियो ।

**चार्ट ५.१ : पर्यटन आगमन संख्या (हवाई मार्गबाट)**




*स्रोत: नेपाल पर्यटन बोर्ड*

नागरिक उड्डयन प्राधिकरणको तथ्याङ्कअनुसार २०८० असार मसान्तसम्ममा ९ वटा आन्तरिक हवाई सेवा कम्पनी र ३० वटा अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनी गरी समग्रमा ३९ वटा हवाई सेवा कम्पनी रहेका छन् । समीक्षा वर्षमा मुलुकमा समग्र हवाइ सेवा दिने कम्पनीको संख्या २.६ प्रतिशतले वृद्धि भएको छ जसमा आन्तरिक हवाई सेवा कम्पनीको संख्यामा कुनै वृद्धि भएको छैन भने अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीको संख्यामा ३.५ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, समग्रमा हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता १३.५ प्रतिशतले वृद्धि भएर १३ हजार ३ सय २२ पुगेको छ, जसमा आन्तरिक हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता २ हजार ४ सय ५२ रहेको छ भने अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता १० हजार ८ सय ७० रहेको छ ।

पर्यटन विभागको तथ्याङ्कअनुसार देशभर ३७ वटा एकतारे, ४३ वटा दुईतारे, ३४ वटा तीनतारे, २७ वटा चारतारे, १७ वटा पाँचतारे होटल, १ वटा पाँच तारा डिलक्स, ३ डिलक्स रिसोर्ट, २ वटा लक्जरी रिसोर्ट, ४ वटा हेरिटेज एवम् बुटिक होटल र १०७ वटा साधारण रिसोर्ट गरी जम्मा २७६ वटा होटल तथा रिसोर्टहरु सञ्चालनमा रहेका छन् (तालिका ५.१) ।

**तालिका ५.१: स्तर वर्गीकरण भएका होटल तथा रिसोर्टहरुको विवरण**

| होटलको वर्गीकरण | संख्या | कोठा संख्या | शैया संख्या | कामदार संख्या |
|---|---|---|---|---|
| हेरिटेज एवम् बुटिक होटल | ४ | ३३९ | ५५४ | ४९८ |
| लक्जरी रिसोर्ट | २ | २०० | ३२२ | - |
| डिलक्स रिसोर्ट | ३ | १७९ | २६१ | - |
| पाँच तारा डिलक्स | १ | १०१ | १८५ | ११० |
| पाँच तारा स्तरका होटल | १७ | २७७६ | ४१६० | ३८६८ |
| चार तारा स्तरका होटल | २७ | २१४८ | ३२३६ | २३६४ |
| तीन तारा स्तरका होटल | ३५ | २१५९ | ३५४० | २०५२ |
| दुई तारा स्तरका होटल | ४३ | १५९७ | २४०८ | १९३५ |
| एक तारा स्तरका होटल | ३७ | ८७२ | १५७३ | ७०९ |
| साधारण रिसोर्ट | १०७ | २२२० | ३९५३ | - |
| **कुल** | **२७६** | **१२५९१** | **२०१९२** | **-** |

स्रोतः पर्यटन विभाग, २०७९

## ५.२ सार्वजनिक निर्माण तथा रियल इस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्यामा गत वर्षको तुलनामा १४.३ प्रतिशतले कमीआई ५ लाख २९ हजार ५ सय ३० कायम भएको छ। गत वर्ष सो संख्या ६ लाख १७ हजार ५ सय ६६ रहेको थियो। समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व गत वर्षको तुलनामा ६.२ प्रतिशतले घटेर रु.३६ अर्ब ९७ करोड ९२ लाख पुगेको छ। गत वर्ष यस्तो राजस्व १६.२ प्रतिशतले घटेको थियो। गत वर्ष ४.५ प्रतिशतले बढेको घर/भवन नक्शा पास संख्या भने समीक्षा वर्षमा २९.६ प्रतिशतले घटेको छ।


**तालिका ५.२ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| प्रदेश | घरजग्गा रजिष्ट्रेशन संख्या | घर/भवन स्थायी नक्शा पास संख्या | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) |
|---|---|---|---|
| कोशी प्रदेश | ११६८६१ | ४३१३ | ४५६८.१८ |
| मधेश प्रदेश | ११०८६७ | ३६९२ | ४५६९.९६ |
| बागमती प्रदेश | १३१८१९ | १७२०० | १८२७०.६३ |
| गण्डकी प्रदेश | ३६८२९ | २९६६ | २८३३.७३ |
| लुम्बिनी प्रदेश | ९७१२० | ५८८६ | ४६८५.०८ |
| कर्णाली प्रदेश | १४५८९ | १०२६ | ३९८.०२ |
| सुदूर पश्चिम प्रदेश | २१४४५ | २१५२ | १६५३.५६ |
| **जम्मा** | **५२९५३०** | **३७२३५** | **३६९७९.१६** |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु, २०८०*

समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी १,३१,८१९ र कर्णाली प्रदेशमा सबैभन्दा कम १४,५८९ घरजग्गा किनबेच (रजिष्ट्रेसन संख्या) कारोबार भएको छ (तालिका ५.२)। यसैगरी, समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी १७,२०० र कर्णाली प्रदेशमा सबैभन्दा कम १,०२६ वटा घर/भवन स्थायी नक्शापास भएको छ ।

**चार्ट ५.२ : घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा (प्रतिशतमा)**





*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु*

कुल घर-जग्गा रजिष्ट्रेशन संख्यामा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी २४.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.८ प्रतिशत रहेको छ (चार्ट ५.२) । समीक्षा वर्षमा गत वर्षको तुलनामा सबै प्रदेशहरुमा घर-जग्गा रजिष्ट्रेशन संख्या घटेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ११ (क-ख) मा प्रस्तुत गरिएको छ ।

## ५.३ वित्तीय सेवा

२०८० असार मसान्तसम्ममा वाणिज्य बैंकका ५ हजार ४९, विकास बैंकका १ हजार १ सय २८, वित्त कम्पनीका २ सय ८४ तथा लघुवित्त वित्तीय संस्थाका ५ हजार १ सय २८ र पूर्वाधार विकास बैंकको १ गरी जम्मा ११ हजार ५ सय ९० शाखाहरु सञ्चालनमा रहेका छन् । यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ३ हजार २६ तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४ सय ६६ शाखाहरु सञ्चालनमा रहेका छन् (चार्ट ५.३) । समीक्षा वर्षमा ६१ शाखाहरु थप भएका छन् । वित्तीय सेवा सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १२ मा प्रस्तुत गरिएको छ ।


**चार्ट ५.३ : बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०८० असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७९ असार मसान्तको तुलनामा १२.३ प्रतिशतले वृद्धि भई रु.५७ खर्ब ७० अर्ब १ करोड पुगेको छ (चार्ट ५.४)। गत वर्ष यस्तो निक्षेप ८.५ प्रतिशतले वृद्धि भएको थियो ।


**चार्ट ५.४ : निक्षेप तथा कर्जा स्थिति (रु अर्बमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०८० असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०७९ असार मसान्तसम्मको तुलनामा ३.९ प्रतिशतले वृद्धि भई रु.४८ खर्ब ७६ अर्ब १८ करोड पुगेको छ (तालिका ५.५) । अघिल्लो वर्ष यस्तो कर्जा १२.५ प्रतिशतले वृद्धि भएको थियो । २०८० असार मसान्तमा कुल कर्जा कुल निक्षेप अनुपात ८४.५ प्रतिशत रहेको छ । २०७९ असार मसान्तमा यस्तो अनुपात ९१.३ प्रतिशत रहेको थियो । कर्जा निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १५१.९ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ७१.१ प्रतिशत रहेको छ ।

**चार्ट ५.५ : प्रदेशगत कुल कर्जा कुल निक्षेप अनुपात (प्रतिशतमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०८० असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६७.० प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.२ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा गरिएको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै ५६.४ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.२ प्रतिशत रहेको छ । निक्षेप तथा कर्जासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १३ मा प्रस्तुत गरिएको छ ।

## ५.४ सेवा क्षेत्र कर्जा

२०८० असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७९ असार मसान्तको तुलनामा ६.२ प्रतिशतले वृद्धि भई रु.१९ खर्ब ७२ अर्ब ९९ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा १३.७ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ४०.५ प्रतिशत रहेको छ ।

सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ५०.० प्रतिशत कर्जा प्रवाह भएको छ भने रियल स्टेट उपक्षेत्रमा १२.२ प्रतिशत, पर्यटन उपक्षेत्रमा १०.७ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा ९.८ प्रतिशत, शिक्षा उपक्षेत्रमा ५.४ प्रतिशत, यातायात, भण्डारण र सञ्चार उपक्षेत्रमा ४.९ प्रतिशत, अन्य सेवा उपक्षेत्रमा ३.७ प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी उपक्षेत्रमा ३.३ प्रतिशत कर्जा प्रवाह भएको छ ।


**तालिका ५.३ : प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशतमा) |
|---|---:|---:|
| कोशी प्रदेश | २१,११८.४० | १०.७० |
| मधेश प्रदेश | १८,४०६.२६ | ९.३३ |
| बागमती प्रदेश | ११०,६६२.४७ | ५६.०९ |
| गण्डकी प्रदेश | १४,५८२.३७ | ७.३९ |
| लुम्बिनी प्रदेश | २३,२७९.४५ | ११.८० |
| कर्णाली प्रदेश | २,४५०.१९ | १.२४ |
| सुदूर पश्चिम प्रदेश | ६,७९९.६४ | ३.४५ |
| **जम्मा** | **१,९७,२९८.७८** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा बढी (५६.१ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ (तालिका ५.४, चार्ट ५.७) । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (क-ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ५.६ : सेवा क्षेत्र कर्जामा प्रदेशगत हिस्सा (प्रतिशतमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.५ यातायात तथा सञ्चार

### यातायात

२०८० असार मसान्तसम्ममा अध्ययन क्षेत्रमा दर्ता भएका कुल सवारी साधनको संख्या २०७८ असार मसान्तको तुलनामा ५.३ प्रतिशतले वृद्धि भई ४७ लाख १३ हजार ८ सय ७५ पुगेको छ। यसमध्ये मोटरसाईकल संख्या ५.५ प्रतिशत तथा अन्य सवारी साधन ४.५ प्रतिशतले वृद्धि भएको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका २० (क-ख) मा प्रस्तुत गरिएको छ।

प्रदेशगत रुपमा तुलना गर्दा २०८० असार मसान्तसम्ममा बागमती प्रदेशमा सबैभन्दा बढी २० लाख ३ हजार २ सय ६८ सवारी साधन दर्ता भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम २३ हजार ५ सय ९७ सवारी साधान दर्ता भएका छन् (तालिका ५.४)।

**तालिका ५.४ सवारी साधन दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | यातायातका साधनको कुल संख्या | हिस्सा हिस्सा (प्रतिशत) |
|---|---:|---:|
| कोशी प्रदेश | ८०३६९९ | १७.० |
| मधेश प्रदेश | १०२०२८ | २.२ |
| बागमती प्रदेश | २००३२६८ | ४२.५ |
| गण्डकी प्रदेश | ३४०२६८ | ७.२ |
| लुम्बिनी प्रदेश | १२४०६०८ | २६.३ |
| कर्णाली प्रदेश | २३,५९७ | ०.५ |
| सुदूर पश्चिम प्रदेश | २००४०७ | ४.३ |
| **जम्मा** | **४७१३८७५** | **१००** |

*स्रोत : यातायात व्यवस्था कार्यालयहरु, २०८०*

### सञ्चार


नेपालमा सञ्चारको क्षेत्रमा तुलनात्मक रुपमा छोटो अवधिमा उल्लेख्य प्रगति भएको छ। नेपालमा हालसम्म २३ वटा नेटवर्क सेवा प्रदायक, १२८ वटा इन्टरनेट सेवा प्रदायक, २ वटा Global Mobile Personal Communication by satellite (GMPCS) र १ वटा इन्टरनेशनल ट्रंक टेलिफोन सेवा प्रदायकको अनुमति प्राप्त गरी सञ्चालनमा रहेका छन्। समीक्षा वर्षमा कुल वितरित टेलिफोन संख्या

१७.० प्रतिशतले घटेर ३ करोड ४७ लाख ८२ हजार ४ सय ७३ पुगेको छ भने गत वर्ष यस्तो संख्यामा ५.५ प्रतिशतले वृद्धि भएको थियो । २०८० असार मसान्तमा कुल टेलिफोन सेवाको घनत्व ११९.३ प्रतिशत रहेको छ भने २०७९ असार मसान्तमा यस्तो घनत्व १४३.६ प्रतिशत रहेको थियो । टेलिफोन सेवामा ९७.६ प्रतिशत मोवाइल र २.४ प्रतिशत स्थाई सेवाको हिस्सा रहेको छ । समीक्षा वर्षमा ब्रोडब्याण्ड इन्टरनेट सेवा प्रयोगकर्ताको संख्यामा ३.६ प्रतिशतले वृद्धि भई ३ करोड ९८ लाख ८ हजार ४ पुगेको छ । गत वर्ष ब्रोडब्याण्ड ईन्टरनेट सेवा प्रयोगकर्ताको सङ्ख्या २३.६ प्रतिशतले बढेको थियो । ब्रोडब्यान्ड सेवामा ७०.३ प्रतिशत हिस्सा मोवाइलको, २९.५ प्रतिशत हिस्सा फिक्ड वायरडको र ०.२ प्रतिशत फिक्ड वायरलेसको रहेको छ । २०८० असार मसान्तमा कुल ब्रोडब्याण्ड इन्टरनेट सेवाको घनत्व १३५.९ प्रतिशत रहेको छ । २०७९ असार मसान्तमा यस्तो घनत्व १३१.६ प्रतिशत रहेको थियो । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका २१ मा प्रस्तुत गरिएको छ ।

## ५.६ सहुलियतपूर्ण कर्जा

नेपाल सरकारको ब्याज अनुदानमा बैंक तथा वित्तीय संस्थामार्फत प्रवाह भएको सहुलियतपूर्ण कर्जा २०८० असार मसान्तमा कुल १ लाख ४५ हजार ७७८ ऋणीलाई प्रवाह भएको रु.१९७ अर्ब ६ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ६० हजार ३५० ऋणीलाई प्रवाह भएको रु.१३५ अर्ब ७६ करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ८२ हजार ७१८ महिला उद्यमीलाई प्रवाह भएको रु.५८ अर्ब ३८ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ७१० ऋणीको रु.२ अर्ब ९१ करोड कर्जा बक्यौता रहेको छ । कुल सहुलियतपूर्ण कर्जामा कोशी प्रदेशको अंश १७.० प्रतिशत, मधेश प्रदेशको अंश १२.३ प्रतिशत, बागमती प्रदेशको अंश ३५.१ प्रतिशत, गण्डकी प्रदेशको अंश १३.४ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.६ प्रतिशत, कर्णाली प्रदेशको अंश १.६ प्रतिशत र सुदूर पश्चिम प्रदेशको अंश ५.१ प्रतिशत रहेको छ (चार्ट ५.७) ।

**चार्ट ५.७ : प्रदेशगत सहुलियतपूर्ण कर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.७ विपन्न वर्ग कर्जा

२०८० असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा २०७९ असार मसान्तको तुलनामा ४.६ प्रतिशतले घटेर रु.३ खर्ब १८ अर्ब ६१ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १८.७ प्रतिशतले वृद्धि भएको थियो । कुल विपन्न वर्ग कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको अंश

१४.४ प्रतिशत, मधेश प्रदेशको अंश ८.७ प्रतिशत, बागमती प्रदेशको अंश ४७.५ प्रतिशत, गण्डकी प्रदेशको अंश ११.१ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १३.२ प्रतिशत, कर्णाली प्रदेशको अंश १.५ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ३.७ प्रतिशत रहेको छ ।

**चार्ट ५.८ : प्रदेशगत विपन्न कर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.८ पुनरकर्जा

२०८० असार मसान्तमा रु. १ अर्ब ५० करोड पुनरकर्जा लगानीमा रहेको छ । कुल पुनरकर्जामा बागमती प्रदेशको अंश सबैभन्दा बढी ४०.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा ०.३ प्रतिशत पुनरकर्जा प्रवाह भएको छ ।

**चार्ट ५.९ : प्रदेशगत पुर्नकर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.९ सहकारी क्षेत्र

समीक्षा वर्षमा हरेक प्रदेशका १० वटाका दरले नमूना छनौटमा परेका कुल ७० सहकारी संस्थाहरूको कुल पूँजी २.१४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर १५.८७ प्रतिशत रहेको

थियो । समीक्षा वर्षमा उक्त सहकारीहरुको कुल बचत १.५५ प्रतिशतले बढेको छ भने र कुल कर्जा ५.८२ प्रतिशतले घटेको छ ।

**चार्ट ५.१० : नमूना छनौटमा परेका वचत तथा ऋण सहकारी संस्थाको विवरण (रु दश लाखमा)**




*स्रोत: नमूना छनौटमा परेका सहकारी संस्थाहरु ।*

अघिल्लो आर्थिक वर्ष बचत ५.१५ प्रतिशतले घटेको थियो भने कर्जा २१.०७ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा वर्षमा सहकारी संस्थाका सदस्यको संख्या ५.९९ प्रतिशतले बढेको छ भने कर्मचारीको संख्या ०.९५ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षमा सदस्य संख्या १४.२८ प्रतिशत र कर्मचारीको संख्या १४.५९ प्रतिशतले बढेको थियो ।

## ५.१० शिक्षा

शैक्षिक सत्र २०७९ मा कुल विद्यालय संख्या ३६ हजार ३२ पुगेको छ भने शैक्षिक सत्र २०७८ मा सो संख्या ३४ हजार ३ सय ६८ रहेको थियो । कुल विद्यालयहरु मध्ये सामुदायिक विद्यालय २७ हजार ३ सय ४३ वटा, संस्थागत विद्यालय ७ हजार ३ सय ७३ वटा र धार्मिक विद्यालय १ हजार ३ सय १६ वटा रहेका छन् । शैक्षिक सत्र २०७९ मा सामुदायिक र संस्थागत विद्यालयमा गरी कुल २ लाख ८२ हजार ५ सय ८५ शिक्षक कार्यरत रहेका छन् । यस अवधिमा कुल अध्ययनरत विद्यार्थीको संख्या ७२ लाख ६९ हजार ५ सय ५१ रहेको छ (आर्थिक सर्वेक्षण, २०७९) ।

## ५.११ स्वास्थ्य

आर्थिक वर्ष २०७९ फागुनसम्म २ सय १५ अस्पताल, २ सय १ प्राथमिक स्वास्थ्य केन्द्र, ३ हजार ८ सय २० स्वास्थ्य चौकी, ४ सय २६ आयुर्वेदिक औषधालय, ३ हजार १ सय ९६ उपस्वास्थ्य चौकी गरी कुल ७ हजार ८ सय ५८ स्वास्थ्य संस्था रहेका छन् । यसैगरी कुल अस्पताल शैया संख्या १६ हजार १५ र जनशक्ति १ लाख २ हजार ५ सय ७ रहेको छ । ( आर्थिक सर्वेक्षण, २०७९) ।

## ५.१२ सेवा क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

बैंकिङ क्षेत्रमा तरलताको उतारचढाबले कर्जाको व्याजदर पविर्तन भईरहनु, अर्न्तराष्ट्रिय रुपमा भएको भुराजनैतीक द्वन्द्व लगायतका कारण आर्थिक क्रियाकलापमा परेको असरले विश्वबजार मन्दी उन्मुख हुनु, प्रति व्यक्ति विदेशी पर्यटकको खर्च प्रवृत्तिमा उल्लेख्य विस्तार नहुनु, सेवा क्षेत्रका प्रमुख चुनौती रहेका छन् । वास्तविक कारोवार मूल्य भन्दा कम मूल्याङ्कन देखाई हुने घरजग्गा कारोबारलाई वास्तविक कारोबार मूल्य उल्लेख गर्नुपर्ने प्रणालीको विकास गर्नु, गुणस्तरीय र भरपर्दो यातायात सेवाको विकास गर्नु, तुलनात्मक रुपमा बढी उत्पादनशील र रोजगारी सिर्जना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु, भौगोलिक विकटताका बीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा सडक, स्वास्थ्य तथा शिक्षाका पूर्वाधारहरु विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बढावा ल्याउनु, प्रभावकारी भुक्तानी प्रणालीको विकास एवं विस्तार गरी आम सर्वसाधारणसम्म पहुँच पुऱ्याउनु आदि सेवा क्षेत्रका मुख्य चुनौती रहेका छन् ।

**तालिका ५.५ : सेवा क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| कोशी प्रदेश | • कोशी प्रदेश अन्तर्गतका जिल्लाहरु आफैंमा भौगोलिक विविधतायुक्त भएकोले यस प्रदेशमा भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकहरुको भौगोलिक, धार्मिक, सांस्कृतिक विविधताको अध्ययन गरी पर्यटकको रुची/रहनसहन अनुसारको पर्यटन पूर्वाधार विकास गर्न सामुदायिक तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गरी समग्र पर्यटकहरुको संख्या वृद्धि तथा बसाई अवधि लम्ब्याउनु ।<br>• विशेषतः शहर केन्द्रित हालको बैंकिङ्ग सेवालाई समावेशी बैंकिङ्गको अवधारणा अनुसार बैंकिङ्ग सेवा नपुगेका ग्रामीण र दुर्गम क्षेत्रमा विस्तार गरी सर्वसाधारणको पहुँच वृद्धि तथा राज्यको प्राथमिकता प्राप्त क्षेत्रहरुमा स्वतः स्फूर्त लगानी प्रोत्साहन गर्नु तथा लगानीको वातावरण श्रृजना गर्नु ।<br>• वास्तविक कारोवार मूल्य भन्दा कम मूल्याङ्कन देखाई घरजग्गा कारोबार गर्दा सरकारी राजश्व संकलनमा ह्रास आएको परिप्रेक्ष्यमा घरजग्गाको वास्तविक कारोबार मूल्य उल्लेख गर्नुपर्ने प्रणालीको विकास गर्दै जग्गाको मूल्य पारदर्शी बनाई, बैना गरी अस्वभाविक रुपमा जग्गाको मूल्य बढाउने कार्यमा रोक लगाई सोही अनुसारको राजश्व संकलन गर्नु । |
| मधेश प्रदेश | • मधेशमा बढिरहेको अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु ।<br>• मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला संस्कृति समेट्ने विषय वस्तुहरूको संरक्षण र विकास गर्नु, मिथिला कला तथा मधेश प्रदेशका मौलिक पहिचान भएका सांस्कृतिक क्रियाकलापहरुको संरक्षण र विकास गर्दै आन्तरिक तथा वाह्य पर्यटक आकर्षित गर्नु ।<br>• स्थानीय वासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाई |

| | |
|---|---|
| | सम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु ।<br>• जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैया लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु । |
| बागमती प्रदेश | • प्रमुख पर्यटकीय गन्तव्यहरुमा खानेपानी, निःशुल्क शौचालय, सरसफाई, ढल व्यवस्थापन, निःशुल्क इन्टरनेट जस्ता आधारभूत सुविधा उपलब्ध गराइ ब्यागेज जाँच, पर्यटक प्रहरी, पर्यटकीय क्षेत्र समेटिएको डिजिटल नक्सा, द्रुत उद्धार टीम, एक द्वार प्रणाली तथा २४ सै घण्टा सम्पर्क गर्न सकिने हटलाइन नम्बरको व्यवस्था गर्नु ।<br>• सेवाग्राहीको चाप बढी रहने सरकारी कार्यालयहरुमा इन्टरनेट, सफ्टवेयर, कम्प्युटर तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी छिटो-छरितो सेवा प्रवाह गर्नु ।<br>• सहकारीका सदस्यहरुले समयमा आफ्नो बचत फिर्ता नपाउने समस्या र सहकारीहरुमा वित्तीय ठगीका कारण सहकारी संस्था प्रति गुमेको विश्वास फिर्ता गर्नु ।<br>• Utility Corridor को कार्यान्वयन गर्न, विद्युत्तीय फोहोर व्यवस्थापन (E-waste Management) एवम् डिजिटल तथ्यांकको सुरक्षित भण्डारण एवम् सञ्चालन गर्नु । |
| गण्डकी प्रदेश | • पृथ्वी राजमार्ग अर्न्तगत पोखरा- मुग्लिङ खण्डको स्तरोन्नती भइरहेको सन्दर्भमा आन्तरिक तथा बाह्य पर्यटकहरुको आगमनका साथै ढुवानीमा असहजता भएकाले उक्त स्तरोन्नतीगर्ने कार्य समय सीमा भित्रै सम्पन्न गर्नु ।<br>• गण्डकी प्रदेशको पोखरा बाहेकका अन्य पर्यटकीय स्थानहरुमा पर्यटकस्तरीय होटल/लजहरु पर्याप्त नहुनु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरु भरपर्दो नहुनु ।<br>• हालसालै संचालनमा आएको पोखरा अर्न्तराष्टिय विमानस्थलमा आवश्यक सबै सेवाहरु उपलब्ध गराई विमानस्थल पूर्ण क्षमतामा संचालन गर्ने मुख्य अर्न्तराष्ट्रिय गन्तव्यसँग जोड्ने कार्य गर्नु ।<br>• सडक सञ्जालको विस्तारसँगै मासिँदै गएका परम्परागत पदमार्गहरुको संरक्षण गर्नु तथा नयाँ पदमार्गहरु खोजी गरी पदमार्गहरुमा सुरक्षा व्यवस्था तथा अत्यावश्यक सञ्चार सुविधा एवं मौसम पूर्वानुमान सूचना प्रणालीको व्यवस्था गर्नु ।<br>• पर्यटक आगमनको तथ्याङ्क तथा विवरण व्यवस्थित तवरले राख्न नसकिएको सन्दर्भमा आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वय कायम राखी तथ्याङ्कमा एकरुपता कायम राख्न तथ्यमा आधारित नीति तर्जुमा गर्नु । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशमा निर्माण सम्पन्न भई सञ्चालनमा रहेका गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र गुल्मीको रेसुङ्गा विमानस्थलहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्नु ।<br>• गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको थालनीसँगै यस क्षेत्रमा निर्माण |

| | |
|---|---|
| | भएका एवम् निर्माणाधिन पर्यटकस्तरीय होटलहरुको पूर्णरुपमा सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्नु ।<br>• यस प्रदेशमा रहेका प्रमुख पर्यटक स्थलहरुमा छिमेकी मुलुक तथा तेस्रो मुलुकबाट आउने पर्यटकहरुलाई सुरक्षाको पूर्ण पत्याभूति प्रदान गर्दै गुणस्तरीय पूवार्धारहरुको निर्माण सहित बसाई अवधि लम्ब्याउनु ।<br>• यस प्रदेशका पहाडी जिल्लाहरुमा दरबन्दी अनुरुपको विशेषज्ञ चिकित्सकहरुको पदपूर्ति एवम् नियमित सेवा प्रदान गर्नु । |
| कर्णाली प्रदेश | • भौगोलिक विकटताका बावजुद यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य, सडक, विद्युत् लगायतका पूर्वाधारहरुको तिब्र विकास गर्नु ।<br>• पर्यटन व्यवसायको प्रचूर सम्भावना बोकेको यस प्रदेशमा सहज रुपमा हवाई तथा सडक यातायात लगायतका पर्यटन पूर्वाधारहरुको विकास र बिस्तार मार्फत आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्नु ।<br>• अन्य प्रदेशको तुलनामा वित्तीय पहुँच न्यून भएको यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति बिस्तार गरी वित्तीय साक्षरता र वित्तीय समावेशीकरण अभिवृद्धि गर्दै वित्तीय क्षेत्रको योगदान बढाउनु ।<br>• पर्याप्त स्वास्थ्य पूर्वाधारहरुको अभाव र दक्ष स्वास्थ्यकर्मीहरुको न्यून उपलब्धताका बीच गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु । |
| सुदूर पश्चिम प्रदेश | • सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत स्वदेशमै रोजगारका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।<br>• प्राविधिक सीपयुक्त जनशक्ति स्वदेशमै उत्पादन गरी स्वरोजगार अभिवृद्धि गर्नु ।<br>• सार्वजनिक यातायात सेवा गुणस्तरीय बनाई सर्वसाधारणहरुको यात्रालाई सहज र कम जोखिमयुक्त बनाउनु ।<br>• विश्वविद्यालय, क्याम्पस र विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गरी प्रदेशमै गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण निर्माण गर्ने ।<br>• सुदूर पश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत् आन्तरिक एवम् बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु । |

**सम्भावना**

सरकारी सेवा प्रदायकहरु जस्तै यातायात व्यवस्थापन, सवारी चालक अनुमतिपत्र, राहदानी अनुमतिपत्र, उद्योग तथा व्यवसाय दर्ता लगायतका सेवाहरु डिजिटल माध्यमबाट सञ्चालन हुन थालेको, सर्वसाधारणको बैंकिङ पहुँच विस्तार हुँदै गएको, सञ्चार माध्यम, इन्टरनेट, मोवाइल लगायतमा पहुँच बढेको, अनलाइन

डेलिभरी तथा विद्युतीय भुक्तानी कारोबार फस्टाएको कारणले सेवाको गुणस्तरमा सुधार हुने सम्भावना रहेको छ। सुविधा सम्पन्न होटल तथा रिसोर्टको संख्यामा वृद्धि भएको, थप २ अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको, विद्युत् आपूर्ति सहज हुदै गएको लगायतका कारणले पर्यटन आगमनमा वृद्धि भई कोरोना महामारीका कारण संकटमा परेको पर्यटन व्यवसाय पुनरउत्थान हुने सम्भावना रहेको छ। यसैगरी, साइवर सुरक्षा तथा बौद्धिक सम्पत्ति अधिकारको नीति कसिलो बनाइ कार्यान्वयन गर्न सकेमा सूचना प्रविधिमा वैदेशिक लगानी बढाउन सकिने सम्भावना रहेको छ। वण्ड, डिवेन्चर, रिट्स इक्विटि (REITs Equity) जस्ता विविध किसिमका वित्तीय उपकरणहरु जारी गरी पूँजी परिचालन गर्ने र वास्तविक क्षेत्रमा संचालित उद्योगहरुलाई वित्तीय बजारमा ल्याई पूँजी बजारलाई बिस्तार गर्न सकिने सम्भावना रहेको छ।

**तालिका ५.६ : सेवा क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • नेपाल भारत बीच क्युआर कोड मार्फत वित्तीय कारोबार गर्न सक्ने युनिफाइड पेमेन्ट्स इन्टरफेस लागु गर्ने तयारी भइरहेकोले आगामी दिनमा भारतीय नागरिकले नेपालमा बालेट र मोवाइल बैंकिङको माध्यमवाट क्युआर स्क्यान गरी डिजिटल भुक्तानी गर्न सक्ने भएकाले पर्यटन क्षेत्रमा यसको सकारात्मक प्रभाव पर्ने ।<br>• यस प्रदेशमा रहेका आँखा अस्पतालमा छिमेकी मुलुक भारतबाट ठूलो संख्यामा विरामीहरु आउने गरेको, स्वास्थ्य सम्बन्धी दक्ष जनशक्तिको उत्पादन बढ्दै गएको, भौतिक पूर्वाधार समेतको विकास र विस्तार हुँदै गएकोले विदेशी नागरिक लक्षित Multispeciality Hospital, प्राकृतिक उपचार केन्द्र तथा योग केन्द्रहरुको स्थापना गरी स्वास्थ्य पर्यटनको विकास गर्न सकिने ।<br>• छिमेकी देश भारतसँग रहन-सहन, भाषा संस्कृति, वातावरण आदिमा खासै भिन्नता नहुनु, भारतीय नागरिकलाई सीमा वारपार गर्न कुनै अवरोध नहुनु र भारतीय विद्यार्थीको यस प्रदेशमा जीवनयापन र शिक्षाको खर्च मितव्ययी हुनेहुँदा र यस प्रदेशका धरान, विराटनगर, काँकडभिट्टा, पशुपतिनगर जस्ता शहरहरु भारतीय सीमा नाका नजिक भएकाले उक्त स्थानमा अत्याधुनिक सुविधा सम्पन्न मेडिकल कलेजहरु सञ्चालन गरी मेडिकल शिक्षाको माध्यमबाट भारतीय मुद्रा आर्जन गर्न सकिने । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको ।<br>• मधेश प्रदेशको सीमा भएर बग्ने सप्तकोशी नदी साहसिक जलयात्राको दृष्टिकोणले प्रख्यात रहेकाले यस्ता पर्यटकहरूलाई यहाँ आकर्षित गर्न सक्ने राम्रो सम्भावना रहेको ।<br>• मधेश प्रदेशको ताजा माछा लोकप्रिय रहेको र हवाई तथा स्थल यातायातको हिसाबले सुगम रहेकोले सोको लाभ लिँदै स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने । |
| बागमती प्रदेश | • यस प्रदेशमा रहेका गोसाईकुण्ड, लाङटाङ, पाँच पोखरी जस्ता प्रसिद्ध पदमार्गहरु लाई व्यवस्थित बनाई उक्त पदमार्गहरुमा रहेका होटल तथा पदमार्गसम्मा पुग्ने बाटोको स्तरोन्नत्ती गर्न सकेमा विदेशी तथा स्वदेशी पर्यटकहरुलाई अझ आकर्षण गर्न सक्ने सम्भावना रहेको । |

| | |
|---|---|
| | • यस प्रदेशमा शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवा प्रवाहलाई डिजिटलाइज गरी आधारभूत सेवालाई चुस्त तथा गुणस्तर वृद्धि गर्न तथा पेपरलेस बनाउन सकिने सम्भावना रहेको ।<br>• सार्वजनिक यातायातमा भाडा भुक्तानीलाई क्यु-आर कोड डिजिटाइज गर्न सकिने सम्भावना रहेको । अधिकांश व्यापार व्यवसायलाई अनलाईनमार्पत संचालन गर्न सकिने सम्भावना बढेको । |
| गण्डकी प्रदेश | • कोभिड-१९ महामारीको असर न्यून भएसँगै यस प्रदेशमा पर्यटन क्षेत्र सम्बद्ध उद्यम, व्यवसायहरु स्थापनाको उच्च सम्भावना रहेको देखिन्छ । तथा कोभिड–१९ महामारीका कारण स्थगित भएको Visit Nepal 2020 जस्ता पयर्टन प्रवर्द्धन कार्यक्रम पुनः आयोजना गर्न सकिएमा पर्यटन क्षेत्रमा उल्लेख्य सहयोग पुग्ने र व्यवसाय वृद्धि गर्न सकिने ।<br>• पर्यटकहरुलाई थप आकर्षित गर्दै बसाई अवधि लम्ब्याउन तालहरुमा अत्याधुनिक (Water Show/Water Sorts, Jet Boating, Water Skiing, Underwater Scooter, Cruise Dinner) आदि जस्ता मनोरञ्जनात्मक गतिविधिहरुका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिने ।<br>• हालै सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरुपमा संचालनमा आएपश्चात्  यस प्रदेशमा आन्तरिक तथा बाह्यपर्यटकको आगमन बढ्ने सम्भावनाका साथै सो को सकारात्मक प्रभाव स्वरुप अन्य क्षेत्रको समेत विस्तार हुने । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशमा रहेका धार्मिक, सास्कृतिक एवम् ऐतिहासिक पर्यटकीय स्थलहरुको स्तरोन्नती तथा गौतमबुद्ध अन्तर्राष्ट्रिय  विमानस्थल पूर्ण रुपमा सञ्चालनमा आएमा भारतीय एवम् तेस्रो मुलुकहरुबाट पर्यटकहरुको आगमनमा वृद्धि हुने तथा पर्यटक उद्योगको पवर्द्धन भई थप रोजगारीको समेत सम्भावना रहेको ।<br>• रारा, शे–फोक्सुण्डो, खप्तडबाबा, बडिमालिका तथा मानसरोवर जस्ता प्रसिद्ध पर्यटकीय स्थल तथा तीर्थस्थलहरुको लागि ट्रेकिङ्ग तथा यातायात सेवा सम्बन्धी व्यवसायको ठूलो सम्भावना रहेको ।<br>• यस प्रदेशको रुपन्देही तथा बाँके जिल्लामा विशेष आर्थिक क्षेत्र तथा औद्योगिक क्षेत्रहरु रहनुका साथै प्रमुख भारतीय भन्सार नाका समेत रहेकाले यस क्षेत्रका उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थहरुको सहज आपूर्ति हुन सक्ने हुँदा औद्योगिकरणको राम्रो सम्भावना रहेको ।<br>• यस प्रदेशमा भारतीय पर्यटकको लागि सस्तो, सजिलो भ्रमण गर्ने स्थल भएकोले केवलकार, फनपार्क, र्‍याफ्टिङ्ग लगायतका अन्य मनोरञ्जनका माध्यमहरुको निर्माण तथा विकास गरी पर्यटक आकर्षण गर्न सक्ने सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा से-फोक्सुण्डो, रारा, बुलबुले ताल, काँक्रेविहार, पचाल झरना, सिँजा सभ्यता लगायतका प्राकृतिक, सांस्कृतिक तथा धार्मिक महत्वका पर्यटकीय क्षेत्रहरु रहेकोले आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनका साथै पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको उच्च सम्भावना रहेको ।<br>• यस प्रदेशको हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा इन्टरनेटको न्यून पहुँच भएको अवस्थामा इन्टरनेट सेवा बिस्तारको उच्च सम्भावना रहेको ।<br>• सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुममा यात्रु वाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको विकास भई रोजगारी समेत बढ्ने । |

| | |
|---|---|
| सुदूर पश्चिम प्रदेश | • सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरीलाई धार्मिक सर्किटको रूपमा प्रवर्द्धन गर्न सकिने ।<br>• प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवं रोजगारीमा टेवा पुग्न सक्ने ।<br>• स्थानीय तथा प्रदेश सरकारबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवम् प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने । |

## परिच्छेद ६
# पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

पूर्वाधार क्षेत्रअन्तर्गत प्रमुख पूर्वाधारको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगति स्थितिको अवस्था विश्लेषण गरिएको छ ।

### सडक

आर्थिक वर्ष २०७९/८० मा ८२० कि.मि. कालोपत्रे सडक, ६२८ कि.मि. ग्राभल सडक, २४३ कि.मि. माटे सडक (नयाँ ट्र्याक) निर्माण भएको छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागको (पन्ध्रौं योजनाको नतिजा सूचकमा हासिल प्रगति) तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय राजमार्ग (२ लेनसम्म कालोपत्रे) ७ हजार ६ सय ७५ कि.मि., राष्ट्रिय राजमार्ग (२ लेन कालोपत्रे माथी द्रुतमार्ग समेत) २ सय ३० कि.मि., राष्ट्रिय राजमार्ग अन्तर्गत नयाँ ट्र्याकको निर्माण ७० कि.मि., राष्ट्रिय राजमार्ग पुनर्स्थापना तथा पुनर्निर्माण २ सय ४९ कि.मि., राष्ट्रिय राजमार्गको आवधिक मर्मत सम्भार ५ सय ३८ कि.मि., राष्ट्रिय राजमार्गको नियमित मर्मत सम्भार ७ हजार ८ सय २१ कि.मी. भएको छ भने २ सय २२ वटा सडक पुल निर्माण भएका छन् ।

आर्थिक वर्ष २०७९/८० मा नागढुंगा सुरुङमार्गको कुल सुरुङ लम्बाई ५४९९ मिटर (मुख्य र आपतकालिन सुरुङ गरी) मध्ये ४९३३ मिटर (सुरुङको काम करिब ८९ प्रतिशत) सम्पन्न भएको आपतकालीन सुरुङको Excavation कार्य सम्पन्न भई Breakthrough भएको छ । ग्वार्को Flyover को निर्माण कार्य शुरुवात भएको छ । त्यसैगरी, अरनिको राजमार्गको सूर्यविनायक धुलिखेल सडक खण्डमा ठेक्का व्यवस्थापन भई निर्माण कार्य चालु भएको छ भने पूर्व-पश्चिम राजमार्गको काकडभिट्टा-लौकही खण्डको सडक निर्माण/स्तरोन्नति कार्यका लागि ठेक्का व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको छ । बुटवल-पाल्पा सडक खण्डमा पर्ने सिद्धबाबा सुरुङमार्ग Engineering, Procurement and Construction(EPC) मोडेलमा ठेक्का सम्झौता भई निर्माण व्यवसायीद्वारा Tunnel Design पेश गरिएको र निर्माण कार्य शुरु भइसकेको छ ।

**तालिका ६.१: सडकको हालसम्मको प्रगति विवरण (कि.मी.)**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कालोपत्रे | १४६९५ | १५४२४ | १६६१४ | १७२३२ | १८०५२ |
| ग्राभल | ८५९४ | ८६२२ | ८१७१ | ७८८८ | ७६९६ |
| कच्ची सडक | ९५९० | ९१९८ | ८९३१ | ८८७६ | ८४९१ |
| | ३२८७९ | ३३२४४ | ३३७१६ | ३३९९६ | ३४२३९ |

*स्रोत: सडक विभाग*

### मदन भण्डारी राजमार्ग आयोजना

चुरे तथा भित्रि मधेशका उपत्यकाहरु र सो क्षेत्रभित्र पर्ने खानी स्थलहरुलाई देशका प्रमुख शहरहरुसँग जोड्न झापाको बाहुनडाँगी देखि डडेलधुराको रुपालसम्म मदन भन्डारी राजमार्ग निर्माण गर्न लागिएको छ । आ.व. २०७५/७६ देखि शुरु भएको यस आयोजनाको मुख्य लक्ष्य झापाको बाहुनडाँगी देखि डडेलधुराको रुपालसम्म पूर्व पश्चिम राजमार्गको समानान्तर हुने गरी १३९० कि.मि. सडक २ लेनमा निर्माण तथा स्तरोन्नति गर्ने रहेको छ । कुल ७५ अर्ब लागत रहेको यस आयोजना आ.व. २०८४/८५ (संशोधित लक्ष्य) सम्म सम्पन्न हुने लक्ष्य राखिएको छ । १३९० कि.मि. सडक निर्माण/स्तरोन्नति गर्ने कार्य मध्ये मदन भण्डारी राजमार्ग

आयोजना अन्तर्गत ७४० कि.मी. सडक निर्माण गर्ने र १८५ वटा पुल निर्माण गर्ने कार्य रहेका छन । हालसम्मको समष्टिगत भौतिक प्रगति ४५ प्रतिशत र वित्तीय प्रगति ४४ प्रतिशत रहेको छ ।

न्यून शुरु बजेट विनियोजन, रुख कटान तथा जग्गा भोगाधिकारको स्वीकृतीमा जटिलता, क्षतिपुर्ति/मुआब्जासँग सम्बन्धित समस्या, सडक सीमा एकिन नहुनु आदि समस्याहरु यस आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु हुन् ।

### नारायणघाट बुटवल सडक योजना

दातृ संस्था एशियाली विकास बैंकको ऋण सहयोगमा साकेस सडक सुधार आयोजना (SRIP) अन्तर्गत नारायणघाटदेखी बुटवलसम्मको ११३ कि.मि. सडक स्तरोन्नतिको कार्य भईरहेको छ । यस सडक योजनालाई दुई खण्डमा (नारायणघाट-बुटवल सडक योजना, पूर्वी खण्ड र पश्चिम खण्ड) विभाजन गरी सडक स्तरोन्नतिको कार्य भईरहेको छ । नेपाल सरकारले रुपान्तरणकारी आयोजनाको रुपमा अघी बढाएको यस आयोजना २०७५ सालमा सुरु भएको हो जसको कुल लागत १७.०२ अर्ब रहेको छ । यस आयोजना अन्तर्गतका प्रमुख कियाकलापहरु ११३ कि.मि सडक कालोपत्र गर्ने, ४६२ वटा कल्भट निर्माण गर्ने र ४३ वटा साना पुल र २१ वटा प्रमुख पुल निर्माण गर्ने रहेको छन् । आ.व. २०८४/८५ सम्ममा सम्पन्न हुने लक्ष्य राखिएकोमा हालसम्मको समष्टिगत भौतिक प्रगति ३७.१७ प्रतिशत र वित्तिय प्रगति २५.८५ प्रतिशत (१५ प्रतिशत मोबिलाइजेसन पेश्की बाहेक) रहेको छ ।

Public Utilities को स्थानान्तरणमा समस्या, रुख कटानमा समस्या, काठ दाउरा हस्तानान्तरणमा समस्या, नदीजन्य निर्माण सामाग्रीको सहज उपलब्धता नहुनु र निर्माण व्यवसायीले स्रोत साधन परिचालनमा ढिलाई आदि जस्ता समस्याहरु यस योजना कार्यान्वयन गर्दा देखिएका समस्याहरु हुन् ।

### सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

सिन्धुली र रामेछापमा मुख्य संरचना रहने गरी निर्माण गर्न लागिएको सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको कुल लागत रु.४६ अर्व १९ करोड रहेको छ । आ.व २०८४/८५ (संशोधित लक्ष्य) मा सम्पन्न गर्ने लक्ष्य लिएको यस आयोजनाको शिलान्यास २०७७ फागुन २० मा तत्कालिन प्रधानमन्त्री के. पी. ओलीले गर्नुभएको थियो । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको मुख्य उद्देश्य सुनकोशी नदीको पानी फर्काएर मरिन खोलामा झारी बागमती नदीको बागमती सिंचाइमार्फत् मधेश प्रदेशको बारा, रौतहट, धनुषा, महोत्तरी र सर्लाही गरी ५ जिल्लाका १२२ हजार हेक्टरमा सिँचाई सुविधा पुऱ्याउने रहेको छ । आयोजनाले डाइभर्ट गरिएको पानीबाट ३१.७ मेगावाट विद्युत उत्पादन गर्ने तथा सो विद्युतलाई ४४ कि.मी. विद्युत प्रसारण लाइन निर्माण गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने योजना रहेको छ । आयोजना सुरु गरिएको अवधिदेखि आ.व. २०७९/८० को अन्त्य सम्ममा समष्टिगत भौतिक प्रगति २१.४ प्रतिशत र वित्तीय प्रगति १९.२ प्रतिशत रहेको छ । कार्यान्वयनस्तरमा रामेछाप जिल्लातर्फको डुवान क्षेत्रको जग्गा अधिग्रहणमा र राजमार्गका केही भाग Divert गर्दा माझी बस्तीको Land Reclamation जस्ता केही समस्या देखापरे पनि आयोजना र प्रभावित क्षेत्रका वासिन्दाहरुको समन्वयमा उक्त समस्याहरु समाधानका क्रममा रहेका छन् ।

### भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना

भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना राष्ट्रिय गौरवको आयोजनाको रुपमा जलस्रोत तथा सिंचाई विभागबाट कार्यान्वयनमा रहेको नेपालकै पहिलो अन्तरजलाधर जलस्थान्नातरण आयोजना हो । आर्थिक वर्ष २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा स्थापना गरिएको भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना आ.व. २०७९/८० मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको छ । भेरी बबई डाईभर्सनतर्फ रु.३३ अर्ब १९ करोड ६६ लाख र भेरी करीडोर विकास आयोजनातर्फ रु.३ अर्ब ६१ करोड ११

लाख गरी यस आयोजनाको कुल अनुमानित लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ। यो आयोजनाले नेपालमा पहिलो पटक Tunnel Boring Machine (TBM) को प्रयोग गरी सुरुङ निर्माण कार्यको सफलतापूर्वक सम्पन्न गरेको छ। यो परम्परागत विधि भन्दा धेरै नै छिटो निर्माण गर्न सकिने कुरा पुष्टि भएको छ। यो आयोजना सम्पन्न भएपछि बर्दिया र बाँके जिल्लाका करिव ५१ हजार हेक्टर भूमीमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुनेछ। यसका साथै नियमित रुपमा २ वटा युनिट संचालन गरी जम्मा ४६.८ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ। आ.व. २०७९/८० को असार मसान्त सम्ममा यस आयोजनाको समग्र भौतिक प्रगति ६२.२ प्रतिशत र वित्तीय प्रगति ५४.८६ प्रतिशत रहेको छ।

### कर्णाली करिडोर सडक

कर्णाली करिडोर आयोजनालाई हिल्सा-सिमिकोट सडक आयोजनाका नामले पनि चिनिन्छ। यस सडक आयोजना आ.व. २०६९/७० सालमा सुरु भएको हो। कालिकोट जिल्लाको खुलालु देखि सिमिकोट हुँदै हिल्सा सम्म पक्की सडक निर्माण गरी कालिकोट, बाजुरा र हुम्ला जिल्लालाई सडक संजालमा जोड्ने साथै उक्त क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता परिपूर्तिको लागि पहुँच अभिवृद्धि हुने, पर्यटन प्रवर्द्धन हुने, स्थानीय कृषि तथा जडिबुटी उत्पादन बजारसम्म पुऱ्याउन सहज हुने साथै जनताको जीवनस्तर सुधार हुने यस आयोजनाको लक्ष्य रहेको छ।

योजनाको कुल लागत रु. ६ अर्ब ६६ करोड १९ लाख रहेको छ। आ.व. २०८३/८४ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ। उक्त सडक आयोजनाको लम्बाई २६८.६५ कि.मि. रहेको छ जसमध्ये २६३.५ कि.मि. ट्र्याक निर्माण भईसकेको छ र बाँकी २.५ कि.मि. ट्र्याक निर्माण गर्ने काम नेपाली सेनाबाट भइरहेको छ। सडक रेखाङ्कनले छोएका जिल्लाहरु कालिकोट (४० कि.मि.), बाजुरा (४४ कि.मि.), र हुम्ला (१८४ कि.मि.) पर्दछन्। यस आयोजना अन्तर्गतका प्रमुख क्रियाकलापहरु सडक चौडा गर्ने, पुल निर्माण गर्ने, नाली निर्माण गर्ने, कल्भर्ट निर्माण गर्ने र ग्रावेल तथा कालोपत्रे गर्ने हुन्। यो आयोजनाको आर्थिक वर्ष २०७९/८० को असार मसान्तसम्म समग्र भौतिक प्रगति करीब २४ प्रतिशत र वित्तीय प्रगति करीब २०.२१ प्रतिशत रहेको छ।

### राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ देखि लागु गरी आर्थिक वर्ष २०७०/७१ देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा अगाडि बढाइएको हो। उक्त कार्यक्रमको मुख्य उद्देश्य चुरे, भावर र दुन क्षेत्रको प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षण एवम् दिगो व्यवस्थापन गरी मानव बस्ती व्यवस्थित गर्नु रहेको छ। पूर्व इलामदेखि पश्चिम कञ्चनपुरसम्म ३७ जिल्लामा फैलिएको चुरे क्षेत्र भू-बनोट, माटोको प्रकृति, जैविक विविधतामा ह्रास र छोटो अवधिको सघन वर्षा आदि कारणले अति संवेदनशील क्षेत्रको रुपमा रहेको छ। जनसंख्याको चाप, अवैज्ञानिक खेतीपाती, खुल्ला अतिचरिचरण/छाडा पशुपालन, अव्यवस्थित बसोबासले गर्दा वन विनाश र प्राकृतिक स्रोतको दोहन अत्यधिक हुँदा त्यसको प्रतिकुल असर चुरे, दुन लगायत समग्र तराई क्षेत्रमा परिरहेको छ।

आर्थिक वर्ष २०९३/९४ (संशोधित लक्ष्य) मा सम्पन्न गर्ने भनिएको उक्त कार्यक्रमको कुल अनुमानित लागत रु.५ खर्ब ९० अर्ब ७६ करोड (संशोधित) रहेको छ। बिरुवा उत्पादन, वृक्षरोपण, खहरे खोला तथा नदी नियन्त्रण, ताल तलैया संरक्षण, भूमिगत जल पुर्नभरण तथा संरक्षण, तटबन्ध तथा ड्याम निर्माण, काष्ठ तथा गैर काष्ठ उद्योग संचालन, पर्यापर्यटन क्षेत्र प्रवर्द्धन र चुरे क्षेत्र सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान गर्ने जस्ता क्रियाकलापद्वारा चुरे तराई मधेश क्षेत्र संरक्षण गरिने यो कार्यक्रमको कार्यान्वयन पश्चात् करिब ४२ लाख जनसंख्या लाभान्वित हुनेछन्। आर्थिक वर्ष २०७९/८० सम्ममा यस आयोजनाको समष्टिगत भौतिक

प्रगति ५.८ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ५.६ प्रतिशत मात्र रहेको छ (स्रोत: राष्ट्रिय योजना आयोग)।

### काठमाडौं-तराई मधेश द्रुतमार्ग

काठमाडौ-तराई मधेस द्रुतमार्ग सडक आयोजना राजधानी काठमाडौलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो। आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस आयोजनाको संशोधित लागत अनुमान रु.२ खर्ब ११ अर्ब ९३ करोड रहेको छ। यसको लम्बाई ललितपुरको खोकनादेखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म चार लेनसहितको जम्मा ७१ कि.मि. रहेको छ। यस सडकको कुल लम्बाईमध्ये ५५.५ कि.मि. सडक खण्ड, १०.५९ कि.मि. पुल र ६.४१ कि.मि. सुरुङ्ग मार्ग हुने कुरा परियोजनाको विवरणमा उल्लेख छ। आ.व. २०७८/७९ अन्त्यसम्ममा सो आयोजनाको भौतिक प्रगति २५.५४ प्रतिशत र वित्तीय प्रगति २८.११ प्रतिशत भएको देखिन्छ।

**बक्सः कर्णाली प्रदेशका महत्वपूर्ण जलविद्युत आयोजनाहरु**

**माथिल्लो कर्णाली जलविद्युत आयोजना**

माथिल्लो कर्णाली जलविद्युत आयोजना कर्णाली नदीमा प्रस्तावित रन अफ द रिभर जलविद्युत आयोजना हो। यो आयोजना दैलेख जिल्लाको आठबीस नगरपालिका वडा नं. १ सात्तलाको डाब र अछाम जिल्लाको भागमा पर्दछ। यो आयोजनाको विद्युत उत्पादन क्षमता ९०० मेगावाट रहेको छ। यो आयोजना निर्माण गर्ने जिम्मा नेपाल सरकारले भारतिय कम्पनी जिएमआ लाई दिएको छ। यस आयोजनाबाट उत्पादन हुने अधिकांश बिजुली बंगलादेश (५०० मेगावाट) र भारत (२९२ मेगावाट) दुवैतर्फ ४०० केभी डबल सर्किट प्रसारण लाइनमार्फत निर्यात गर्ने तय गरिएको छ बाँकी रहेको कुल विद्युतको १०८ मेगावाट नेपाल सरकारले प्राप्त गर्ने छ।

१९९० मा पहिलो पटक सानो स्केल २४० मेगावाट सुविधाको रूपमा योजना गरिएकोमा हालको ९०० मेगावाट डिजाइन २००८ मा स्वीकृत भएको थियो। लामो समय देखि यो आयोजनाको कार्य गर्ने भनिएपनि उत्पादनको जिम्मा पाएको कम्पनीले कार्य गर्न नसकी पटकपटक म्याद थपिदै आएको छ। नेपालको ठुलो आयोजना मध्येको यस आयोजना समयमै सम्पन्न भएका देशमा आवश्यक विद्युतको परिपूर्ति हुनुको साथै ठुलो मात्रामा विद्युत निर्यातको सम्भावना रहेको छ। भारत र बंगलादेशमा विद्युत आपूर्ति हुने निर्यातमुखी आयोजना भएकोले समयममै विद्युत उत्पादन गर्न सके यसले नेपालको विकासको लागि बहुआयामिक महत्व राख्दछ।

**बेतन कर्णाली जलविद्युत आयोजना**

४३९ मेगावाट विद्युत क्षमताको बेतन कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना हो। जुन कर्णाली प्रदेश सुर्खेत जिल्लाको चौकुने गाउँपालिका वडा न.४, ५, ६ र पञ्चपुरी नगरपालिका वडा न. ७ साथै सुदूरपश्चिम प्रदेशको अछाम जिल्लाको ढकारी गाउँपालिको वडा नं. ६, ७ र तुर्माखाद गाउँपालिकाका वडा न. ३, ४ र ५ को क्षेत्र भित्र अवस्थित छ।

जलविद्युतको उत्पादन वृद्धि गरी उर्जाको निरन्तर बढ्दो माग पुरा गर्न र विदेशबाट आयात गरिने विद्युतलाई प्रतिस्थापन गर्न यस्ता आयोजनाको प्रमुख भुमिका हुने देखिन्छ। साथै रोजगारी सिर्जना हुन गई स्थानीय जनताहरु लाभान्वित हुने देखिन्छ। यो आयोजना निर्माण भई सञ्चालनमा आएमा विद्युतको आन्तरिक माग

परिपूर्ति गर्नुको साथै बाँकी बिजुली छिमेकी देशहरुमा बिक्रि गरी आर्थिक लाभ लिन सकिने हुँदा यस आयोजनाको सञ्चालनबाट समष्टिगत रुपमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्ने देखिन्छ ।

**फुकोट कर्णाली जलविद्युत आयोजना**

प्रधानमन्त्रीको भारत भ्रमणमा फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजना भारतीय सरकारी कम्पनीले लगानी गर्ने सम्झौता भएको छ । यस आयोजनाको विद्युत उत्पादन क्षमता ४८० मेगावाट रहेको छ । नेपालको तर्फबाट विद्युत उत्पादन कम्पनी लिमिटेड र भारतको सरकारी कम्पनी एनएचपीसीको संयुक्त उपक्रम (Joint Venture) बनाएर यस आयोजनाको विकास गर्ने गरी सम्झौता भएको छ । MOU को मस्यौदाअनुसार एनएचपीसीको ५१ र भीयूसीएलको ४९ प्रतिशत लगानीमा फुकोट कर्णाली आयोजना बनाउने तयारी छ ।

यो आयोजना कालिकोटको पचाल झरना गाउँपालिका, रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका र खाँडाचक्र नगरपालिका हुँदै बग्ने कर्णाली नदीको खण्डमा निर्माण हुनेछ । जलविद्युतको राष्ट्रिय उत्पादन वृद्धि गरी उर्जाको निरन्तर बढ्दो माग पुरा गर्न र विदेशबाट आयात गरिने विद्युतलाई प्रतिस्थापन गर्न यस्ता आयोजनाको प्रमुख भुमिका हुने देखिन्छ । साथै रोजगारी सिर्जना हुन गई स्थानीय जनताहरु लाभान्वित हुने छन् । यो आयोजना निर्माण भई सञ्चालन भएमा विद्युतको आन्तरिक माग परिपूर्ति गर्नुको साथै बाँकी बिजुली छिमेकी देशहरुमा बिक्रि गरी आर्थिक लाभ लिन सकिने हुँदा यस आयोजनाको सञ्चालनबाट समष्टिगत रुपमा समग्र देशको आर्थिक उन्नतिमा टेवा पुग्ने देखिन्छ ।

*स्रोत: आर्थिक गतिविधि अध्ययन (कर्णाली प्रदेश), वार्षिक प्रतिवेदन (आ.व..२०७९/८०)*

## ६.२ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरुको स्थिति र समीक्षा वर्षको अन्तसम्मको भौतिक र वित्तीय प्रगति विवरण तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२ : राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र. सं. | आयोजनाको नाम | अवस्थिती | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | २०७९ असार मसान्त सम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| १. | सिक्टा सिँचाई आयोजना | लुम्बिनी प्रदेश | २०५९/६० | ४२,७६६ हेक्टर | २०८५/८६ | २५ अर्ब २ करोड | ३९.७६ | ३८.९६ |
| २. | बबई सिँचाई आयोजना | लुम्बिनी प्रदेश | २०४५/४६ | ३६,००० हेक्टर | २०८२/८३ | १८ अर्ब ९६ करोड | ७०.०३ | ६६.८७ |
| ३. | रानी जमरा कुलरिया आयोजना | सुदूरपश्चिम प्रदेश | २०६८/६९ | ३८,३०० हेक्टर | २०८०/८१ | २७ अर्ब ७० करोड | ६६.९७ | ६५.६० |
| ४. | सुनकोशी मरिन डाइभर्सन आयोजना | बागमती प्रदेश र मधेश प्रदेश | २०७३/७४ | १२२,००० हेक्टर, २८.६ मेगावाट | २०८४/८५ | ४६ अर्ब १९ करोड | २१.४० | १९.२० |
| ५. | महाकाली सिँचाई आयोजना | सुदूरपश्चिम प्रदेश | २०६३/६४ | ३३,५२० हेक्टर | २०८७/८८ | ३५ अर्ब | १९.२९ | १८.८४ |
| ६. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६८/६९ | ५१,००० हेक्टर, ४६.८ मेगावाट | २०८४/८५ | ३६ अर्ब ८० करोड | ६२.०० | ५४.८६ |
| ७. | माथिल्लो तामाकोशी | बागमती प्रदेश | २०६७/६८ | ४५६ | २०७७/७८ | ५२ अर्ब ८ | सम्पन्न | सम्पन्न |

| क. सं. | आयोजनाको नाम | अवस्थिती | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | २०७९ असार मसान्त सम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| | जलविद्युत् आयोजना | | | मेगावाट | | करोड | | |
| ८. | बुढी गण्डकी जलविद्युत् आयोजना | गण्डकी प्रदेश | २०६९/७० | १२०० मेगावाट | २०८३/८४ | २ खर्ब ६० अर्ब | १०.०० | १५.०० |
| ९. | विद्युत् प्रशारण आयोजना | बागमती प्रदेश, लुम्बिनी प्रदेश | २०६७/६८ | ४०० के.भि. २८९ कि.मि. आन्तरिक २३ कि.मि. अन्तरदेशीय | २०८४/८५ | ६१ अर्ब २६ करोड | ५६.०० | ५६.०० |
| १०. | पश्चिम सेती जलविद्युत् आयोजना | सुदूरपश्चिम प्रदेश | २०६७/६८ | १२०० मेगावाट | यकिन नभएको | १३ अर्ब २० करोड | नभएको | नभएको |
| ११. | गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | लुम्बिनी प्रदेश | २०७२/७३ | ३०००×६० एकल धावन मार्ग | २०७७/७८ | ६ अर्ब २२ करोड | सम्पन्न | सम्पन्न |
| १२. | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | गण्डकी प्रदेश | २०६८ | २५००×४५ एकल धावन मार्ग | २०७९/८० | २२ अर्ब | ९९.५० | ८२.३३ |
| १३. | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | प्रदेश नं २ | २०७१/७२ | ३६००×४५ एकल धावन मार्ग | २०८५/८६ | १ खर्ब ६५ अर्ब | नभएको | नभएको |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | प्रदेश नं २ | २०६५/६६ | ७० कि.मि./ १३१७.४ कि.मि. | २०८६/८७ | ९ खर्ब ५५ अर्ब २२ करोड | ४३.८८ | ४२.८८ |
| १५. | हुलाकी राजमार्ग | प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश | २०६६/६७ | १७९२.४२ कि.मि. | २०८३/८४ | ६५ अर्ब २० करोड | ९१.०० | ९१.०० |
| १६. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | प्रदेश नं १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०६४/६५ | १८७९ कि.मि. | २०८४/८५ | ६४ अर्ब ७६ करोड | ७२.७० | ७६.८० |
| १७. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | प्रदेश नं १ | २०६५/६६ | १६२ कि.मि. | २०८३/८४ | ११ अर्ब ९३ करोड | ४२.०० | ४२.०० |
| १८. | उत्तर दक्षिण ( कालीगण्डकी) लोकमार्ग गैडाकोट राम्दीमालढुङ्गा सडक* बेनी जोमसोम कोरोला सडक** | गण्डकी प्रदेश | २०६६/६७ | ४३१ कि.मि. | २०८०/८१ | २७ अर्ब | ४५.०० | ४३.०० |

| क्र. सं. | आयोजनाको नाम | अवस्थिती | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | २०७९ असार मसान्त सम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| १९. | उत्तर दक्षिण ( कर्णाली लोकमार्ग) | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६४/६५ | २८४ कि.मि./ १४५ कि.मि. | २०८३/८४ | ६ अर्ब ६६ करोड | २४.०० | २०.४१ |
| २०. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | प्रदेश नं २, बागमती प्रदेश | २०७४/७५ | ७१ कि.मि. | २०८३/८४ | २ खर्ब ११ अर्ब ९३ करोड | २५.५४ | २८.११ |
| २१. | मेलम्ची खानेपानी आयोजना | बागमती प्रदेश | २०५५/५६ | ५१ करोड लिटर | २०७७/७८ ( प्रथम चरण-सम्पन्न भईसकेको) २०८०/८१ (दोस्रो चरण) | ३१ अर्ब ३६ करोड | ९९.५२ | ९९.२० |
| २२. | पशुपती क्षेत्र विकास कोष | बागमती प्रदेश | २०५७/५८ | २८६.६ हेक्टर | निरन्तर | २० अर्ब ३ करोड | ६६ | ६५.७३ |
| २३. | लुम्बिनी क्षेत्र विकास कोष | लुम्बिनी प्रदेश | सन् १९७८ | ११५५ विगाह | २०८०/८१ | १३ अर्ब २६ करोड | ८८ | ६०.३४ |
| २४. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | ५ खर्ब ९० अर्ब ७६ करोड | ५.७९ | ५.६३ |

*स्रोत : अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*

## ६.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

पछिल्लो समय जाजरकोट जिल्लामा केन्द्रविन्दु भई गएको भुकम्पबाट क्षति भएका भौतिक संरचनाहरुलाई समयमै पून:निर्माण गरी जनजीवन सरल र सहज बनाउने कार्य चुनौतीपूर्ण रहेको छ । भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु, पूर्व निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नु, निर्माणमा गुणस्तर र पूर्वाधार विकासमा तीव्रता कायम गर्नु जस्ता चुनौती लामो समयदेखि विद्यमान रहेका छन् । निमार्णाधीन पूर्वाधारहरुले निम्त्याउन सक्ने दुर्घटना, पूर्वाधार निर्माण आयोजना निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न गर्नु, निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तिव्रता ल्याउनु, सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माणसम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वय कायम गर्नु, भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक जग्गाको पहिचान, मूल्याङ्कन, अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने स्थानीय अवरोधको दीर्घकालीन समाधान खोज्नु, आयोजनाका लागि गुणस्तरीय स्वदेशी कामदार तथा विशेषज्ञको सुनिश्चितता गर्नु, कार्यसम्पादनमा आधारित नतिजामुखी पूर्वाधार आयोजना व्यवस्थापन गर्नु, पूर्वाधार निर्माणको क्रममा हुने वन विनास र पानीका प्राकृतिक स्रोतमा हुने क्षति न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु, सम्पन्न पूर्वाधारहरुको समय समयमा अनुगमन तथा मर्मत सम्भार गर्नु, राष्ट्रिय गौरबका आयोजना, रुपान्तकारी आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कामदार, विशेषज्ञहरु, आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरण समयमा आपूर्ति गर्नु चुनौतीपूर्ण रहेको छ ।

**तालिका ६.३ : पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
| --- | --- |
| कोशी प्रदेश | • कोशी प्रदेश सरकारको अस्थिरताका कारण सरकारका नीति तथा प्राथमिकताहरु परिवर्तन भईरहने हुँदा परियोजनाहरु समयमा नै सम्पन्न गर्नु ।<br>• राष्ट्रिय गौरव, प्रदेश गौरव लगायत कतिपय ठुला परियोजनाहरुको मुआव्जा वितरणलाई वैज्ञाानिक र यर्थाथमुखी बनाउदै निमार्णधीन परियोजनाहरुमा स्थानिय जनसहभागिता सुनिश्चित गर्नु ।<br>• यस प्रदेशमा तीव्र गतिमा निर्माण कार्य भईरहेका सडक सञ्जाल आयोजनाहरुको कार्य गुणस्तरीयता कायम गरी समयमै कार्य सम्पन्न गर्दै जनतामा पूर्वाधारहरु प्रति अपनत्व भाव सिर्जना हुने वातावरण तयार गर्नु । |
| मधेश प्रदेश | • राष्ट्रिय गौरव लगायत ठूला पूर्वाधार क्षेत्रको निर्माणको लागि विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यावसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु ।<br>• मधेश प्रदेशमा शुरु भएका हुलाकी राजमार्ग, काठमाडौ–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू निर्धारित लागत र समय तालिकामा सम्पन्न गर्नु । |
| बागमती प्रदेश | • आयोजनाको लागतमा पर्न जाने हेरफेरको सम्बोधन गर्दै स्रोतको उपलब्धता सुनिश्चित गर्नु ।<br>• कार्य शुरु हुनु अगाडि सम्बन्धित मन्त्रालय तथा निकायको पूर्वतयारी नपुग्नु, समस्याको समाधान समयमै नहुनु, बजेटको व्यवस्थापन नहुनु लगायतका कारणले राष्ट्रिय बजेटमा उल्लेख्य हिस्सा ओगट्ने तथा महत्व राख्ने राष्ट्रिय गौरवका आयोजनाको निर्माण समयमै सम्पन्न गर्नु ।<br>• मेलम्ची खानेपानी आयोजनाको पाइपलाइन मर्मत् गरी वितरणलाई नियमित गर्नु । |
| गण्डकी प्रदेश | • सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुको आपसी समन्वयमा निर्माण कार्य व्यवस्थित गर्नु ।<br>• प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माणमा कठिनाई, समयमा आयोजना सम्पन्न नहुनु । |
| लुम्बिनी प्रदेश | • यस प्रदेश अन्तर्गतका निजी सवारी साधनहरुको वैज्ञानिक व्यवस्थापन गर्दै सर्वसुलभ एवम् सुरक्षित सार्वजनिक यातायात सेवा प्रदान गर्नु ।<br>• स्थानीय तहबाट निर्माण हुने भौतिक पूर्वाधारको गुणस्तर कायम तथा दिगोपना अभिवृद्धि गर्नु । |
| कर्णाली प्रदेश | • यस प्रदेशका सबै जिल्लाहरुमा प्रदेश राजधानी सुर्खेतबाट सहज, सुलभ तथा स्तरीय सडक र हवाई सञ्जालको विकास गर्नु ।<br>• यस प्रदेशमा रहेका जलाधारहरुको अधिकतम उपयोग गरी विद्युत उत्पादन, प्रसारण तथा वितरण कार्य अगाडि बढाउनु । |
| सुदूरपश्चिम प्रदेश | • पछिल्लो समय बझाङ जिल्लामा केन्द्रविन्दु भई गएको भुकम्पबाट क्षति भएका भौतिक संरचनाहरुलाई समयमै पूर्ननिर्माण गर्नु चुनौतीपूर्ण रहेको । भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु ।<br>• विद्युत क्षमतामा देशकै बढी क्षमता रहेको सुदूरपश्चिम प्रदेशमा विद्युत आयोजनाहरुमा उचित लगानी आकर्षित गर्नु र अध्ययन तथा निर्माणका क्रममा रहेका आयोजनाहरुलाई तिव्रता दिनु । |

### सम्भावना

जनसाङ्ख्यिक लाभको उपयोग गर्दै बेरोजगार युवाहरुलाई पूर्वाधार विकासको काममा लगाउने सम्भावना रहेको । जलविद्युत, सिमेन्ट, डण्डी उत्पादनमा देश आत्मनिर्भर उन्मुख रहेको, सरकारले सिँचाई, सडक, विमानस्थल लगायतका पूर्वाधार निर्माण दीर्घकालीन सोँचका साथ प्राथमिकतामा राखेको, विद्युत प्रसारण लाइन र सडक सञ्जाल विस्तार आयोजना अघि बढेको, पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्विपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको प्राथमिकतामा रहेकोले पूर्वाधार क्षेत्र विकासले गति लिने सम्भावना रहेको छ । आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पूर्वाधार विकास क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्नाले पूर्वाधार निर्माणले गति लिने सम्भावना रहेको छ ।

**तालिका ६.४ : पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| कोशी प्रदेश | • विराटनगर विमान स्थलको स्तरोन्नती, गिरिजाप्रसाद कोइराला क्रिकेट रंगशालाको निर्माणले यस क्षेत्रको आर्थिक गतिविधि थप चलायामान हुने सम्भावना रहेको छ ।<br>• अरुण तेस्रो जलविद्युत आयोजना, माथिल्लो तामाकोशी जलविद्युत आयोजना, सोलु करिडोर प्रशारण लाइन, कोशी करिडोर प्रशारण लाइन, कुशाहा विराटनगर करिडोर प्रशारण लाइनको सम्पन्नता तथा विस्तारले यस क्षेत्रमा विद्युतको आपुर्ति बढन गई यस प्रदेशमा सञ्चालनमा रहेका उद्योग व्यवसायलाई आवश्यक विद्युतको पूर्तिले उद्योगको क्षमता पुर्ण उपयोग हुनसक्ने तथा औद्योगिक वातावरण सिर्जना हुने सम्भावना रहेको छ । |
| मधेश प्रदेश | • मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी मधेश प्रदेशको सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके प्रदेशको कृषि योग्य भूमिमा सिँचाई सुविधा पुग्न सक्ने सम्भावना रहेको छ ।<br>• मधेश प्रदेश भौगोलिक दृष्टिकोणले समतल भू-भागमा रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरूको विकास तथा निर्माण हुन सक्ने सम्भावना रहेको छ । |
| बागमती प्रदेश | • प्रदेश गौरव आयोजनाको रुपमा रहेको रुवी भ्याली एकीकृत विकास आयोजनालाई प्रदेश सरकारको बजेट सहितको कार्य अगाडि बढाई त्यस क्षेत्रमा सडक, विजुली, होमस्टे लगायतका पूर्वाधारहरु निर्माणको सम्भावना रहेको ।<br>• प्रदेशका विकट क्षेत्रबाट शहरी इलाकासम्म सर्वसुलभ यात्रा गराउन इलेक्ट्रिक बस, चार्जिङ स्टेसन, ट्राम, केवलकार जस्ता आधुनिक पूर्वाधार आयोजनाहरुको आर्थिक तथा वित्तीय सम्भावना उच्च रहेको ।<br>• ठूला सहरहरुलाई व्यवस्थित गर्न Intelligent Traffic Light System, Parking Garage, Underpass, Flyover लगायतका पूर्वाधार निर्माण गर्न सकिने । |
| गण्डकी प्रदेश | • बाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्रमा अवस्थित ८२८ मेगावाट क्षमता भएको सम्भावित उत्तर गंगा जलाशययुक्त जलविद्युत आयोजना गण्डकी प्रदेश सरकार र संघीय सरकारको सह–लगानीमा निर्माण गर्न सकिने सम्भावना रहेको ।<br>• पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्न एशियाली विकास बैंकसँग ऋण सम्झौता भई निर्माण कार्य प्रारम्भ भइसकेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको समग्र विकासमा थप सहयोग पुग्ने देखिएको । |
| लुम्बिनी प्रदेश | • लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्न लुम्बिनी सर्किटमा रेलसेवा विकासका लागि विदेशीहरुले समेत चासो देखाएकाले प्रदेश सरकारले नेपाल सरकार तथा लगानी बोर्डसँगको समन्वयमा रेलसेवा विकास गर्नसक्ने सम्भावना रहेको । |

| | |
|---|---|
| | • यस प्रदेशभित्र राष्ट्रिय गौरवका तीन वटा सिँचाइ आयोजनाहरु कार्यान्वयनमा रहेकाले नयाँ प्रविधि एवम् जल व्यवस्थापन मार्फत सिँचाइ विस्तार गरी कृषि योग्य भूमिको विकास गर्न सकिने सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला नदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादनका साथै सिँचाई सुविधाको बिस्तार गर्न सकिने सम्भावना उच्च रहेको ।<br>• यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सुर्खेतको छिन्चु देखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट-जुम्लाको खलङ्गा-मुगुको नाक्चेलाग्ना खण्ड समेत गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, रारा ताल र लिमीबाट कैलाश मानसरोवर दर्शनका लागी लाखौं पर्यटक आकर्षित भई कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यसबाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने सम्भावना रहेको । |
| सुदूरपश्चिम प्रदेश | • राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै, स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने ।<br>• सुदूरपश्चिम प्रदेशमा जलविद्युतको अथाह सम्भावना रहेको छ । यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा, कालंगा लगायतका नदीहरुबाट प्रशस्त मात्रामा जलविद्युल उत्पादन गर्न सके समग्र सुदूरपश्चिम प्रदेशको पूर्वाधार विकासका साथै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ । |

# परिच्छेद ७

# बाह्य क्षेत्र र रोजगारी

## ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०७९/८० मा कुल वस्तु निर्यातमा २१.४ प्रतिशतले कमी आई रु.१ खर्ब ५७ अर्ब १४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ४१.७ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारततर्फ ३१.३ प्रतिशतले निर्यातमा कमी आएको छ भने चीन तथा अन्य मुलुकतर्फ क्रमश: ११८.३ प्रतिशत र १०.७ प्रतिशतले निर्यात वृद्धि भएको छ।

आर्थिक वर्ष २०७९/८० मा कुल वस्तु आयातमा १६.१ प्रतिशतले कमी आई रु.१६ खर्ब ११ अर्ब ७३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २४.७ प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयातमा क्रमश: १४.४ प्रतिशत, १५.९ प्रतिशत र २०.७ प्रतिशतले कमी आएको छ।

आर्थिक वर्ष २०७९/८० मा कुल वस्तु निर्यात र आयातमा भारतको हिस्सा बढी रहेको छ। कुल वस्तु निर्याततर्फ भारतको हिस्सा ६७.९ प्रतिशत र अमेरिकाको हिस्सा १२.५ प्रतिशत रहेको छ। त्यसैगरी, कुल वस्तु आयातर्फ भारतको हिस्सा ६३.८ प्रतिशत र चीनको हिस्सा १३.८ प्रतिशत रहेको छ।

**तालिका ७.१ : आर्थिक वर्ष २०७९/८० मा नेपालको आयात निर्यात स्थिति**

| निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|
| **देश** | **रु. अर्बमा** | **प्रतिशत** | **देश** | **रु. अर्बमा** | **प्रतिशत** |
| भारत | १०६.७ | ६७.९ | भारत | १,०२७.८ | ६३.८ |
| अमेरिका | १९.६ | १२.५ | चीन | २२२.७ | १३.८ |
| जर्मनी | ४.४ | २.८ | इन्डोनेसिया | ४१.८ | २.६ |
| बेलायत | ३.३ | २.१ | युएई | ३२.२ | २.० |
| टर्की | २.२ | १.४ | अर्जेन्टिना | २४.९ | १.५ |
| फ्रान्स | १.८ | १.२ | मलेसिया | २२.४ | १.४ |
| क्यानडा | १.८ | १.१ | अमेरिका | १९.४ | १.२ |
| चीन | १.८ | १.१ | अष्ट्रेलिया | १८.६ | १.२ |
| अस्ट्रेलिया | १.६ | १.० | युक्रेन | १८.४ | १.१ |
| जापान | १.४ | ०.९ | कतार | १३.३ | ०.८ |
| अन्य | १२.६ | ८.० | अन्य | १७०.१ | १०.६ |
| **कुल** | **१५७.१** | **१००** | **कुल** | **१,६११.७** | **१००** |

*स्रोत: भन्सार विभाग, २०८०*

आर्थिक वर्ष २०७९/८० मा कुल वस्तु व्यापार घाटा १५.५ प्रतिशतले घटी रु.१४ खर्ब ५४ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २३.० प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा निर्यात-आयात अनुपात ९.७ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १०.४ प्रतिशत रहेको थियो।

**तालिका ७.२ : आर्थिक वर्ष २०७९/८० को आयात र निर्यातको संरचना (प्रतिशत)**

| क्र. सं. | विवरण | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|
| | | आयात | निर्यात | आयात | निर्यात |
| १ | कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थ | २१.९ | ६३.० | २१.९ | ४३.३ |
| २ | खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधन | २६.२ | ०.५ | २७.५ | ०.९ |
| ३ | निर्माण, आवास, काठ तथा फर्निचर, आधारभुत धातु, विद्युतीय उपकरण | १३.१ | ३.९ | १३.९ | ८.८ |
| ४ | कपडा, छाला, जुत्ता, गहना | ९.३ | २६.५ | ९.४ | ३४.५ |
| ५ | यातायात, उपकरण, हुलाक सेवा | १५.९ | २.३ | १४.४ | ८.२ |
| ६ | आइटी, मिडिया, कम्प्युटर, वित्तीय सेवा | ५.७ | १.० | ५.१ | ०.७ |
| ७ | स्वास्थ्य, शिक्षा तथा खेलकुद | ७.६ | २.८ | ७.३ | ३.६ |
| ८ | सरकार, सेना तथा अन्य | ०.३ | ०.० | ०.५ | ०.० |
| | **जम्मा** | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत : भन्सार विभाग, २०८०*

समीक्षा वर्षमा आयात र निर्यातको संरचनामा उल्लेखनीय परिवर्तन भएको छैन । आर्थिक वर्ष २०७९/८० को कुल निर्यातमा कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थको हिस्सा सबैभन्दा बढी (४३.३ प्रतिशत) रहेको छ भने आयातमा खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधनको हिस्सा सबैभन्दा बढी (२७.५ प्रतिशत) रहेको छ (तालिका ७.२) । आयातमा कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थको हिस्सा २१.९ प्रतिशत र यातायत, उपकरण, हुलाक सेवाको हिस्सा १४.४ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा रु.२ खर्ब ६१ अर्ब २५ करोडको कृषिजन्य वस्तु आयात भएको छ भने रु.५७ अर्ब ७८ करोडको कृषिजन्य वस्तु निर्यात भएको छ (तालिका ७.३) । कृषिजन्य वस्तुको आयात निर्यात दुबैतर्फ बोसो तथा तेलजन्य वस्तुको हिस्सा उच्च रहेको छ । समीक्षा वर्षमा रु.८३ अर्ब ८२ करोडको बोसो तथा तेल आयात भएको छ भने रु.२९ अर्ब ४५ करोडको बोसो तथा तेल निर्यात भएको छ । यसका अतिरिक्त धान/चामल, तरकारी तथा दलहन, नट्स तथा फलफूल, पशुपन्छीको आहारा, मकै र कपास क्रमशः आयात रकमको आधारमा दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौं र सातौं स्थानमा रहेका छन् । यसैगरी, मसाला, पशुपन्छीको आहारा, जुट तथा अन्य वनस्पती रेशा, चिया, तरकारी तथा दलहन र पिठोको निर्यात क्रमशः दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौं र सातौं स्थानमा रहेका छन् ।

**तालिका ७.३ : कृषिजन्य वस्तु आयात निर्यातको अवस्था**

(रु. दश लाखमा)

| वस्तुको नाम | आ.व. २०७८/७९ | | आ.व. २०७९/८० | |
|---|---|---|---|---|
| | आयात | निर्यात | आयात | निर्यात |
| बोसो तथा तेल | १२०४६४.५३ | ९३७४०.५३ | ८६८१८.८ | २९४४९.७ |
| मसला | ८८३१.०६ | ५७१२.५९ | ८३१५.३ | १०००६.१ |
| पशुपन्छीको आहारा | २९३१९.६९ | ७३२२.९२ | २००८३.१ | ६८२९.४ |
| जुट तथा अन्य वनस्पती रेशा | ५१४७.८४ | ६५४२.९६ | ४९२१.४ | ५१९३.२ |
| चिया | ८३.६५ | ३४३४.३५ | १२९.२ | ३९३७.३ |
| नट्स तथा फलफुल | २४९९८.६ | ९२१.३ | २०५६३.१ | ६४.९ |
| तरकारी तथा दलहन | ३६५४४.६ | ७७६.३ | ३१८७२.५ | ७४६.० |
| छाला | ९८.०१ | ५२०.२५ | ७९.४ | ४५७.८ |

| | | | | |
|---|---|---|---|---|
| कफी | १२७.५९ | ११७.०८ | ३२५.९ | १३०.४ |
| सुर्ती तथा सुर्तीजन्य उत्पादन | ३६९२.७९ | १०१.८५ | ३५५८.४ | ११९.८ |
| दुग्ध पदार्थ तथा पशुजन्य खाद्य उत्पादन | २१४८.०७ | ९७.०४ | २५५४.८ | १६३.९ |
| चिनी | ७४११.२८ | ७३.४२ | ५०२८.५ | १५०.५ |
| पिठो, मैदा, सुजी, च्याँख्ला आदि | २६७४.५८ | २६.२२ | २९२६.० | ४९८.९ |
| मासु | ४६.३ | १८.१ | २४.८ | १७.१ |
| ऊन | ५०८२.६१ | १३.६४ | ४८५१.७ | ८.९ |
| कपास | ११३६०.८३ | ११.७७ | १०२७८.८ | २.२ |
| जीवित बोटविरुवा तथा फूलहरु | ३२७.३ | ७.९ | २८३.६ | ५.४ |
| मकै | १९६४९.६२ | ०.५३ | १७१७३.६ | ०.५ |
| धान | ४७५७३.६८ | ०.३ | ३६६६३.२ | ०.२ |
| गहुँ | ६३२६.१९ | ० | २००८.८ | ०.१ |
| जिवित जन्तु | १७४३.३ | ० | ९१०.३ | ०.० |
| माछा तथा अन्य जलचर | १३४६.५८ | ० | १०३०.४ | ०.४ |
| रेशम | ८४३.९९ | ० | ७०१.५ | ०.० |
| तयारी माछामासु | १२३.६८ | ० | १२३.७ | ०.० |
| जौ | २२.०१ | ० | २७.७ | ०.० |
| **जम्मा** | **३३५९८८.४** | **११९४३९.१** | **२६१२५४.५** | **५७७८२.६** |

*स्रोत : भन्सार विभाग, २०८०*

भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने सुदूर पश्चिम प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ। यसैगरी, मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी निर्यात भएको छ भने सुदूर पश्चिम प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा कम निर्यात भएको छ। गण्डकी र कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ (तालिका ७.४)।

**तालिका ७.४ : भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरु | आयात (रु. अर्बमा) | निर्यात (रु. अर्बमा) |
|---|---|---|---|
| प्रदेश नं. १ | भद्रपुर, विराटनगर, मेची, सुनसरी | २३८.४७ | ६१.३७ |
| मधेश प्रदेश | बीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, ठाडी | ८०९.४९ | ४३.४७ |
| बागमती प्रदेश | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल | १९८.६७ | ३६.७६ |
| गण्डकी प्रदेश | त्रिवेणी | ०.००२७ | ०.०० |
| लुम्बिनी प्रदेश | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली, गौतम बुद्ध विमानस्थल | २६९.५६ | १४.६६ |
| सुदुर पश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, सत्ती | २८.२४ | ०.८५ |
| **जम्मा** | | **१५४४.४३** | **१५७.११** |

*स्रोत : भन्सार विभाग, २०८०*

आर्थिक वर्ष २०७९/८० मा आयात गरिएका मुख्य वस्तुहरुमा पेट्रोलियम पदार्थ, मेसीनरी उपकरण तथा पाटपुर्जा, सवारी साधन तथा पाटपुर्जा, औषधि, सुन, फलाम, रसायनिक मल, धान/चामल, सञ्चार उपकरण, भटमासको कच्चा तेल, विद्युतीय उपकरण, कोइला, कपडा, कच्चा पाम तेल, तयारी पोशाक, धागो तथा एम.एस.बिलेट, तथा आदि रहेका छन् । समीक्षा वर्षमा निर्यात गरिएका मुख्य वस्तुहरुमा पाम तेल, गलैंचा, पोलिस्टर धागो, भटमासको तेल, अलैंची, जिङ्कको पाता, जुटका सामान, जुस, तयारी पोशाक, चिया, पश्मिना, कपडा, चाउचाउ, जडीबूटी, रोजिन, आयुर्वेदिक औषधि तथा अदुवा आदि रहेका छन् (तालिका ७.५) ।

**तालिका ७.५ : भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु**

| प्रदेश | आयात | निर्यात |
|---|---|---|
| कोशी प्रदेश | कच्चा पाम तेल, भटमासको कच्चा तेल, पेट्रोल, डिजल, एल.पी.ग्याँस, फलाम वा इस्पातका अर्ध-तयारी उत्पादन, सुर्यमुखीको कच्चा तेल, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, मकै, काँचो सनपाट, शुरु अवस्थाको पोलिप्रोपिलिन, युरिया आदि । | अलैंची, पाम तेल, जुटको फेब्रिकस, चिया, भटमासको तेल, रोल्ड आइरन सिट, धागो, बुनिएका कपडा, कुकुर/बिरालोको खाना, अम्रिसो, अदुवा, तामाको भाँडाकुडा, दाल, आदि । |
| मधेश प्रदेश | डिजल, पेट्रोल, एल.पी.ग्याँस, भटमासको कच्चा तेल, औषधि, कच्चा पाम तेल, कोइला, धान, फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, सुर्यमुखीको कच्चा तेल, युरिया, हल्का पेय पदार्थ, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, मकै, सुर्तिजन्य पदार्थ, जिङ्क, शुरु अवस्थाको पोलिप्रोपिलिन आदि । | भटमासको तेल, पाम तेल, सुन्तला तथा भुइँकटरको जुस, फेल्टका सामान, रोल्ड आइरन सिट, कपडाको जुत्ता, बुनिएका कपडा, आयुर्वेदिक औषधि, चवनप्रास, कुकुर/बिरालोको खाना, मिनरल वाटर, पोलिस्टर धागो, सूर्यमूखीको दाना तथा तेल, गलैंचा आदि । |
| बागमती प्रदेश | सुन, सेलुलर मोबाइल फोन, खोप मेडिसिन युरिया, भटमास, कोल्जाको बीउ, फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, ल्यापटप, रातो दाल, इलेक्ट्रिक गाडी, सूर्यमूखीको कच्चा तेल, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, हवाईजहाज र सम्बन्धित उपकरण, पोलिथिन प्लास्टिक, राउटर, पासपोर्ट, स्याउ, चना, मकै, । | गलैंचा, ऊनको मफ्लर, सल तथा अन्य तयारी पोसाक, पश्मिना, फेल्टका सामान, कुकुर/ बिरालोको खाना, कस्मिरको तयारी पोसाक, सूतीको तयारी पोसाक, सांगितिक बाद्ययन्त्र, सजावटका सामान, रेजर ब्लेड, पेन्टिङ्ग आदि । |
| लुम्बिनी प्रदेश | डिजल, पेट्रोल, फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, एल.पी.ग्याँस, सेलुलर मोबाइल फोन, इलेक्ट्रिक गाडी, कोइला, धान, मोटरसाईकल, धान, चामल, युरिया, ग्रीनाइट, आलु, पोलिथिन प्लास्टिक, मकै, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी आदि । | पोलिस्टर धागो, पाम तेल, प्लाइउड, रोजिन, कोल्जाको बीउ, कथ्था, सिमेन्ट क्लिङकर, सिमेन्ट, अनाजको अवशेष, स्टिलको घरायसी सामान, अदुवा, टार्पिन तेल, बियर, मसला, दालचीनी, डाइपर, भटमासको तेल, आदि । |
| सुदूर पश्चिम प्रदेश | डिजेल, पेट्रोल, एल.पी.ग्याँस, बुजिया दालमोठ, हाइड्रोलिक टर्बाइन, कागज तथा बोर्ड, आलु, मकै, सेरामिक्स, कम्बल, तोरीको दाना, एसी जेनेरेटर, प्याज, चामल, नुन, अंगुर, तरकारी, ग्रीनाइट, आदि । | कत्था, रोजिन, टार्पिन तेल, कोल्जाको बीउ, कच्चा खयर, मसला, मुर्ति, तामाको सामान, तरकारी (फर्सी, इस्कुस, लौका), भोल्टेज नाप्ने उपकरण, फलाम तथा स्टिलको उपकरण, स्टिलको घरायसी सामान आदि । |

*स्रोत : भन्सार विभाग, २०८०*

## ७.२ रोजगारी

### प्रधानमन्त्री रोजगार कार्यक्रम

बेरोजगार व्यक्तिहरुलाई रोजगार दिन सरकारले कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्ममा ८ लाख ४१ हजार ३ सय ७९ जना रोजगारको लागि सूचीकृत रहेकोमा ९१ हजार ७ सय ३१ जनाले रोजगारी पाएका छन् (तालिका ७.७)।

**तालिका ७.६ : २०८० असार मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण तालिका**

| प्रदेश | सूचीकृत बेरोजगार | | | | रोजगारीमा खटिएका संख्या | जम्मा रोजगारी दिन (हजारमा) | आयोजना संख्या |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | जम्मा | | | |
| कोशी प्रदेश | ४७,४०५ | ५८,०६९ | ४ | १०५,४७८ | १३,८९९ | १,११८ | २,४३५ |
| मधेश प्रदेश | ५२,५७३ | ४३,६१५ | २ | ९६,१९० | १२,७०९ | ७१४ | १,४३८ |
| बागमती प्रदेश | ४९,७९२ | ४६,२९८ | १ | ९६,०९१ | ११,४९७ | ९१६ | २,१३९ |
| गण्डकी प्रदेश | २३,७९० | २९,६०४ | २ | ५३,३९६ | ७,४२८ | ५६६ | १,५७६ |
| लुम्बिनी प्रदेश | ६४,३८८ | ३९,५४४ | ६ | १०३,९३८ | १२,३८७ | ९८३ | २,१२१ |
| कर्णाली प्रदेश | १०१,०१० | ९७,११९ | १७ | १९८,१४६ | १७,१०७ | १,३८७ | १,६३८ |
| सुदूरपश्चिम प्रदेश | ११४,४९५ | ७३,६४४ | १ | १८८,१४० | १६,७०४ | १,४९३ | २,३८८ |
| **जम्मा** | **४५३,४५३** | **३८७,८९३** | **३३** | **८४१,३७९** | **९१,७३१** | **७,१७७** | **१३,७३५** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम, २०८०*

प्रदेशगत रुपमा तुलना गर्दा कर्णाली प्रदेशबाट सबैभन्दा बढी १ लाख ९८ हजार १ सय ४६ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएको देखिन्छ भने गण्डकी प्रदेशबाट सबैभन्दा कम ५३ हजार ३ सय ९६ जना बेरोजगार व्यक्तिहरु रोजगारीको लागि आवेदन दिई सूचीकृत भएको देखिन्छ । सूचीकृत बेरोजगारमध्ये ९१ हजार ७ सय ३१ जना (१०.९ प्रतिशत)ले रोजगारी पाएका छन् । करीव २ लाख जनालाई कम्तीमा १०० दिनको रोजगारी दिने लक्ष्य रहेको यस कार्यक्रमले विद्यमान अवस्थामा सबै सूचीकृत व्यक्तिहरुलाई रोजगार प्रदान गर्न कठिनाई भएकाले थप गृहकार्य गर्नुपर्ने देखिन्छ ।

### वैदेशिक रोजगारी

कोभिड-१९ को प्रभावमा कमी आएसँगै वैदेशिक रोजगारीको अवसरमा वृद्धि आएको छ । वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०७९/८० मा पुनःश्रम स्वीकृति समेत जारी गरिएको कुल ७,७१,३२७ श्रम स्वीकृतिमध्ये मधेश प्रदेशको सबैभन्दा बढी १,८१,६१३ र कर्णाली प्रदेशको सबै भन्दा कम ३०,३४३ रहेका छन् (तालिका ७.८) ।

**तालिका ७.७ : आर्थिक वर्ष २०७९/८० मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण**

| प्रदेश | पुनः श्रम स्वीकृतिबाहेक | | | पुनः श्रम स्वीकृति समेत | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| कोशी प्रदेश | ९१,५९७ | १५,६८४ | १०७,२८१ | १४६,२६६ | २२,०४२ | १६८,३०८ |
| मधेश प्रदेश | १०१,७५६ | २,८४४ | १०४,६०० | १७७,९९० | ३,६२३ | १८१,६१३ |
| बागमती प्रदेश | ६२,८९१ | १९,२६३ | ८२,१५४ | ९०,७६२ | २६,१७० | ११६,९३२ |
| गण्डकी प्रदेश* | ५४,५३८ | ६,५८९ | ६१,१२७ | ९५,५८५ | ८,६१७ | १०४,२०२ |
| लुम्बिनी प्रदेश* | ८०,५६९ | ६,०७१ | ८६,६४० | १२८,०४९ | ८,०८५ | १३६,१३४ |
| कर्णाली प्रदेश* | २३,४३६ | १,५२३ | २४,९५९ | २८,५५८ | १,७८५ | ३०,३४३ |
| सुदूर पश्चिम प्रदेश | २५,९३७ | १,५२६ | २७,४६३ | ३१,९८३ | १,८१२ | ३३,७९५ |
| **जम्मा** | **४४०,७२४** | **५३,५००** | **४९४,२२४** | **६९९,१९३** | **७२,१३४** | **७७१,३२७** |

*नवलपरासी र रुकुम जिल्लाको संख्या सम्बन्धित प्रदेशमा आधा/आधा राखिएको ।
*स्रोत: वैदेशिक रोजगार विभाग, २०८०*

दक्षताको आधारमा तुलना गर्दा आर्थिक वर्ष २०७९/८० मा जारी गरिएका कुल ६,९९,१९३ श्रम स्वीकृतिमध्ये २६.३ प्रतिशत श्रम स्वीकृति अदक्ष कामदारको लागि जारी गरिएको पाइएको छ (तालिका ७.९)। यसैगरी, ६५.७ प्रतिशत दक्ष कामदार र ७.९ प्रतिशत अर्धदक्ष कामदारले श्रम स्वीकृति लिएको पाइएको छ ।

**तालिका ७.८ : दक्षताको आधारमा आ.व. २०७९/८० मा जारी श्रम स्वीकृति संख्या**

| क्र.सं. | प्रकृति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | उच्चसिपयुक्त | २२७ | ३० | २५७ |
| २. | पेशागत | १०४९ | १०४ | १,१५३ |
| ३. | अर्धदक्ष | ५५,४६६ | ५,०८९ | ६०,५५५ |
| ४. | दक्ष | ४,६३,२०४ | ४३,५४२ | ५,०६,७४६ |
| ५. | अदक्ष | १,७९,२४७ | २३,३६९ | २,०२,६१६ |
| **कूल जम्मा** | | **६,९९,१९३** | **७२,१३४** | **७,७१,३२७** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८० ।*

## ७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना

### चुनौती

व्यापार घाटामा नियन्त्रण गर्नु, आन्तरिक उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रर्वदन गर्नु, खाद्यान्को आयात प्रतिस्थापन गर्नु, पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन गर्नु, भारतसँग रहेको १७०० कि.मि. खुला सीमालाई व्यवस्थित बनाई भारतसँगको व्यापारलाई औपचारिक माध्यममा ल्याउनु, निर्यात गर्ने वस्तुहरुको देशगत विविधीकरण गर्नु, पर्याप्त विदेशी मुद्रा सञ्चितिको व्यवस्थापन गर्नु आदि वाह्य क्षेत्रका चुनौतीका रुपमा रहेका छन् । यसैगरी रुस-युक्रेन युद्ध तथा इजराइल-हमास युद्धका कारण विश्व व्यापार थप अस्तव्यस्त हुन गई खाद्य पदार्थ तथा पेट्रोलियम पदार्थको आपुर्ति श्रृङ्खलामा प्रभाव परेको छ । यसैगरी वैदेशिक रोजगारीमा जाने नेपालीको दक्षता अभिवृद्धि गर्नु, औपचारिक प्रणालीमार्फत् विप्रेषण भित्र्याउनु, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, लगानीयोग्य वातावरण सृजना गर्नु, आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्नु, सरकारद्वारा ल्याइएका रोजगार कार्यक्रममा वास्तविक वेरोजगार व्यक्तिको पहिचान गरी रोजगारी दिने व्यवस्था गर्नु आदि रोजगारीका चुनौती रहेका छन् । वैदेशिक रोजगारीका गन्तव्य

मुलुकहरुको आर्थिक वृद्धि कम रहेकोले वैदेशिक रोजगारी क्षेत्रमा प्रभाव पर्न सक्ने सम्भावना छ । मालवस्तुको यथार्थ मूल्याङ्कन गर्नु, घोषणा भएकै मालवस्तु आयात भएको नभएको निक्यौंल गर्नु, निर्यात गरिने वस्तुको सम्बन्धित देशमा मालवस्तु पैठारी गर्ने सम्बन्धी कानुनमा परिणात्मक वन्देज रहे/नरेको एकिन गर्नु जस्ता चुनौतीहरु भन्सार प्रशासनमा रहेका छन् ।

### सम्भावना

निर्यात प्रर्वद्धन गर्न प्राथमिकतामा परेका उद्योगहरुलाई नगद अनुदानको व्यवस्था गरिएको, जलविद्युत उत्पादन वृद्धि भई निर्यात गर्न सुरु भएको, प्रशारण लाइन निर्माण कार्य अगाडि बढेको, सिमेन्टको निर्यात बढ्न थालेको, अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार जाँचपासमा एकद्वार प्रणालीको विकास हुँदै जानु, भन्सारमा स्वचालित प्रणाली लागु भएका कार्यालयहरुमा विद्युत्तीय भुक्तानीसँग आवद्ध गरिएको, विप्रेषण आप्रवाहमा औपचारिक माध्यमको प्रयोग बढ्दै गएको, विप्रेषण खातालाई थप व्याजको व्यवस्था गरिएको, गैरआवासीय नेपालीलाई बैंकमा सहजरुपमा खाता खोल्न सकिने व्यवस्था गरिएको, वैदेशिक लगानीमा एकद्वार प्रणाली लागु गरिएको, रोजगारी सृजना र उद्यमशीलता विकास गर्न नेपाल सरकारको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रम सञ्चालन भैरहेको, विलासिताको वस्तु आयातमा नगद मार्जिनको व्यवस्थाले आयात निरुत्साहित भएको आदिले व्यापार घाटामा कमी आउने तथा वाह्य क्षेत्रको चाप कम हुने सम्भावना रहेको छ ।

## परिच्छेद ८

# संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवं कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति विवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरुको विश्लेषण गरिएको छ ।

## ८.१ संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति

आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारले कुल रु.१७ खर्ब ९३ अर्ब ८२ करोड बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामार्फत् संशोधन गरी कुल रु.१५ खर्ब ४९ अर्ब ९९ करोड बनाइएको थियो - तालिका ८.१) । उक्त बजेटमध्ये आर्थिक वर्ष २०७९/८० को अन्तसम्ममा रु.१४ खर्ब २१ अर्ब ३३ करोड खर्च भएको छ । उक्त रकम संशोधित अनुमानको ९१.७ प्रतिशत हो ।

**तालिका ८.१ : आर्थिक वर्ष २०७९/८० को संघीय बजेटको वार्षिक प्रगति विवरण**

| शिर्षक | बजेट रकम (रु.अर्बमा) | यथार्थ खर्च (रु.अर्बमा) | संशोधित अनुमान (रु.अर्बमा) | यथार्थ खर्च संरचना (प्रतिशत) |
|---|---|---|---|---|
| चालु खर्च | ११८३.२३ | ९९१.५१ | १०२१.९२ | ६९.७४ |
| पूँजीगत खर्च | ३८०.३८ | २३४.६२ | ३१३.८५ | १६.५० |
| वित्तीय व्यवस्था | २३०.२१ | १९५.१९ | २१४.२१ | १३.७६ |
| **जम्मा** | **१७९३.८२** | **१४२१.३३** | **१५४९.९९** | **१००** |

*स्रोत : अर्थ मन्त्रालय २०८०, महालेखा नियन्त्रक कार्यालय २०८०*

आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेट विनियोजनका लागि स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा देहायका शिर्षकअन्तर्गत रहने गरी कुल स्रोत विनियोजन गरिएको थियो (तालिका ८.२) ।

**तालिका ८.२ : आर्थिक वर्ष २०७९/८० को प्रादेशिक बजेटको स्रोत विवरण**

| विवरण | रकम (रु.अर्बमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी प्रदेश | मदेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
| **कुल स्रोत** | **३९.७४** | **४६.८८** | **७०.९४** | **३५.९१** | **४२.६४** | **३२.६२** | **३६.७५** |
| आन्तरिक राजस्व | ४.९८ | ४.१९ | २६.९७ | ५.०९ | ३.११ | ०.७१ | २ |
| राजस्व बाँडफाँड | ११.८८ | ११.६२ | ६.२२ | ९.२४ | १५.३५ | ९.०२ | ९.६१ |
| रोयल्टी बाँडफाँड | ० | ० | ० | ०.३३ | ०.७ | ० | ०.०५ |
| वित्तीय समानीकरण अनुदान | ९.०१ | ७.८२ | | ७.९३ | ८.५४ | १०.७३ | ९.०१ |
| सशर्त अनुदान | ८.७ | १०.०७ | २१.०७ | ६.९२ | ८.७१ | ५.७ | ६.९९ |
| समपुरक अनुदान | ०.९२ | ०.७८ | | ०.८४ | ०.७४ | १.२२ | ०.७७ |
| विशेष अनुदान | ०.४८ | ०.४९ | | ०.८६ | ०.४८ | ०.६७ | ०.८ |
| नगद मौजदात | ३.५२ | ९.६६ | १६.६८ | २.७१ | ४ | ४.५५ | ७.५३ |
| आन्तरिक ऋण | ० | १.८२ | ० | १ | १ | ० | ० |
| नेपाल सरकारबाट ऋण | ० | ० | ० | १ | ० | ० | ० |
| वैदेशिक अनुदान | ०.२६ | ०.०४ | ० | ० | ० | ०.०२ | ० |

*स्रोत: आ.व. २०७९/८० प्रदेशगत बजेट वक्तव्य ।*

आर्थिक वर्ष २०७९/८० मा कुल प्रादेशिक बजेट रु.३ खर्ब ५ अर्ब विनियोजन भएकोमा ६७.६१ प्रतिशत (रु.२ खर्ब ६ अर्ब) खर्च भएको छ (तालिका ८.३)। जसमध्ये चालु खर्च ६५.८८ प्रतिशत र पूँजीगत खर्च ६८.३७ प्रतिशत खर्च भएको देखिन्छ ।


**तालिका ८.३ : आर्थिक वर्ष २०७९/८० को प्रदेशगत बजेटको वार्षिक प्रगति विवरण**

| आ.ब. २०७९/८० को प्रादेशिक वजेट | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | बजेट रकम (रु.अर्बमा) | | | खर्च रकम (रु.अर्बमा) | | | खर्च (प्रतिशत) | | |
| | कुल | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत |
| कोशी | ३९.७४ | १५.९७ | २३.७७ | ३०.७५ | १२.६५ | १८.१ | ७७.३८ | ७९.२१ | ७६.१५ |
| मधेश | ४६.८८ | २१.०७ | २५.८२ | २६.९३ | १०.७२ | १६.२१ | ५७.४४ | ४९.२४ | ६२.७८ |
| बागमती | ७०.९४ | २७.०७ | ४१.८५ | ४७.०१ | १८.१३ | २८.२८ | ६६.२७ | ६६.९७ | ६७.५७ |
| गण्डकी | ३५.९१ | १३.२६ | २२.१४ | २३.६१ | ८.३५ | १५.२६ | ६५.७६ | ६३ | ६८.९३ |
| लुम्बिनी | ४२.६४ | १८.१६ | २४.४८ | ३०.३३ | १२.५९ | १७.७४ | ७१.१२ | ६९.३३ | ७२.४७ |
| कर्णाली | ३२.६२ | १३.१९ | १९.४३ | २३.८३ | ९.५ | १२.७८ | ७३.०५ | ७२.०२ | ६५.७५ |
| सुदुर पश्चिम | ३६.७५ | १२.३ | २४.१४ | २४.०६ | ८.२५ | १५.८१ | ६५.४७ | ६७.०७ | ६५.४९ |
| **जम्मा** | **३०५.४८** | **१२१.७२** | **१८१.६३** | **२०६.५२** | **८०.१९** | **१२४.२** | **६७.६१** | **६५.८८** | **६८.३७** |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालयहरु, महालेखा नियन्त्रक कार्यालय, २०८०*

आर्थिक वर्ष २०७९/८० मा सबैभन्दा बढी बागमती प्रदेशमा रु.७० अर्ब ९४ करोड बजेट विनियोजन भएको थियो भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.३२ अर्ब ६२ करोड बजेट विनियोजन भएको थियो (चार्ट ८.१)। खर्चतर्फ कोशी प्रदेशमा सबैभन्दा बढी कुल विनियोजनको ७७.४ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम कुल विनियोजनको ५७.४४ प्रतिशत खर्च भएको छ ।

**चार्ट ८.१ : आर्थिक वर्ष २०७९/८० को संघीय बजेटको वार्षिक प्रगति विवरण**




*स्रोत: अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय एवं आर्थिक मामिला तथा योजना मन्त्रालयहरु*

## ८.२ आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेट र कार्यक्रमहरुको संक्षिप्त विवरण


नेपालको संविधान, २०७२ का अनुसार नेपाल संघीय संरचनामा गएको छ। संविधानको धारा-५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनामा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरी संघीयतालाई राज्य सञ्चालनको मूल आधार मानेको छ। जसअनुसार संघ, ७ वटा प्रदेशहरु र ७५३ वटा स्थानीय तहहरु रहेका छन्। संविधानको धारा-११९ बमोजिम संघीय सरकारको अर्थमन्त्रीले हरेक आर्थिक वर्षको जेठ १५ गते संघीय संसदमा बजेट पेश गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८०/८१ को लागि संघीय सरकारले २०८० जेठ १५ गते रु.१७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट प्रस्तुत गरेको थियो। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-७ को दफा-२१ अनुसार *"प्रदेशको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्नेछ "* भन्ने व्यवस्था रहेको छ। सोही ऐनमा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। सातवटै प्रदेशहरुले आर्थिक वर्ष २०८०/८१ को लागि कुलमा रु.२ खर्ब ७९ अर्ब ६२ करोडको बजेट प्रस्तुत गरेका छन् (तालिका ८.४)।

**तालिका ८.४ : आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेट विवरण**

| प्रदेशको नाम | बजेट (रु.अर्ब) | कुलमा प्रतिशत |
|---|---|---|
| कोशी प्रदेश | ३६.२४ | १२.९६ |
| मधेश प्रदेश | ४४.११ | १५.७७ |
| बागमती | ६२.७१ | २२.४३ |
| गण्डकी | ३३.४३ | ११.९६ |
| लुम्बिनी | ४०.४८ | १४.४८ |
| कर्णाली | ३३.३८ | ११.९४ |
| सुदूरपश्चिम | २९.२७ | १०.४७ |
| **कुल** | **२७९.६२** | **१००** |

*स्रोत : प्रदेशगत बजेट वक्तव्य।*

**चार्ट ८.२ : प्रदेशको एकिकृत बजेटको वार्षिक प्रवृति (रु.अर्बमा)**




*स्रोत : प्रदेशगत बजेट वक्तव्य।*


अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था बमोजिम प्रदेश सरकारहरुले आर्थिक वर्ष २०७५/७६ देखि राजस्व र व्ययको अनुमान प्रदेश सभामा प्रस्तुत गर्दै आइरहेका छन् । आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारहरुले प्रस्तुत गरेको बजेटको विवरण तालिका ८.५ मा दिइएको छ ।

**तालिका ८.५ : आर्थिक वर्ष २०८०/८१ को प्रदेशगत बजेटको संक्षिप्त विवरण**

| प्रदेश | कुल बजेट | रकम (रु.अर्ब) | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०८०/८१ | चालु | पुंजीगत | वित्तीय व्यवस्था | अन्तर सरकारी हस्तान्तरण | चालु | पँजीगत | वित्तीय व्यवस्था | अन्तर सरकारी हस्तान्तरण |
| कोशी प्रदेश | ३६.२४ | १४.२ | १८.२ | ० | ३.८ | ३९.२ | ५०.३ | ० | १०.५ |
| मधेश प्रदेश | ४४.११ | १४.४ | २५.७ | ० | ४.०४ | ३२.६ | ५८.३ | ० | ९.२ |
| बागमती | ६२.७१ | १९.१ | ३५.५ | ०.५ | ७.५७ | ३०.५ | ५६.६ | ०.८ | १२.१ |
| गण्डकी | ३३.४३ | १०.६ | २०.२ | ०.५ | २.११ | ३१.८ | ६०.४ | १.५ | ६.३ |
| लुम्बिनी | ४०.४८ | १३.६ | २३.३ | ० | ३.५९ | ३३.७ | ५७.५ | ० | ८.९ |
| कर्णाली | ३३.३८ | ९ | १९.६ | ० | ४.८ | २७ | ५८.७ | ० | १४.४ |
| सुदूर पश्चिम | २९.२७ | ९.६ | १७ | ०.३ | २.३५ | ३२.८ | ५८.२ | १ | ८ |
| **कुल** | **२७९.६** | **९०.६** | **१५९.५** | **१.३१** | **२८.३** | **३२.४** | **५७** | **०.५** | **१०.१** |

*स्रोत : प्रदेशगत बजेट वक्तव्य ।*

**चार्ट ८.३ : प्रदेशगत कुल बजेटमा खर्चको प्रवृति**




*स्रोत: आ.व. २०७९/८० प्रदेशगत बजेट*

प्रदेश सरकारहरुले आर्थिक वर्ष २०८०/८१ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विनियोजन गरेको कुल रु.२ खर्ब ७९ अर्ब ६२ करोड मध्ये चालुतर्फ रु.९० अर्ब ५७ करोड (३२.४ प्रतिशत), पूँजीगततर्फ रु.१ खर्ब ५९ अर्ब ५ करोड (५७ प्रतिशत), वित्तीय व्यवस्थातर्फ रु.१ अर्ब ३१ करोड (०.५ प्रतिशत), र वित्तीय हस्तान्तरण तर्फ रु.२८ अर्ब ३ करोड (१०.१ प्रतिशत) विनियोजन गरेका छन् ।

**आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारहरुले बजेटमा प्रस्ताव गरेका मुख्य-मुख्य नीति तथा कार्यक्रमहरुको विवरण तपसिल बमोजिम रहेका छन् ।**

| | |
|---|---|
| **कोशी प्रदेश** | • प्रदेशमा कृषि सूचना प्रविधि लगायत प्रदेश औद्योगिक व्यवसाय ऐनले प्राथमिकतामा राखेका उद्योगहरुमा स्टार्टअप उद्यम प्रवर्द्धनका लागि स्टार्टअप उद्यम सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने ।<br>• घरेलु तथा साना उद्योग कार्यालयलाई प्रविधिमैत्री बनाई उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी अनलाईन सेवा उपलब्ध गराउन उद्योग तथा वाणिज्य प्रशासन प्रणाली सबै घरेलु तथा साना उद्योग कार्यालयबाट कार्यान्वयनमा ल्याउन व्यवस्था गर्ने ।<br>• उपयुक्त भौतिक पूर्वाधार सहित “कोशी औद्योगिक क्षेत्र” स्थापनाको लागि अध्ययन गर्न आवश्यक बजेट व्यवस्था गरिने र निजी क्षेत्रको समन्वयमा औद्योगिक वस्तुको प्रवर्द्धन एवम् प्रर्दशन र राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको सभा सम्मेलन आयोजनाका लागि औद्योगिक प्रदर्शनी स्थल निर्माणको सम्भाव्यता अध्ययन गर्ने ।<br>• पूर्वाधार निर्माण तथा अन्य क्षेत्रमा संलग्न हुने प्राविधिक जनशक्तिलाई समयानुकुल दक्षता अभिवृद्धिका लागि ईन्जिनियरिङ्ग प्रशिक्षण केन्द्रको स्थापना गर्ने ।<br>• “उन्नत बीउको आपूर्ति, कृषि उत्पादनको वृद्धि” भन्ने नाराका साथ खाद्यान्नको उत्पादकत्व सुधारका लागि उन्नत बीउको आपुर्ति सुनिश्चित गर्न गुणस्तरीय बीउ उत्पादन तथा प्रशोधन पूर्वाधार र बीउ उत्पादकहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने । |
| **मधेश प्रदेश** | • मधेश प्रदेशमा आर्थिक समृद्धिका लागि प्रचुर रोजगारका अवसरहरु सिर्जना गर्न लगानी मैत्री वातावरण बनाई मधेश प्रदेशलाई लगानीको हव बनाउन उद्योग, व्यापार तथा सेवा व्यवसायलाई विकास एवम् विस्तार गर्ने उद्देश्यल मंसिरमा बृहत लगानी सम्मेलन आयोजना गर्ने ।<br>• धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्वका पूर्वाधारको जिर्णोद्धार, विकास र प्रवर्द्धन गर्न दीर्घकालिन प्रभाव र परिणाम दिने ठूला लगानीका “एक जिल्ला एक नवीनतम पर्यटकीय गन्तव्य” को कार्यनीति लिई प्रदेशको गुरुयोजना तर्जुमा गरी वार्षिक तथा बहुवर्षिय कार्यक्रमलाई निरन्तरता दिने<br>• “हरेक खेतमा पानी किसानको आम्दानी” अभियानलाई सकार पार्न कृषि विद्युतीकरणलाई प्रदेश गौरवको परियोजनाको रुपमा विकास गर्दै कृषि विद्युतीकरणलाई बिस्तार, निःशुल्क कृषि मिटर, सिंचाई प्रयोजनका लागि लाग्ने विद्युत महसुलमा अनुदान समेतको व्यवस्था गर्ने । |
| **बागमती प्रदेश** | • कृषि तथा पशुपालन सम्बन्धी ज्ञान र सीप प्रसार गर्न खाद्यान्न, नगदेबाली, फलफूल, माछा, मासु, अण्डा, दूध, च्याउ, मह जस्ता कृषि उपजहरूको उत्पादन कार्यमा संलग्न अगुवा कृषक व्यवसायी/समूह/सहकारीलाई सिकाई केन्द्रको रूपमा विकास गर्न एग्रि ईपिसेन्टरको अवधारणा कार्यन्वयन गर्ने ।<br>• देश भित्र दूध उत्पादन वृद्धि गर्न कम्तिमा १० वटा दूधजोन घोषणा गर्ने ।<br>• सहकारी क्षेत्रलाई प्रदेश भित्र वित्तीय स्रोत परिचालन र उद्यमशीलता विकासको आधारको रूपमा विकास गर्ने ।<br>• बागमती प्रदेशको धार्मिक, साँस्कृतिक पर्यापर्यटन तथा ग्रामीण पर्यटनको प्रवर्द्धन एवं विकासका लागि सन् २०२४ लाई बागमती प्रदेश भ्रमण वर्षको रूपमा मनाइने । विकास र पहिचान हुन बाँकी प्रदेश भित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय क्षेत्रहरूलाई प्रदेशस्तरीय प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्दै लाने । |

| | |
|---|---|
| | • प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम परिषद् गठन गरी प्रदेशस्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई एकीकृत रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने ।<br>• विद्यालय शिक्षादेखि नै विद्यार्थीहरूलाई जीवनउपयोगी तथा व्यवहारिक ज्ञान र सीप सिकाउन सामुदायिक विद्यालयमा **सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम** विस्तार गर्ने । |
| **गण्डकी प्रदेश** | • कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न र उन्नत बीउ विजनमा कृषकको पहुँच अभिवृद्धि गर्न स्रोत केन्द्र स्थापना गर्ने । कृषि उपजको उत्पादन पश्चात् हुने क्षति न्यूनीकरण गर्न तथा बजारीकरण प्रवर्द्धन गर्न शीत भण्डारण स्थापनामा प्रोत्साहन हुने कार्यक्रम सञ्चालन गर्ने ।<br>• कृषि पेशालाई प्रोत्साहन गर्न तथा कृषि उत्पादनको प्रतिफल सुनिश्चितता गर्न कृषि बाली बीमा कार्यक्रम प्रभावकारी बनाउन नेपाल सरकारले उपलब्ध गराएको सहुलियतमा थप सहुलियत प्रदान गरी निःशुल्क बाली बीमा कार्यक्रम सञ्चालन गर्ने ।<br>• पर्यटकहरुको संख्या र बसाई अवधि वृद्धि गर्न “एक प्रदेश निर्वाचन क्षेत्रः एक नमूना घरबास (होमस्टे)” कार्यक्रमका लागि पूर्वाधार निर्माण गर्न र हस्तकला काष्ठकला, मूर्तिकला लगायत स्थानीय उत्पादनको बिक्री वितरण गर्न “कोसेली घर” स्थापना गर्ने ।<br>• स्थानीय रुपमा उत्पादन हुँदै आइरहेको घरेलु मदिराको उत्पादनलाई व्यवस्थित गर्न कानूनी व्यवस्था गरी आधुनिक प्रविधिको प्रयोगमार्फत गुणस्तर वृद्धि र ब्राण्डिङ गर्ने व्यवस्था मिलाउने ।<br>• नदी प्रणालीमा आधारित एकीकृत विकासको अभ्यासलाई नेपाल सरकार समेतको लगानीमा अगाडि बढाईने ।<br>• बुढीगण्डकी करिडोर, मर्स्याङ्दी करिडोर त्रिशुली करिडोर र शालिग्राम करिडोरको विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा लगिने । प्रदेश गौरवको आयोजनाको रुपमा रहेको शालिग्राम करिडोरको बाँकी खण्डको स्तरोन्नति र रणनीतिक महत्वको सडक बुद्धसिंह मार्ग निर्माण कार्यलाई तीव्रताकासाथ अगाडि बढाउने ।<br>• देश नीति तथा योजना आयोगमा आयोजना बैङ्क स्थापना गरी सम्भाव्यता अध्ययन भएका कार्यान्वयन योग्य, पर्याप्त रोजगारी सिर्जना गर्ने र नागरिकको जीवनस्तरमा सुधार ल्याउने, रणनीतिक महत्व एवम् रुपान्तरणकारी आयोजना सूचिकृत गरिने र त्यस्ता आयोजनालाई प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयनमा लग्ने । |
| **लुम्बिनी प्रदेश** | • रोल्पाको जिनावाङ्गका किसानले अवलम्बन गरेका बृहत तथा व्यावसायिक उत्पादन प्रणालीलाई सो सरहका मौसम भएका क्षेत्रमा अनुसरण तथा विस्तार गर्दै लगिने ।<br>• व्यावसायिक रूपमा सफल उत्पादन र बजार प्रणालीलाई पहिचान गरी कृषकबाट कृषकसम्म प्रविधि तथा कार्यक्रम विस्तार गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको ।<br>• आखाँको नानीको समस्याका कारण दृष्टिको ज्योति गुमाएकालाई प्रदेशका आखाँ अस्पतालबाट नानी प्रत्यारोपण सेवा निःशुल्क प्रदान गर्ने ।<br>• पुँजीको अभाव हुन नदिन लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास कोषबाट व्याज अनुदान दिने व्यवस्था र विपद्जन्य घटनाबाट क्षति पुगेका उद्योगलाईराहत प्रदान गर्नको लागि उद्यम प्रवर्द्धन कोषबाट रकम उपलब्ध गराउने व्यवस्था मिलाइएको ।<br>• आदिवासी जनजाती समुदायबाट परम्परागत सीपका आधारमा उत्पादित महुवा, अनदी, कोदो, मकै, जामुन, टिमुर, कुरिलो आदिको पेय पदार्थ र मदिरा उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गरी ब्राण्डिङ्ग गर्न कानूनी व्यवस्थाका लागि आवश्यक बजेट व्यवस्था गर्दै विभिन्न स्तरका औद्योगिक प्रवर्द्धन कार्यक्रम गरिने । यस क्षेत्रमा करिब ७५ हजार जनालाई रोजगारी वा स्वरोजगारीमा आवद्ध गर्न सक्ने प्रक्षेपण गरिएको ।<br>• सुरुवाती व्यवसाय (स्टार्ट-अप) लगायतका सिर्जनशील व्यवसायीलाई लगानीमैत्री वातावरण बनाई विविध चरणका शुरूवाती पुँजी र स्वदेशी एवं विदेशी भेञ्चर पुँजी लगानीकर्तालाई |

| | |
|---|---|
| | आकर्षित गर्न आवश्यक व्यवस्था गरिने ।<br>● उद्यमी बन्न चाहने युवा लक्षित उद्यमशील कार्यक्रम र बिजनेश इन्कुभेशन केन्द्रका लागि आवश्यक बजेट विनियोजन गरिएको । |
| **कर्णाली प्रदेश** | ● कर्णाली प्रदेशको मुख्य समस्याको रूपमा रहेको गरिबी अन्त्यका लागि वार्षिक न्यूनतम १० हजार रोजगारी सिर्जना गर्न शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगार : त्यसका लागि सुशासन र पूर्वाधार भन्ने अभियानका साथ कर्णाली समृद्धि अभियानलाई परियोजनाको रूपमा सञ्चालन गर्ने ।<br>● कर्णाली सार्वजनिक शिक्षा सुधार अन्तर्गत सामुदायिक विद्यालयको प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, इ-लर्निङ्ग, शिक्षण सिकाई केन्द्र तथा विद्यालय व्यवस्थापन प्रणाली स्थापना गरी दक्ष, सिपयुक्त र नैतिकवान् जनशक्ति उत्पादन गर्न एक जिल्ला एक नमूना विद्यालय निर्माण गर्ने ।<br>● उद्योग क्षेत्रको योगदान मार्फत प्रादेशिक अर्थतन्त्रलाई मजबुत बनाउन सरकारी र निजी क्षेत्रको साझेदारीमा जडिबुटी लगायत वन पैदावारमा आधारित उद्योग स्थापना र सञ्चालन गर्ने ।<br>● स्थानीय कच्चा पदार्थमा आधारित र नवप्रवर्तनकारी उद्यमीलाई प्रवर्द्धन गर्न ग्रीन बिजनेस स्टार्टअप फण्ड को व्यवस्था मिलाउने ।<br>● कर्णाली प्रदेशको जटिल र कमजोर भौगर्भिक संरचना तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने विपद्लाई मध्यनजर गर्दै छरिएर रहेका हिमाली क्षेत्र, दुर्गम क्षेत्र र नेपाल सरकारबाट सङ्कटग्रस्त घोषणा भएका चार जिल्लाहरू कालिकोट, मुगु, जुम्ला र हुम्लाका असुरक्षित तथा जोखिमयुक्त बस्तीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न एकीकृत बस्ती विकास कार्यक्रम शुरु गर्ने । |
| **सुदुरपश्चिम प्रदेश** | ● कृषि अनुदानको समुचित उपयोग गर्न व्यावसायिक कृषि गर्ने कृषकहरूलाई शून्य व्याजमा ऋणको व्यवस्था गर्ने । प्रदेश कृषि प्रवर्द्धन कोषको स्थापना गरी शून्य व्याजदरमा कृषि व्यवसाय कर्जा उपलब्ध गराइने ।<br>● कृषि उद्यमशीलता विकास गरी कृषि व्यवसायलाई औद्योगिक मूल्य श्रृंखलासँग आबद्ध गर्ने । कृषि उद्योग स्थापना तथा विस्तार, कृषि उपकरण तथा प्रविधि हस्तान्तरण, कृषि तथा पशुपन्छीजन्य वस्तु तथा सेवाको प्रशोधन, भण्डारण एवम् ढुवानी सम्बन्धी पूर्वाधार निर्माणमा निजी क्षेत्रको साझेदारी र सहभागितामा जोड दिने ।<br>● स्वच्छ तथा स्वस्थकर मासुका लागि मिट मार्ट र दूधको बजारीकरणका लागि दुध संकलन केन्द्र, चिस्यान केन्द्र र प्रशोधन उद्योग स्थापना गर्ने ।<br>● जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको प्रशोधन, व्यवसायीकरण र निर्यात प्रवर्द्धनमा टेवा पुग्ने गरी नर्सरी स्थापना, वृक्षारोपण र जडीबुटी खेती विस्तार कार्यक्रम सञ्चालन गरिने ।<br>● स्थानीय कच्चा पदार्थ र स्रोतको प्रयोग हुने गरी एक जिल्ला एक उद्योग कार्यक्रम सञ्चालन गरिने ।<br>● युवा उद्यमशिलता विकास गर्न र नवप्रवर्तनलाई प्रवर्द्धन गर्न स्टार्टअप उद्यम कर्जाको लागि रु. १ करोड विनियोजन गरिने । यस कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका दुई सय जना युवालाई स्वरोजगार विकास कोषमार्फत कर्जा उपलब्ध गराउने व्यबस्था गरिने ।<br>● युवाहरूमा नयाँ अवधारणाको विकास, सूचना र प्रविधि तथा उद्यम र व्यबसायमा आकर्षण र परिचालनको लागि स्टार्ट अप फण्ड, इन्नोभेसन स्टुडियो, स्मार्ट एग्रिकल्चर सञ्चालन गरिने।<br>● सार्वजनिक निजी क्षेत्र साझेदारीको अवधारणा अन्तर्गत गोदावरी अत्तरिया-धनगढी चौराहा सडक खण्डमा मोनोरेल सेवाको सम्भाव्यता अध्ययन गर्ने ।<br>● विशेषज्ञ तथा विशिष्टिकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच वृद्धि गर्न टेलिमेडिसिन लगायत इ-हेल्थ र विस्तारित स्वास्थ्य सेवाको विकास र विस्तार गर्ने । |

## ८.३ नेपालको सार्वजनिक ऋणको अवस्था

नेपाल सरकार अर्थ मन्त्रालय, सार्वजनिक ऋण कार्यालयको विवरण अनुसार नेपाल सरकारको ऋणको हिस्सा विगतका वर्षहरुको तुलनामा पछिल्लो वर्षहरुमा बढिरहेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा सार्वजनिक ऋण रु.१७ खर्ब ३५ अर्ब १ करोड रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यस्तो ऋण रु.२२ खर्ब ९९ अर्ब ४ करोड कुल पुगेको छ। जसमध्ये रु.११ खर्ब २९ अर्ब १० करोड आन्तरिक ऋण र रु. ११ खर्ब ७० अर्ब ३ करोड वाहृय ऋण रहेको छ। आर्थिक वर्ष २०८०/८१ को मसिंर महिनासम्ममा रु.२३ खर्ब ७१ अर्ब ३ करोड कुल सार्वजनिक ऋण वक्यौता रहेको छ।

**तालिका ८.६ : नेपालको सार्वजनिक ऋणको अवस्था**


रु.अर्ब

| आर्थिक वर्ष | आन्तरिक ऋण | बाहृय ऋण | कुल ऋण |
|---|---|---|---|
| २०७७/७८ | ८००.३२ | ९३४.६९ | १७३५.०१ |
| २०७८/७९ | ९८४.२९ | १०२५.८४ | २०१०.१३ |
| २०७९/८० | ११२९.१० | ११७०.३ | २२९९.४ |
| २०८०/८१* | ११९७.५७ | ११७३.७ | २३७१.३ |

**२०८० मसिंरसम्मको विवरणमा आधारित*

*स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

**चार्ट ८.४ : नेपालको सार्वजनिक ऋण (रु अर्बमा)**




*स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

## ८.४ अन्य कार्यक्रमको कार्यान्वयन

### प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

राष्ट्रिय प्राथमिकता, आवश्यकता र स्थानीय सम्भाब्यताका आधारमा तोकिएको बाली र वस्तुमा तोकिएको न्युनतम क्षेत्र र संख्यामा कृषि उत्पादनलाई प्रोत्साहन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट कार्यक्रम सञ्चालनमा रहेका छन्। न्यूनतम १००० हेक्टरमा

सञ्चालन भएको वृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्रका रुपमा सुपरजोन र न्यूनतम ५०० हेक्टरमा सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु सञ्चालन गरिएको छ। जिल्ला स्तरमा कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र प्राथमिक उत्पादन इकाईका रुपमा पकेटहरु रहेका छन्। मौरी, च्याउ, हाइटेक ग्रीनहाउस, प्लाष्टिक हाउस र तोकिएको संख्या तथा क्षेत्रफलमा सञ्चालन गरिएको माछापोखरीलाई प्राथमिकतामा राखी न्यूनतम १०० हेक्टरमा सञ्चालित व्यावसायिक कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र साना व्यावसायिक कृषि उत्पादन केन्द्रको रुपमा पकेट सञ्चालन गरिएको छ।


**तालिका ८.७ : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लक्ष्य तथा कार्यान्वयन अवस्था**

| विवरण | लक्ष्य | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|
| पकेट | १५,००० | २,०२३ | २,७७६ | ४,३७२ | ६,७४२ | ३२८३ | ८७१० |
| ब्लक | १,५०० | १४६ | ३३६ | ६०६ | १,२२७ | ९९९ | १५८७ |
| जोन | ३०० | ४२ | ७५ | १०६ | १०६ | १७७ | १७७ |
| सुपरजोन | २१ | १० | १४ | १६ | १६ | १६ | १६ |

*स्रोतः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, २०८०*

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तर्गत ५८ कार्यान्वयन इकाईमार्फत् ७७ जिल्लामा १७७ जोन र १६ सुपर जोन सञ्चालनमा रहेका छन्। आर्थिक वर्ष २०७७/७८ सम्म १०६ जोन सञ्चालनमा रहेकोमा आर्थिक वर्ष २०७९/८० मा १७७ जोन रहेका छन् (तालिका ८.५)। यसैगरी आर्थिक वर्ष २०७९/८० सम्ममा यस कार्यक्रमअन्तर्गत ८ हजार ७ सय १० पकेट र १ हजार ५ सय ८७ ब्लक सञ्चालनमा रहेका छन्।

**चार्ट ८.५ : २०८० असार मसान्तसम्मको जोन तथा सुपरजोनको प्रादेशिक विवरण**




*स्रोतः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, २०८०*

आर्थिक वर्ष २०७९/८० मा रहेका १७७ जोनमध्ये कोशी प्रदेशमा ३७, मधेश प्रदेशमा १९, बागमती प्रदेशमा २९, गण्डकी प्रदेशमा २६, लुम्बिनी प्रदेशमा २७, कर्णाली प्रदेशमा २३, र सुदूरपश्चिम प्रदेशमा १६ वटा रहेका छन्। आर्थिक वर्ष २०७९/८० सम्म रहेका १६ सुपरजोनमध्ये कोशी प्रदेशमा १, मधेश प्रदेशमा २, बागमती प्रदेशमा २, गण्डकी प्रदेशमा २, लुम्बिनी प्रदेशमा ५, कर्णाली प्रदेशमा १, र सुदूरपश्चिम प्रदेशमा ३

वटा रहेका छन् । आर्थिक वर्ष २०७९/८० सम्ममा स्थापना भएका १६ सुपरजोनमध्ये ४ धान, १ मकै, १ गहुँ, १ तरकारी, २ आलु, ३ माछा, १ स्याउ, १ कफी, १ सुन्तला, र १ जुनारसँग सम्बन्धित रहेका छन् ।

आर्थिक वर्ष २०७९/८० मा परियोजनाको वार्षिक अवधिको एकमुष्ठ भारित प्रगति ९२.६२ प्रतिशत र वित्तीय प्रगति ८६.११ प्रतिशत रहेको छ । २०७९/८० सम्ममा सबैभन्दा बढी वित्तीय प्रगति गर्ने कोशी प्रदेशको प्रगति ९१.१५ प्रतिशत र कम वित्तीय प्रगति गर्ने लुम्बिनी प्रदेशको प्रगति ८१.८४ प्रतिशत रहेको छ ।

## परिच्छेद ९
# आर्थिक परिदृष्य

## ९.१ मूल्य स्थिति

विश्वव्यापी रुपमा भएको इन्धन तथा खाद्य वस्तुको मूल्यमा आएको गिरावट, विकसित तथा उदायमान मुलुकहरुका केन्द्रीय बैंकले अवलम्वन गरेको कसिलो मौद्रिक नीतिका कारण विश्व अर्थतन्त्रको मुद्रस्फीती घटने क्रममा रहेको, तथा छिमेकी देश भारतमा समेत मुद्रास्फिति कम हुँदै गएका कारण आर्थिक वर्ष २०७९/८० का पछिल्ला महिनाहरुमा मुद्रास्फीतिमा केही सुधार हुन गयो । यद्यपि, आर्थिक वर्ष २०७९/८० को शुरुवाती महिनाहरुमा उच्च मुद्रास्फीति रहेको कारण वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७.७४ प्रतिशत रहयो । तर पछिल्लो समयमा रुस-युक्रेन युद्धका कारण आपूर्ति प्रणाली थप प्रवाहित हुने जोखिम बढेको छ ।

रुस युक्रेन युद्धको असर क्रमशः कम हुँदै जानु, पेट्रोलियम पदार्थ तथा खाद्यान्नको मूल्य तथा ढुवानी खर्च क्रमशः घट्दै जानु, तथा आपूर्ति प्रणालीमा सहजता आउने सम्भावना रहनु जस्ता कारणहरुले गर्दा चालु आर्थिक वर्ष २०८०/८१ को शुरुवाती महिनाहरुमा मुद्रास्फितिमा सुधार आउने देखिन्छ ।

यद्यपी विस्तारै कच्चा पेट्रोलियम पदार्थको मूल्यवृद्धिमा कमी हुँदै जाने, विगतमा अधिकांश केन्द्रीय बैंकहरुले लिएको कसिलो नीतिहरुका कारण विश्वव्यापी समष्टिगत माग गत वर्षको तुलनामा कम हुँदै जाने तथा छिमेकी देश भारतमा समेत मुद्रास्फिति कम हुँदै जाने आँकलनको आधारमा चालु आर्थिक वर्षका पछिल्ला महिनाहरुमा मुद्रास्फितिको दरमा कमी आउने अपेक्षा गर्न सकिन्छ । समग्रमा चालु आर्थिक वर्ष २०८०/८१ को अन्त सम्म वार्षिक औसत उपभोक्ता मुद्रास्फीति मौद्रिक नीतिले निर्धारण गरेको लक्ष्य बमोजिम ७.०० प्रतिशतकै हाराहारीमा रहने सम्भावना देखिन्छ ।

## ९.२ कृषि उत्पादन

आर्थिक वर्ष २०८०/८१ मा समयमै रोपाई भएको, मौसम अनुकुल भई समयमा वर्षा भएको, नेपाल सरकारले कृषिमा आयात न्यूनीकरण गर्दै कृषि उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याएको, प्रदेश सरकारहरुले कृषिलाई प्राथमिकतामा राखेको र सिँचाई, मल लगायतका कृषि पूर्वाधारको सहजता हुँदै गएकोले कृषि उत्पादन आगामी वर्ष केही वृद्धि हुने अपेक्षा गरिएको छ । कृषि क्षेत्रका सम्बन्धमा नेपाल सरकारले प्रदान गर्ने सहुलियतपूर्ण कर्जा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई कृषि अनुदान जस्ता सुविधाहरुले आगामी वर्षमा यस क्षेत्रमा वृद्धि हुने अनुमान गरिएको छ ।

यस वर्ष धानबाली लगाउने समयमा भएको मौसम अनुकुलको वर्षाका कारण समयमै सोको खेती लगाइएको, मल बीउ बिजन तथा प्रविधिमा गत वर्षको तुलनामा भएको सामान्य सुधारको कारणले गर्दा धान उत्पादन समीक्षा वर्षको तुलनामा आर्थिक वर्ष २०८०/८१ मा केही वृद्धि हुने अनुमान गरिएको छ । यसैगरी, २०८०/८१ को मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाहरुले कृषि क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने अनिवार्य व्यवस्थालाई कायमै राखिएको, विभिन्न जिल्लाहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक, पकेट, जोन एवं सुपरजोन विकास कार्यक्रम सञ्चालनमा आएको, उन्नत तथा हाईब्रिड जातको तरकारीको बीउ बिजनको प्रयोग बढ्दै गएको, आधुनिक प्रविधिको प्रयोग र सिँचाइ सुविधामा वृद्धि लगायतका कारणहरुले तरकारी उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।

## ९.३ औद्योगिक उत्पादन

बैंकिङ क्षेत्रमा देखिएको तरलतामा सुधार, घट्दो व्याजदर, अन्तर्राष्ट्रिय रुपमा भएको तेल तथा अन्य कच्चा पदार्थको मूल्यमा स्थिरता लगायतका कारण हाल उद्योग सञ्चालनमा केही सुधार आएको अवस्था छ ।

तथापि, उद्योगको उत्पादन क्षमता बढ्दै गरएको, विद्युत आपूर्ति बढ्दै गएको, सरकारले उत्पादनमूलक उद्योगका लागि लिएको नीतिगत व्यवस्था, विप्रेषण आप्रवाहमा आएको सुधारले नेपालीको खरिद क्षमतामा आएको वृद्धि, जुत्ता, सिमेन्ट लगायतका उत्पादन निर्यातमा नगद अनुदानका कारण बस्तुको प्रभावकारी माग कायमै रहने तथा वैदेशिक लगानी प्रतिवद्धता लगायतका कारणले उद्योग क्षेत्र क्रमशः सुधार हुँदै जाने अनुमानका आधारमा चालु आर्थिक वर्ष २०८०/८१ मा औद्योगिक उत्पादन वृद्धि हुन सक्ने देखिन्छ । तर, ठूलो संख्यामा नेपालीहरु रोजगारी र अध्ययनको लागि विदेश गएको हुनाले आन्तरिक माग धेरै बढ्न नसक्ने सम्भावना पनि देखिन्छ ।

## ९.४ सेवा क्षेत्र

कोभिड-१९ को महामारीपश्चात् आर्थिक गतिविधि वृद्धि हुँदै गएकोले पर्यटन आगमन दर बढेको, तरलता सहजका कारण होटल क्षेत्रमा लगानी वृद्धि हुँदै गएको, आन्तरिक पर्यटनमा सुधार आएको, आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि हुदै गएको, डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको, खुद्रा तथा थोक व्यापारमा विस्तार भएकोले आर्थिक वर्ष २०८०/८१ मा सेवा क्षेत्रमा पनि सुधारहरु आउने देखिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानको संख्या बढ्दै गएको र थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलहरु सञ्चालनको क्रममा रहेको सन्दर्भमा आन्तरिक तथा बाह्य पर्यटकहरुको संख्या बढ्दै जाने देखिएको छ ।

## ९.५ पूर्वाधार क्षेत्र

निजी तथा सरकारी क्षेत्रबाट निर्माणाधीन जलविद्युत आयोजना, विद्युत प्रसारण लाइन निर्माण, सुरुङ्गमार्ग निर्माण जस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरु तथा सुनकोशी मरिन, सिक्टा, बबई, भेरी बबई डाइभर्सन, रानी-जमरा कुलरिया तथा महाकाली लगायतका सिँचाइ आयोजनाहरुको निर्माण एवं विस्तारले तीव्रता पाउने अनुमान गरिएको छ ।

सिमेन्ट रड लगायतका निर्माण सामाग्री तथा मजदुरको आपूर्ति सहज हुँदै गएको, गौतम बुद्ध तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको/आउने क्रममा रहेको, प्रशारण लाइन तथा सडक मर्मत आयोजना सुरु भएको, सुरुङमार्ग लगायतका पूर्वाधारहरुको निर्माण कार्य अघि बढेको जस्ता कारणहरुले पूर्वाधार क्षेत्रको विस्तार हुने देखिन्छ । निर्माण भएका पूर्वाधारहरुको उत्पादनमा प्रयोग गर्न सकिएमा आर्थिक वृद्धि बढाउन सहयोग पुग्ने आंकलन गर्न सकिन्छ ।

## ९.६ वाह्य क्षेत्र

समग्र माग व्यवस्थापन तथा आयात निरुत्साहित गर्न नेपाल सरकार र नेपाल राष्ट्र बैंकवाट लिइएका नीतिगत व्यवस्थाका कारण आयातको वृद्धिमा केही कमी आएको छ । साथै, विप्रेषण आप्रवाह तथा पर्यटन आयमा भएको वृद्धिका कारण चालु खाता, शोधनान्तर स्थिति तथा विदेशी विनिमय सञ्चितिमा समेत सुधार हुँदै गएको छ भने वाह्य क्षेत्र स्थायित्वमा देखापरेको जोखिम क्रमशः कम हुँदै गएको छ । तथापि, आयात निरुत्साहित गर्न लिइएका नीतिहरु क्रमशः सहज बनाउँदै जाँदा आगामी दिनमा वाह्य क्षेत्रमा पुनः दबाब सिर्जना हुन सक्ने अवस्था विद्यमान नै छ । तसर्थ, मुलुकको आन्तरिक उत्पादन प्रणालीमा सुधार गर्दै सार्वजनिक खर्च व्यवस्थापनमा मितव्ययिता अपनाइएमा मात्र दीर्घकालिन रुपमा वाह्य क्षेत्रको सन्तुलन कायम हुने र विदेशी विनिमय सञ्चिति व्यवस्थापनमा सहजता आउन सक्ने देखिन्छ । तापानि, विप्रेषण आप्रवाह र आयातको पछिल्लो प्रवृतिलाई हेर्दा आगामी वर्ष बाह्य क्षेत्रमा खासै दवाव पर्ने देखिदैन ।

***